# परिच्छेद एक
# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्यतया भाषाका वर्ण, रूप, शब्द र वाक्य आदिमा अर्न्तनिहित व्यवस्थालाई व्याकरण भनिन्छ । कुनै पनि भाषाका शब्द, तिनका विभिन्न रूप, तिनको संरचना, वाक्यात्मक घटकहरू, तिनको पारस्परिक सम्बन्ध एवम् शब्द, वाक्य आदिको मान्यता अनुसार शुद्ध लेख्न र बोल्न सिकाउने विधालाई व्याकरण भनिन्छ । नेपाली बृहत् ज्ञानकोश (२०४०) ले व्याकरणलाई "कुनै भाषाका शब्दका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्धी नियम र उदाहरणको सङ्कलन गर्ने शास्त्र" भनेर अर्थ्याएको छ । जेहोस् भाषाको आन्तरिक संरचनामा भएका नियम र अपवादहरूको वस्तुपरक अध्ययन, व्याख्या र विश्लेषण एवम् सो अनुसारको भाषिक व्याकरणले शब्दहरूको व्युत्पत्ति, प्रयोग, शब्द निर्माण, वाक्यगठन आदि अर्थात् भाषाका रूपगत र वाक्यगत संरचनाको वर्णन र विश्लेषण समेत गर्दछ (शर्मा र पौडेल, २०६८ : २१७) ।

व्याकरणलाई विभिन्न अभिप्रायमा उपयोग गरिएको पाइन्छ । भाषा वैज्ञानिकहरूले व्याकरणलाई भाषा विज्ञानको एक अभिन्न र महत्वपूर्ण अङ्ग मान्दछन् । डा. हेमाङ्गराज अधिकारीले व्याकरण भनेको मातृभाषी मूल वक्ताको भाषामा पाइने अर्न्तनिहित संरचना भनेका छन् । अर्थात् उक्त किसिमको आन्तरिक संरचनालाई सुव्यवस्थित ढङ्गले वर्णन गरिएको सामग्री व्याकरण हो (अधिकारी, २०७२ : १५९) ।

परम्परागत मान्यता अनुसार शुद्ध लेख्न, पढ्न र बोल्न सिकाउने विधालाई व्याकरण भनिन्छ । विद्यालयीय तहदेखि नै विद्यार्थीलाई शुद्धसँग लेख्ने, पढ्ने र बोल्ने सीप विकासका लागि व्याकरणका विभिन्न विधाहरूलाई पाठ्यपुस्तकमा समावेश गरिएको छ । व्याकरणको शिक्षणबाट विद्यार्थीमा हुने भाषा प्रयोगका अशुद्धिलाई हटाउन सकिन्छ । व्याकरणको औपचारिक शिक्षणविना शुद्ध भाषा असम्भव हुन्छ । पढ्न र लेख्न नजान्ने व्यक्तिले व्यवहारमा शुद्ध भाषा बोल्न सक्ने स्थिति एकातिर देखिन्छ भने अर्कातिर व्याकरणको औपचारिक शिक्षा हासिल गरेका व्यक्तिहरूले पनि शुद्ध बोल्न र लेख्न नजानेका उदाहरणहरू प्रशस्त पाइन्छन् । परम्परागत मान्यता अनुसार व्याकरणलाई शुद्ध र स्पष्ट भाषिक

विकासको साधन नमानेर साध्य वस्तुका रूपमा हेरिन्छ र यसलाई एक बौद्धिक विषयका रूपमा शिक्षण गर्नुपर्ने दृष्टिकोण रहेको पाइन्छ ।

भाषाविना व्याकरणको कल्पना गर्न पनि नसकिने भएकाले व्याकरणलाई भाषाबाट अलग गराएर शिक्षण गर्न असम्भव छ । त्यसैले व्याकरण र भाषा शिक्षणको सम्बन्ध नङ र मासुको जस्तै हुन्छ भन्न सकिन्छ । व्याकरण भनेको सम्बन्धित भाषाका मूल वक्ताहरूका भाषा प्रयोगमा पाइने संरचनागत विशेषता हो । भाषाको शिष्ट एवम् स्तरीय प्रयोगका लागि शिक्षणीय तह र प्रयोजन अनुसार भाषाको प्रयोग र व्यवहारसँगै सम्बन्धित गराएर व्याकरण शिक्षण गरिनु उपयुक्त मानिन्छ । भाषिक अनुशासन कायम गर्न, भाषाको खास संरचना पहिल्याउने क्षमताको विकास गर्न भाषाको मानक रूप दिलाउन र सिर्जनात्मक क्षमता आदि विकास गर्न व्याकरण शिक्षण गरिनुपर्दछ । बालबालिकाहरूले भाषा सिक्दा भाषाका नियमहरूमा गल्ती गर्दै जान्छन् । अभ्यमसले गर्दै जाँदा विद्यार्थीहरूले भाषिक नियमहरू सिक्दै जान्छन् । भाषा सिक्ने क्रममा विद्यार्थीहरूलाई व्याकरण सम्बन्धी के-कस्ता कठिनाइहरू हुन्छन् भन्ने बुझेर त्यस्ता कठिनाइहरूलाई हटाउन सकिन्छ (शर्मा र पौडेल २०६८ : २१८) । यसै सन्दर्भमा प्रस्तुत शोधपत्र 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अध्ययन' शीर्षकमा केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन

शोधमा अनुसन्धानका निम्ति छानिएको कुनै पनि अनुसन्धानात्मक विषयवस्तु नै समस्या हो । शोध कार्यका सिलसिलामा समस्यालाई पूर्ण परिभाषित नगरेसम्म शोध प्रक्रिया अगाडि बढ्न सक्दैन । तसर्थ कुनै खास तहका कक्षामा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूमा समान रूपले व्याकरण विधाको अध्ययन क्षमताको विकास भएको पाइँदैन । उपयुक्त व्याकरण विधा अध्ययन क्षमताबिना पाठयक्रम, पाठ्यपुस्तक तथा सिकाइ क्रियाकलाप जतिसुकै सञ्चालन गरे पनि आशतित उपलब्धि हासिल हुन सक्दैन । भाषाको मूल रूपलाई बिगार्न नदिई त्यसलाई शुद्ध रूपमा प्रयोग गर्नका लागि व्याकरणले सहयोग पुऱ्याउँछ । यही उद्देश्य अनुरूप वर्तमान पाठ्यक्रम अनुसार व्याकरणलाई पाठ्यपुस्तकसँग सम्बन्धित गराएर व्याकरणलाई समावेश गरिएको छ । बालबालिकाहरूले सानै उमेरदेखि नै शुद्धसँग लेख्न, बोल्न र पढ्न सकून् भन्ने उद्देश्यले विद्यालयीय तहदेखि नै व्याकरण शिक्षणको व्यवस्था गरिएको छ ।

यस शोधपत्रमा 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अध्ययन' प्रमुख समस्याका रूपमा रहेको छ । यसै मूल समस्यासँग सम्बन्धित समस्याहरू यस प्रकार रहेका छन् :

क) व्याकरण विधा भनेको के हो ? यसको सैद्धान्तिक अवधारणा कस्तो रहेको छ ?

ख) कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अवस्था वा प्रकृति के-कस्तो रहेको छ ?

## १.३ अध्ययनको औचित्य

विद्यार्थीहरूलाई शुद्ध, स्तरीय र मानक भाषाको प्रयोग गर्न सक्षम तुल्याउनको लागि व्याकरण शिक्षणको महत्वपूर्ण स्थान रहेको हुन्छ । भाषाको व्याकरणगत व्यवस्था अनुसार भाषिक प्रयोगका लागि व्याकरण शिक्षण आवश्यक छ ।

व्याकरण शिक्षणको अध्ययनबाट सम्बन्धित कक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री आदिको स्थिति के-कस्तो रहेको छ ? त्यस क्षेत्रका कुन-कुन पक्षमा के-कस्तो सुधार गर्न आवश्यक छ ? पाठ्यक्रमले राखेका उद्देश्यहरू के-कति मात्रामा पूरा भए वा भएनन् भनी जानकारी लिन सकिनेछ । समग्र विद्यार्थीहरूको व्याकरण शिक्षण विधाको अध्ययनलाई बुझेर शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी, व्यवस्थित एवम् औचित्यपूर्ण बनाउन यसले महत्वपूर्ण भूमिका खेलेको छ ।

## १.४ अध्ययनको उद्देश्य

समयको आवश्यकता र परिवर्तनसँगै नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकमा प्रशस्त परिवर्तन तथा परिमार्जन गरी नयाँ तरिका तथा विधि र शैक्षिक प्रक्रिया अनुरूप शिक्षण गर्दा पनि विभिन्न तहमा विद्यार्थीले भाषाको प्रयोगका सन्दर्भमा अपेक्षित व्यवहारिक परिवर्तन ल्याउन सकेको पाइएको छैन । विद्यालय तहको कक्षा ६ सम्म आइपुग्दा पनि विद्यार्थीमा अपेक्षित भाषिक सीपको विकास भएको पाइदैँन ।

माथि उल्लेखित समस्या कथनका आधारमा कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण पक्षको अध्ययन विश्लेषण गर्नु यस शोध कार्यको मुख्य उद्देश्य रहेको छ । यसै मूलभूत उद्देश्यमा केन्द्रित रहेर शोधकार्यलाई सम्पन्न गरिएको छ । ती उद्देश्यहरू निम्न लिखित रहेका छन् :

क) व्याकरण विधाको परिचय उल्लेख गर्दै यसको सैद्धान्तिक अवधारण माथि प्रकाश पार्नु ।

ख) कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अवस्था/प्रकृतिको अध्ययन गर्नु ।

## १.५ अध्ययनको महत्व

शरीरमा नसाको महत्व भएझैँ भाषाका लागि व्याकरणको महत्व हुन्छ । भाषालाई शुद्ध र स्तरीय रूपमा प्रयोग गर्नको लागि व्याकरण विधाको महत्वपूर्ण स्थान रहेको हुन्छ । व्याकरण विधाको अध्ययनबाट स्तरीय भाषिक रूपको प्रयोग गर्ने सुझको विकास गर्न, भाषिक अनुशासन कायमा गर्न, भाषाको मानक रूप दिलाउन र सिर्जनात्मक क्षमताको विकास गर्न आदि विभिन्न फाइदाहरू पाउन सकिन्छ (शर्मा र पौडेल, २०६८ : २१७) ।

कक्षा छको नेपाली पाठ्यक्रमले राखेका लक्ष्य र उद्देश्यहरू पूरा भए कि भएनन् भनी मूल्याङ्कन गर्न कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणात्मक पक्षहरूले विद्यार्थीहरूमा के-कस्ता सीप विकासका लागि मद्दत पुऱ्याएको छ ? यसको महत्व किन छ भनी शिक्षक, विद्यार्थी, विषय विशेषज्ञ तथा अन्य अनुन्धानकर्ताको लागि समेत चासोको विषय भएको हुनाले व्याकरण विधाको अध्ययन गर्नु महत्वपूर्ण रहेको छ ।

## १.६ अध्ययनको सीमा

अध्ययनलाई उद्देश्यमूलक, व्यवहारिक तथा वस्तुनिष्ठ बनाउनका लागि अध्ययनको सीमाङ्कन गर्नु आवश्यक हुन्छ । जुनसुकै अध्ययनको पनि क्षेत्र, परिवेश तथा सामग्री व्यापक र विस्तृत हुन्छ । प्रस्तुत शोध कार्य पाठ्यक्रम, पाठ्यपुस्तक विकास केन्द्र, सानोठिमी भक्तपुरले लागू गरेको भाषा पाठ्यक्रम अनुरूप निम्न माध्यमिक तह कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरण विधाहरू अथवा पक्षहरू-वर्ण, अक्षर, शब्द, वर्ण विन्यास, शब्दभण्डार लेख्य चिह्न, नाम, सर्वनाम, विशेषण, क्रियापद, लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, विभक्ति, करण र अकरणमा मात्र केन्द्रित रहेर अध्ययन गरिनु अध्ययनको परिसीमा हो । शोधपत्रमा व्याकरणका सबै तह र विषयको अध्ययन नगरी केबल कक्षा छको नेपाली किताबमा प्रयुक्त व्याकरण पक्षको सीमामा बाँधिएर अध्ययन विश्लेषण गरिएको छ ।

निश्चित व्याकरण बाहेक अन्य व्याकरणिक पक्षमा अध्ययन नगरिने यस अध्ययनको परिसीमा हो ।

## १.६ विशेष शब्दावलीको परिभाषा

**पाठ्यक्रम** : सिकाइको योजना अर्थात् शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित, सहज, स्वभाविक र क्रमबद्ध बनाउन निर्माण गरिएको शैक्षिक सामग्री ।

**भाषातत्त्व** : लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, पदसङ्गति, करण, अकरण आदि व्याकरणात्मक कोटिलाई भाषातत्त्व भनिन्छ ।

**मूल्याङ्कन** : कुनै पनि कार्य गरेपछि अपेक्षित उपलब्धि प्राप्त भयो वा भएन भनेर त्यसको लेखाजोखा गर्नु ।

**शोधकार्य** : कुनै पनि विषयवस्तुको बारेमा गरिने गहिरो खोज अनुसन्धान ।

**शोधविधि** : शोधकार्य सम्पन्न गर्ने क्रममा अपनाइएको तरिका ।

**सिकारु** : शिक्षा आर्जन गर्न चाहने व्यक्ति ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयमा शोधकार्य थाल्नु अघि उक्त क्षेत्रमा यसभन्दा अघि के-कस्ता कार्यहरू भए ? के-कस्ता उपलब्धिहरू प्राप्त भए ? पूर्ववर्तीहरूका के-कस्ता समस्याहरू छन् ? भन्ने कुराको विश्लेषण गरी नयाँ कार्य थाल्नु उपयुक्त हुन्छ । पुराना अनुभवले वर्तमानलाई अगाडि बढ्नका लागि सहयोग पुऱ्याउँछ । यसरी हेर्दा पूर्वकार्यको समीक्षा भनेको इतिहासलाई हेरेर वर्तमानलाई दोहोऱ्याउने र भविष्यलाई देखाउने कार्य हो भन्ने बुझिन्छ । कुनै पनि कार्यको प्रभावकारी सफलताको लागि पूर्वकार्यको समीक्षा अत्यावश्यक हुन्छ । नेपाली भाषामा पाठ्यपुस्तकको लेखन सुरुवातसँगै व्याकरणको क्षेत्रमा पनि पाठ्यपुस्तकको लेखन सुरु भएको पाइन्छ । वि.सं. १९५८ मा जयपृथ्वीबहादुर सिंहले 'प्राकृत व्याकरण' नेपाली भाषामा लेखेर सर्वप्रथम नेपाली भाषामा एकरूपता र स्तरीयता ल्याउने प्रयास गरेका थिए ।

नेपाली भाषाका सन्दर्भमा व्याकरणका बारेमा के-कस्ता प्रयास भएका छन् ? ती प्रयासहरूका क्षेत्रहरू केसँग सम्बन्धित छन् ? भन्ने कुरालाई यहाँ यससँग सम्बन्धित भएर चर्चा एवम् परिचर्चा गर्ने क्रममा निम्न शोधार्थीहरूद्वारा निम्न शोध शीर्षकमा शोध कार्य पूरा गरिएको पाइन्छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तिलकदेव गिरीद्वारा वि.सं.२०५९ सालमा 'वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण विधाको विश्लेषणात्मक अध्ययन' शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्र व्याकरण विधामा मात्र केन्द्रित भएको पाइन्छ ।

लिलाबल्लौ अर्यालद्वारा वि.सं.२०६७ सालमा 'कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अध्ययन' शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । यस शोधपत्रमा कक्षा  आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधा-पदसङ्गतिको विश्लेषण, काल र पक्ष, अर्थ वा भाव, लिङ्ग, वचन, पुरुष र आदरका आधारमा वाक्य परिवर्तन, वाच्य परिवर्तन, शब्दवर्ग, कारक र विभक्ति, लेख्य चिह्नको प्रयोग, पदयोग र पदवियोगमा मात्र केन्द्रित भई अध्ययन भएको पाइन्छ ।

पुनराम घिमिरेद्वारा वि.सं. २०६७ सालमा 'कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण विधाको अध्ययन' शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । यस शोधपत्रमा कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरण विधा-शब्दवर्ग, पदसङ्गति, धातु, काल र पक्ष, भाव प्रेराणार्थक वाक्यान्तरण, करण-अकरण, वाच्य, कारक र विभक्ति, वर्णविन्यास (हिज्जे) वाक्यका प्रकार वाक्य संरलेषण, शब्दनिर्माण र शब्दभण्डारमा मात्र केन्द्रित भई अध्ययन गरिएको पाइन्छ ।

देवीप्रसाद बस्यालद्वारा वि.सं. २०६८ सालमा 'वर्तमान कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको अध्ययन' शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । प्रस्तुत शोध कार्य वर्तमान माध्यमिक तह कक्षा नौका लागि पाठ्यक्रम, पाठ्यपुस्तक विकास केन्द्र, सानोठिमी भक्तपुरले लागू गरेको भाषा पाठ्यक्रम अनुरूप माध्यमिक तह कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश भएका व्याकरणात्मक अभ्यास-शब्दवर्ग, पदसङ्गति, काल र पक्ष, भाव,आदिमा मात्र केन्द्रित भई अध्ययन गरिएको पाइन्छ ।

अनन्तराज अर्यालद्वारा वि.सं. २०७१ सालमा 'कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अध्ययन' शीर्षकमा शोधकार्य पूरा गरिएको छ । यसमा व्याकरणका सबै पक्षको अध्ययन नगरी कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण पक्ष-शब्दवर्ग, पदसङ्गति, काल/पक्ष, भाव, कारण-अकरण, वाच्य, कारक र विभक्ति, वर्णविन्यास, वाक्य र यसका प्रकार, शब्दनिर्माण, शब्दभण्डार, समास, चिह्न परिचय, पदयोग र पदवियोगमा मात्र केन्द्रित रहेर अध्ययन विश्लेषण गरिनुका साथै व्याकरणको संक्षिप्त परिचय, अर्थ, परिभाषा एवम् व्याकरण शिक्षण विधिको आवश्यकता र औचित्यको समेत सामान्य रूपमा अध्ययन गरिएको पाइन्छ ।

कल्पना श्रेष्ठद्वारा वि.सं. २०६३ सालमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकण विधाको अध्ययन शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । उक्त शोधपत्रमा व्याकरणका सबै विधा वा पक्षको अध्ययन नगरी कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका-वर्ण, सङ्गति, काल पक्ष, अर्थ वा भाव, वाक्य परिवर्तन, वाच्य परिवर्तन, शब्दवर्ग, कारक र विभक्ति, उच्चारण, लेख्य चिह्न, वर्णविन्यास (हिज्जे), शब्द भण्डार र उखान एवम् टुक्कामा केन्द्रित रहेर अध्ययन गरिएको पाइन्छ ।

यस शोध कार्यमा व्याकरणका सबै विधा वा पक्षको अध्ययन नगरी कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधा वा पक्ष-वर्ण, अक्षर, शब्द, वर्णविन्यास, शब्दभण्डार, लेख्य चिह्न, नाम, सर्वनाम, विशेषण, क्रियापद, लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, विभक्ति, करण र अकरणमा मात्र केन्द्रित भई गहन रूपमा अध्ययन विश्लेषण गरिएको छ ।

यसरी नेपाली भाषाका व्याकरण विधासँग सम्बन्धित रहेर विभिन्न कार्यहरू पहिलेदेखि नै गरिदै आएको देखिन्छ । यहाँ यसैसँग सम्बन्धि भएर चर्चा-परिचर्चा गर्ने क्रममा 'कक्षा  छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अध्ययन' शीर्षकमा कसैले पनि शोधपत्र तयार नगरेको पाइएकाले त्यसको जानकारी प्राप्त गर्ने उद्देश्यले यो शोधपत्र तयार गरिएको छ । यसलाई सहयोग पुऱ्याउने खालका शिक्षण विधि, सम्बन्धित प्रकाशित र अप्रकाशित पुस्तकहरू, शोधग्रन्थहरू, शिक्षक निर्देशिका, विशिष्टिकरण  तालिका आदिको समीक्षा गर्दे यस शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधपत्र 'कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अध्ययन' शीर्षकमा केन्द्रित भई शोध कार्य पूरा गरिएको छ ।

## २.२ सैद्धान्तिक खाका

कुनै पनि अध्ययन तथा अनुसन्धान गर्ने क्रममा उक्त विषयसँग सम्बान्धित सिद्धान्तलाई प्रयोगमा ल्याउनु पर्ने हुन्छ । सम्बान्धित सिद्धान्तलाई प्रयोगमा ल्याइएन भने शोध तथा अनुसन्धान विषयान्तर हुन गई निष्कर्षमा पुग्न सकिँदैन । त्यसैले यस शोध शीर्षकसँग सम्बन्धित व्याकरणको सैद्धान्तिक परिचयलाई सैद्धान्तिक खाकाको रूपमा प्रयोग गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.२.१ व्याकरणको सैद्धान्तिक परिचय

व्याकरण शब्द संस्कृत भाषाबाट नेपाली भाषामा आएको हो । संस्कृतमा यसको शब्दार्थलाई यसरी उल्लेख गरिएको पाइन्छ । "व्याक्रियन्ते व्युत्पाधन्ते शब्द अनेनइति : व्याकरणम्" अर्थात् शब्द वा भाषाको वर्णन गर्ने र संरचना केलाउने शास्त्र व्याकरण हो । वैदिक कालदेखि नै व्याकरण सम्बन्धी धेरै चर्चा परिचर्चा हुदै आएको छ । वेदमा वर्णन गरिए अनुसार यसका छ वटा अङ्ग (शिक्षा, कल्प, ज्योतिष, निरुक्त छन्द र व्याकरण) मध्ये व्याकरणलाई छैटौ अङ्गका रूपमा लिइएको छ (बन्धु, २०५९ : ११) । त्यसैगरी कुनै भाषाको

शब्द, शब्दका विभिन्न रूप, तिनीहरूको संरचना, विधि वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको आपसी सम्बन्ध छुट्याउनुका साथै शब्द, वाक्य आदिको विशुद्ध प्रयोग गर्ने नियमको निरूपण गर्ने शास्त्र तथा वाक्य सम्बन्धी नियम र उदाहरणहरूको सङ्कलन गर्ने शास्त्र भन्न सकिन्छ (पोखरेल र अन्य, २०६० : ११७८) । परम्परागत धारणाखअनुसार व्याकरणलाई विशुद्ध रूपमा बोल्न र लेख्न सिकाउने विधाका रूपमा लिने गरिएको थियो । यस प्रकार परम्परागत व्याकरण सम्बन्धी परिभाषाले व्याकरण भनेको त्यस्तो विधा हो जसको सैद्धान्तिक तथा वस्तुपरक अध्ययनले मात्र पनि भाषाको शुद्ध प्रयोग गर्न सकिन्छ । व्याकरणलाई विभिन्न भाषिक सन्दर्भ र प्रयोग परक ढङ्गबाट उपयोग गरेर शिक्षण गरेमा भाषाको शुद्ध प्रयोग गर्न सकिन्छ ।

व्याकरण शब्दको निरूपण गर्दा व्याकरण भनेको भाषाको नियम हो । नियम बिना कुनै पनि भाषाको आस्तित्व नरही विलिन हुने अवस्थामा पुग्छ । त्यसैले कुनै पनि भाषालाई नियमशासित रूपमा प्रयोग गर्नका लागि व्याकरणको अत्यन्त आवश्यकता पर्ने गर्दछ व्याकरण बिनाको भाषा प्रयोग लथालिङ्ग अवस्थामा पुग्छ । त्यसकारण भाषा शिक्षणलाई अनुशसित एवम् मर्यादित रूपमा अगाडि बढाउन व्याकरणको आवश्यकता पर्ने कुरामा कुनै मतभेद पाइँदैन । भाषा सिक्नु भनेको भाषिक सीपमा निपूर्ण हुनु हो । यसप्रकार भाषाको प्रयोगमा अभ्यस्त गराउनु नै व्याकरण शिक्षणको मूल मर्म हो । भाषाले भाषाका सर्वमान्य नियमलाई पालना गर्नुपर्दछ । भाषा शिक्षण गर्दा राम्रो व्याकरणको ज्ञान नभएमा व्याकरण शिक्षणको औचित्य समाप्त हुन्छ । भाषा शिक्षणले भाषाको शुद्ध र मानक रूपको प्रयोगमा विशेष ध्यान दिनु पर्दछ ।

भाषाको आन्तरिक संरचना ध्वनि, वर्ण, अक्षर, रूप, शब्द, पद, पदावली, वाक्यांश वाक्यमा अर्न्तनिहित नियम र अपवादको वस्तुपरक अध्ययन, व्याख्या र विश्लेषणात्मक व्याकरण भनिन्छ (ढकाल : २०६४ : ५२) । विस्तृत रूपमा व्याकरण भनेको के हो ? यसको सैद्धान्तिक पक्षको परिचयलाई निम्नअनुसार विश्लेषण गर्न सकिन्छ :-

परम्परावादी व्याकरणकारहरूका सुझाव अनुसार "शुद्ध लेख्न र बोल्न सिकाउने विधालाई व्याकरण भनिन्छ" भनी व्याकरणलाई परिभाषित गरेका छन् । यस परिभाषाअनुसार व्याकरणको मुख्य काम भनेको शुद्ध मानक भाषा लेख्न र बोल्न सिकाउनु हो । यसको अध्ययनले शिक्षार्थीहरूको भाषामा प्रयोग हुने सम्पूर्ण अशुद्धिहरूको निराकरण हुनेछ र शिक्षार्थीहरू (वक्ता) भाषालाई शुद्ध रूपमा प्रयोग गर्न सक्नेछन् । नेपालीमा पनि

माथिकै परिभाषालाई आधार मानेर वि.सं. २०२८ सालपूर्व सम्पूर्ण विद्यालयका तहमा व्याकरणलाई बौद्धिक विषयको रूपमा लिई अध्ययन अध्यापन गराउने तथा व्याकरण लेख्ने कार्य गरिएको पाइन्छ । त्यस समयमा व्याकरणको राम्रो ज्ञान विद्यार्थीलाई प्रदान गर्न सकियो भने सोही ज्ञानअनुसार उनीहरूले भाषा स्वत : सिक्दै जान्छन् भन्ने मान्यता रहेको पाइन्छ । यो मान्यता आधुनिक व्याकरणको मान्यताअनुसार विपरित छ । आधुनिक भाषा वैज्ञानिकहरू व्याकरणलाई भाषाविज्ञानको महत्वपूर्ण अङ्गका रूपमा लिन्छन् । उनीहरूका अनुसार व्याकरणलाई कुनै पनि भाषाको रूपगत तथा वाक्यगत संरचनाले वर्णन विश्लेषण गर्दछ । एक्काइसौँ शताब्दीका संरचनावादी व्याकरणकारहरू भाषामा भएका संरचनात्मक विशेषताहरूको वर्णन गर्ने भाषातत्वको अभिन्न अङ्गका रूपमा व्याकरणलाई लिन्छन् ।

संरचनावादीका विचारअनुसार व्याकरण परम्परागत व्याकरणकारहरूले लिएको भाषाको अगल विषयवस्तु नभई भाषाभित्रै समाविष्ट रहेको तत्व हो । यसै क्रममा रूपान्तरणवादी व्याकरणकारहरूको मत भने अझ पृथक छ । उनीहरूको मान्यताअनुसार प्रत्येक बालकले जन्मजात रूपमा भाषा सिक्ने क्षमता लिएर आएका हुन्छन् । उसले जन्मजात रूपमा लिएर आएको आधारभूत मान्यताकै आधारमा भाषाको प्रयोग गर्दैन । यसरी परम्परावादी धारणाअनुसार शुद्धसँग  लेख्न र बोल्न सिकाउने विधा व्याकरण नभएर भाषाको प्रयोगलाई सही रूपमा प्रयुक्त गर्न सहयोग पुऱ्याउने विधा हो । व्यक्तिहरूमा जन्मजात रूपमा भाषा सिक्ने क्षमता हुन्छ । उक्त क्षमतालाई व्यवहारिक रूपमा अगाडि बढाउन नखोजी सिद्धान्तगत बौद्धिक ज्ञानबाट मात्र अगाडि बढाउन खोजियो भने अपेक्षित लक्ष्य हासिल गर्न सकिँदैन । तसर्थ व्याकरण शिक्षणको प्रमुख उद्देश्य भाषा प्रयोगमा स्तरीयता आओस् भन्ने हुनु पर्दछ । भाषालाई उचित ठाउँमा उचित किसिमले प्रयोग गर्न सकियो भने व्याकरणको सैद्धान्तिक ज्ञानको आवश्यकता नै पर्दैन । यहि कुरालाई हृदयङ्गम गरी वर्तमान विद्यालयका पाठ्यक्रम तथा पाठ्यपुस्तकमा व्याकरणलाई भाषाको अभिन्न तत्वको रूपमा स्वीकार गरी भाषा पाठ्यपुस्तकमा व्यवहारिक माध्यमद्वारा भाषिक प्रयोगमा दक्षता हासिल गराउन विधाको रूपमा व्याकरणलाई स्वीकारिएको पाइन्छ ।

### २.२.२ व्याकरणात्मक पक्षहरूको परिचय र वर्गीकरण


व्याकरणात्मक पक्षहरूको परिचय र वर्गीकरणलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

### २.२.२.१ वर्ण

फोक्सोबाट आएको सास मानिसका उच्चारण अङ्गहरू (ओठ, दाँत, वर्त्स्य, तालु आदि) बाट उच्चरित आवाजलाई ध्वनि भनिन्छ । समान किसिमका ध्वनिहरूलाई जनाउने भाषिक चिह्नलाई वर्ण भनिन्छ । वर्ण आफैमा अर्थपूर्ण नभए पनि यसले शब्दको तहमा आउँदा अर्थमा भिन्नता ल्याउँछ । 'दान' र 'धान' शब्दमा प्रयोग भएको 'द र ध' वर्णको आफ्नो स्वतन्त्र अर्थ छैन तर तिनले 'दान र धान' शब्दहरूको अर्थमा भने भिन्नता ल्याएका छन् । यसरी मानिसका उच्चारण अङ्गहरूबाट उच्चरित समान किसिमका ध्वनिहरूलाई बुझाउने भाषाको सबैभन्दा सानो एकाइलाई वर्ण भनिन्छ । यसले शब्दको अर्थमा भिन्नता ल्याउँछ (न्यौपाने, २०७२ : ३) ।

वर्णहरूको उच्चारण गर्दा फोक्सोबाट निस्कने सासमा बाधा उत्पन्न हुने र नहुने गरी दुई स्थिति देखापर्दछ । यही आधारमा वर्णहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ न्यौपाने, २०७२ : ३) । जसलाई चित्रद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

**चित्र १ : वर्णका प्रकार**




**(क) स्वर वर्ण**

फोक्सोबाट बाहिर निस्किने सासमा उच्चारण अङ्गहरूबाट कुनै बाधा नपरी उच्चारित हुने वर्णलाई स्वर वर्ण भनिन्छ । स्वर वर्णको उच्चारण गर्दा अरु कुनै वर्णको सहयोग लिनु पर्दैन । स्वर वर्णलाई लामो समय सम्म उच्चारण गर्न सकिन्छ । नेपाली भाषामा स्वर वर्णहरू ६ वटा रहेका छन् । ती हुन् :-

अ, आ, इ, उ, ए, ओ (न्यौपाने, २०७२ : पृ.३) ।

दैनिक रूपमा मौखिक भाषाको प्रयोगमा आउने यी स्वरलाई उच्चार्य (कथ्य) स्वर पनि भनिन्छ । नेपाली भाषामा उच्चारणमा प्रयोग नहुने तर लेखाइमा भने प्रयोग हुने स्वर वर्णहरू निम्नानुसार छन् :-

ई, ऊ, ऋ, ऐ, औ, अं, अः (न्यौपाने, २०७२ : ३) ।

नेपाली भाषाका उच्चार्य स्वर वर्णहरू र लेख्य स्वर वर्णहरूलाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ :-

**तालिका १ : उच्चार्य र लेख्य स्वर वर्णहरू**

| उच्चार्य स्वर वर्णहरू | लेख्य स्वर वर्णहरू |
|---|---|
| अ, आ, इ, उ, ए, ओ, | अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अ : |

**(ख) व्यञ्जन वर्ण**

फोक्सोबाट बाहिर निस्कने सासमा विभिन्न उच्चारण अङ्गहरूबाट बाधा वा अवरोध परेपछि मात्र उच्चारण हुने वर्णलाई व्यञ्जन वर्ण भनिन्छ । व्यञ्जन वर्णलाई स्वर वर्णको सहयोगबाट मात्र उच्चारण गर्न सकिन्छ । व्यञ्जन वर्णको उच्चारण लामो समयसम्म गर्न सकिँदैन । नेपाली भाषामा व्यञ्जन वर्णहरू २९ वटा रहेका छन् । ती हुन् :-

क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ट्, ठ्, ड्, ढ्, त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्र व्, स्, ह् (न्यौपाने, २०७२ : ६) ।

नेपाली भाषाका उच्चार्य र लेख्य व्यञ्जन वर्णहरूलाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ :-

**तालिका २ : उच्चार्य र लेख्य व्यञ्जन वर्णहरू**

| उच्चार्य व्यञ्जन वर्णहरू | लेख्य व्यञ्जन वर्णहरू |
|---|---|
| क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ट्, ठ्, ड्, ढ्, त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्, र्, ल्, व्, स्, ह्, | क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ञ्, ट्, ठ्, ड्, ढ्, ण्, त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्, व्, श्, ष्, स्, ह्, क्ष्, त्र्, ज्ञ्, |

(न्यौपाने, २०७२ : ६)

### २.२.२.२ अक्षर

वर्णभन्दा ठूलो र शब्दभन्दा सानो भाषिक एकाइलाई अक्षर भनिन्छ । फोक्सोबाट निस्केको सासको एकै झोक्कामा उच्चारण हुने एक वा एकभन्दा बढी वर्णहरूको समूहलाई अक्षर भनिन्छ । अक्षरको निर्माणमा स्वर वर्णको मुख्य भूमिका रहेको हुन्छ । स्वर वर्णविना अक्षर बन्न सक्दैन र एकभन्दा बढी स्वर पनि एउटै अक्षरमा आउन सक्छन् (न्यौपाने, २०७२ : १९-२०) ।

अक्षर बन्नका लागि एक वा एकभन्दा बढी वर्णहरूको आवश्यकता पर्दछ । अक्षर बन्दा जोडिने वर्णहरूको स्थान निर्धारणलाई नै संरचना भनिन्छ । अक्षरहरूको संरचना लिखित रूपमा नभई कति पटकमा उच्चारण हुन्छ । भनी मौखिक रूपमा गरिन्छ । एउटा शब्दमा एकदेखि आठ दश जति अक्षरहरू पनि रहन सक्छन् । अक्षरमा रहने स्वर तथा व्यञ्जन वर्णको क्रम र संख्याका आधारमा नेपाली अक्षरहरूको संरचना यस प्रकार रहेको छ (न्यौपाने, २०७२ : १९-२०) :-

अ) स्वर वर्ण मात्र - आ, उ, ए,

आ) स्वर +व्यञ्जन - इस्, उस्, एक्

इ) व्यञ्जन + स्वर - जा, खा, ले, दे,

ई) व्यञ्जन + व्यञ्जन + स्वर -ल्या, ज्या, म्या, क्या,

उ) व्यञ्जन + व्यञ्जन +व्यञ्जन + स्वर -स्त्री

ऊ) व्यञ्जन + व्यञ्जन + स्वर + व्यञ्जन - ख्याल्, म्याल्, झ्याल्, स्याल्, प्वाल्

ए) व्यञ्जन + स्वर + व्यञ्जन - साग, राम, दाल, भात, गाँउ, पिर (न्यौपाने, २०७२ : २०) ।

कुनै शब्द जति पटकमा उच्चारण हुन्छ, त्यसमा त्यति नै अक्षर रहेका हुन्छन् । जस्तै :

**तालिका ३ : अक्षर संरचना**

| शब्द | उच्चारण | अक्षर | संरचना | संख्या |
|---|---|---|---|---|
| ए | ए | ए | ए | १ |
| म | मँ | मँ | म्अँ म् +अँ | १ |
| घर | घर् | घर् | घ्+अ+र् | १ |
| छिमेकी | छिमेकी | छि/मे/की | छ्इ+मए+कई | ३ |
| नगरपालिका | नगरपालिका | न/गर/पा/लि/का | न्अ+ग्अर्+पआ+ल्इ+कआ | ५ |


(न्यौपाने, २०७२ : २०)

### २.२.२.३ शब्द

भाषाको सबैभन्दा सानो अर्थपूर्ण एकाइलाई शब्द भनिन्छ । यो स्वतन्त्र रूपमा प्रयोग हुन्छ । उपसर्ग, प्रत्यय स्वतन्त्र रूपमा प्रयोग नहुने र तिनको अर्थ पनि नहुने तथा धातुको पनि स्वतन्त्र प्रयोग नहुने भएकाले ती शब्द होइनन् । वाक्यमा प्रयोग हुन योग्य शब्दलाई पद भनिन्छ । शब्दलाई विभिन्न प्रकारले वर्गीकरण गर्न सकिन्छ (न्यौपाने, २०७२ : ६०) । जसलाई निम्नलिखित चित्रद्वारा प्रस्तुत गर्न सकिन्छ :-

**(१) स्रोतका आधारमा शब्दको वर्गीकरण**

**चित्र २ : स्रोतका आधारमा शब्दको वर्गीकरण**




नेपाली भाषामा धेरैजसो शब्दहरू संस्कृत भाषाबाट आएका छन् । अन्य भाषाबाट पनि केही शब्दहरू आएका छन् । यही आधारमा शब्दलाई तत्सम शब्द, तद्भव शब्द र आगुन्तुक शब्द गरी तीन भागमा वर्गीकरण गरिएको छ (न्यौपाने, २०७२ : ६०) ।

**(क) तत्सम शब्द**

संस्कृत भाषाबाट जस्ताको जस्तै नेपाली भाषामा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । यस्ता शब्दहरू संस्कृतकै वर्णविन्यास अनुसार लेखिन्छन् । जस्तै ज्ञान, तिथी, वाणी, शिव, प्रति, कृष्ण, स्वर्गीय, शिखर, त्रिशुल, शान्ति निमेष आदि तत्सम शब्द हुन् (न्यौपाने, २०७२ : ६०) ।

**ख) तद्भव शब्द**


संस्कृत भाषाबाट परिवर्तन र विकसित हुँदै आएका शब्दलाई तद्भव शब्द भनिन्छ । जस्तै-आँसु, आगो, दूध, हात, पात, सास, ओठ, काम, छाता, ओखती, हरियो, पाँच आदि तद्भव शब्द हुन् (न्यौपाने, २०७२ : ६०) ।

**(ग) आगन्तुक शब्द**

संस्कृत भाषाबाहेक अरु भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । यस्ता शब्दहरू नेपालभित्रै बोलिने र नेपाल बाहिर बोलिने भाषाबाट पनि आएका हुन्छन् । मुन्धुम, रोदी, राडी, डम्फु, सेलो, लामा, चाकु, पसल, टिचर, स्कुल, मिटिङ, हाकिम, किताब, पुलिस, अखबार, एक्सरे, कैँची, झण्डा, सरकार, कलेज आदि आगन्तुक शब्दहरू हुन् (न्यौपाने, २०७२ : ६०) ।

**२. संरचनाका आधारमा शब्दको वर्गीकरण**

**चित्र ३ : संरचनाका आधारमा शब्दको वर्गीकरण**




नेपाली भाषामा कुनै शब्दहरू आफैँ बनेका हुन्छन् भने कुनै शब्दहरू उपसर्ग र प्रत्यय लागेर बनेका हुन्छन् । यही आधारमा शब्द मूल शब्द र व्युत्पन्न शब्द गरी दुई प्रकारका छन् (न्यौपाने, २०७२ : ६१) ।

**(क) मूल शब्द**


आफैँ बनेका र टुक्राउन नसकिने शब्दलाई मूल शब्द भनिन्छ । यसलाई अव्युत्पन्न शब्द पनि भनिन्छ । जस्तैः घर, पानी, बजार, किताब, हरि, रातो आदि (न्यौपाने, २०७२ : ६१) ।

**(ख) व्युत्पन्न शब्द**

मूल शब्दबाट बनेका वा टुक्राउन, अलग गर्न सकिने शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । यस्ता शब्दहरू उपसर्ग, प्रत्यय, समास, र द्वित्व प्रक्रियाबाट बन्दछन् । जस्तै विज्ञान, बोलाइ, दोबाटो, आ-आफ्नो, दोभान आदि (न्यौपाने, २०७२ : ६१) ।


**३. रूपायनका आधारमा शब्दको वर्गीकरण**

**चित्र ४ : रूपायनका आधारमा शब्दको वर्गीकरण**




**४. भाव/अर्थ/कार्यका आधारमा शब्दको वर्गीकरण**

**चित्र ५ : भाव/अर्थ/कार्यका आधारमा शब्दको वर्गीकरण**



### २.२.२.४ वर्ण विन्यास

वर्ण विन्यासलाई हिज्जे पनि भन्ने गरिन्छ । वर्ण विन्यास भनेको वर्णहरूको उपयुक्त रखाइक्रम हो । वर्णहरूको उपयुक्त ढङ्गले विन्यास गर्ने वा वर्णहरूको व्यवस्थापूर्ण रखाइलाई वर्ण विन्यास भनिन्छ अथवा वर्णहरूलाई गल्ती नहुने गरी शुद्ध र व्यवस्थित रूपमा प्रयोग गर्ने कामलाई वर्ण विन्यास भनिन्छ । वर्ण विन्यास उच्चारणसँग नभई लेखाइसँग सम्बन्धित रहेको हुन्छ । यसलाई नेपालीमा हिज्जे, वर्तनी, खिप्ती पनि भनिन्छ । व्याकरण र शब्दकोशको नियमअनुसार कुनै पनि शब्दलाई शुद्धसँग लेख्ने कामलाई वर्ण विन्यास भनिन्छ । वर्ण विन्यास ठिक नभएमा भन्न खोजेको कुराको अर्के अर्थ पनि लाग्न सक्दछ । जस्तै : दीन-दिन, राति-राती, शव-सब आदि । त्यसैले भाषाको प्रयोग गर्दा शुद्ध र मानक वर्ण विन्यासको प्रयोग गर्नुपर्दछ (अधिकारी, २०७३/०७४ : ४९२) ।

वर्णहरूको व्यवस्थित रखाइमा ह्रस्व-दीर्घ, ग्यँ, ज्ञ, व, ब, व, ओ, ऋ, रि, पदयोग पदवियोग आदिको प्रयोगले प्रभाव पार्दछ । त्यसैले शिक्षाको प्रारम्भिक जगदेखि नै नेपाली भाषाको सही वर्ण विन्यास सिकाउन सकिएमा मात्र त्यसले पछिसम्म राम्रो प्रभाव छाड्न सक्छ । त्यसैले तल्ला कक्षाहरूदेखि नै बालबालिकाहरूलाई वर्ण विन्यासका क्षेत्रमा क्रमिक रूपमा जानकारी गराउँदै जानुपर्दछ । वर्णविन्यास अन्तर्गत निम्न कुराहरू पर्दछन् :-

१. ह्रस्व दीर्घ

२. श्, ष्, स

३. ब्, व्, ओ

४. ये्, य्, ए

५. ऋ, रि

६. क्ष, क्षे, छ्या, छे, क्ष्य

७. ग्याँ, ज्ञ, ग्या

८. शिरबिन्दु, चन्द्रबिन्दु

९. पदयोग (जोडेर लेख्ने) पदवियोग (छुट्टै लेख्ने)

१०. हलन्त (खुट्टा काटिने) अजन्त (खुट्टा नकाटिने) (न्यौपाने, २०७२ : ३१-३२) ।

नेपाली वर्ण विन्यासका केही नियम र अपवादहरू यस प्रकार छन् :-

**१) ह्रस्व दीर्घका नियमहरू**

**क) शब्दको सुरुमा ह्रस्व हुने अवस्था**

१. तद्भव, मौलिक र आगन्तुक नाम शब्दहरू - किताब, जिब्रो, हिउँ, इज्जत, उखु, कुकुर, तुवाँलो, कुर्सी, तिहुन, सिन्की, सिक्किम आदि ।

२. तद्भव र आगन्तुक विशेषण शब्दहरू - मिहिनेती, रित्तो, रिसाहा, पिरो, कुरौटे, दुब्लो, इलमी, निर्धो, मीठो आदि ।

३. संख्या वाचक शब्दहरू - दुई, उन्नाइस, त्रिचालिस, त्रिपन्न, त्रिसठ्ठी, त्रिहत्तर, त्रियासी आदि ।

४. दुई अक्षरका सर्वनामहरू - तिमी, उनी, तिनी, उहाँ आदि ।

५. व्युत्पन्न शब्दहरू - खुनी, घुस्याहा, भुस्याहा, नुनिलो, चिनियाँ आदि ।

६. अनुकराणात्मक शब्दहरू - कुटुक्क, थुचुक्क, मुसुक्क, खुसुक्क, भुतुक्क, चिटिक्क आदि ।

७. द्वि र त्रि भएका शब्दहरू - द्विगुण, द्विमुख, द्वित्व, त्रिभुज, त्रिकोण, त्रिशुल आदि ।

८. धातु र क्रियापदहरू - दि, घु, हु, मिल्, तिर, हिँड्, थियो, दिन्छ, हिँड्ला, पिउँछ आदि ।

९. अव्यय शब्दहरू - कि, नि, मुनि, किनकि, हिजो, भित्र, तिर, सित आदि ।

१०. सु, कु, वि, उप, निस्, उत्, दुर उपसर्ग लागेका शब्दहरू - सुकर्म, सुविचार, कुविचार, कुमार्ग, कुरीति, विशेष, विनाश, निपात, वियोग, उपहार, उपचार, निश्चय, उल्लेख, उत्खनन् दुर्गम, दुर्विचार आदि ।

**ख) शब्दको बीचमा ह्रस्व हुने अवस्था**

१. तद्भव, मौलिक र आगन्तुक नाममा - अमेरिका, रेडियो, हाजिरी, कुकुर, मानिस, दाइजो, पाउजु, नरिवल, अनुहार, लसुन, गुन्द्रुक आदि ।

२. विशेषणमा - अमिलो, कलिलो, बलियो, गुलियो, बाटुलो आदि ।

३. अव्यय र अनुकरणात्मक शब्दमा - अहिले, कहिले, बाहिर, पिलिक्क, मिलिक्क, घुटुक्क, जुरुक्क, खुरुक्क आदि ।

४. समापक र असमापक क्रियामा - गइछ, हिडिन्, बसिन्छ, सुतिन्छ, खाइयो, भनिने, हिँडिनु आदि ।

५. पुलिङ्गबाट स्त्री लिङ्ग बनाउँदा - कर्किनी, सर्किनी, थापिनी, घर्तिनी, बाहुनी, साउनी पापिनी आदि ।

६. अधि, अति, अभि, परि, प्रति, अनु उपसर्ग लागेका शब्दमा - अधिकार, अधिवक्ता, अतिरिक्त, अतिशय, अभियोग, अभिभारा, परिचय, परिक्रमा, प्रतिकार, प्रतिगामी, अनुहार, अनुकरण आदि ।

७. इक, इका, इत, इम, इमा, इष्ठ, उक, ता, त्व, प्रत्यय लागेका शब्दमा - भाषिक, मौखिक, लेखिका, गायिका, लिखित, रचिता, स्वर्णिम, अग्रिम, गरिमा, महिमा, वरिष्ठ, भावुक, जागरुक, सहकारिता, प्रभावकारिता, दायित्व, स्थायित्व आदि ।

८. इया, इयाँ, इयार, इलो, उवा, प्रत्यय लागेका शब्दमा - सहरिया, झगडिया, चिनियाँ, दुनियाँ, हतियार, मतियार, रसिलो, कलिलो, करुवा, भतुवा आदि (न्यौपाने, २०७२ : ३३)

## ग) शब्दको अन्त्यमा ह्रस्व हुने अवस्था

१. पुलिङ्गी नाम र नाता बुझाउने शब्दमा - दाइ, भाइ, नाति, पनाति, पति, ज्वाइ, फुपाजु, जेठाजु आदि (अपवाद - सम्धी, स्वामी, हात्ती)

२. अव्यय शब्दमा - अगाडि, पछाडि, वरिपरि, किनकि, माथि, देखि, पर्सि, फेरि, बर्सेनी आदि (अपवाद - लाई, हरू र अरी प्रत्यय लागेका शब्द)

३. अन्त्यमा 'उ' आउने जात र स्थान बुझाउने तथा निर्जिव नाममा - ठाउँ, आलु, बिउ, केराउ, स्याउ, लिस्नु, मासु, पिँडालु, घिउ, लिम्बु, थारु, ज्यापु, मलेखु, साँखु आदि ।

४. आइ, आइँ, याइँ, आउ, आलु, एलु, नु, प्रत्यय लागेका शब्दमा - पढाइ, लेखाइ, रोपाइँ, लडाइँ, बठ्याइँ, मुर्ख्याइ, कृपालु, दयालु, चुनाउ, घेराउ, सिकारु, घरेलु, बनेलु, खेल्नु, हिड्नु आदि ।

५.अन्त्यमा चि, टि, णि, ति, थि, द्धि, नि, षि, भि, मि, रि, लि, वि, शि, ष्टि, आउने तत्सम शब्दमा - रुचि, सुचि, त्रुटि, कोटि, पाणि, मणि, गति, मति, अतिथि, ग्रन्थि, सिद्धि, बुद्धि, विधि, निधि, शनि, मुनि, लिपि, यद्यपि, सुरभि, नाभि, रश्मि, गिरि, कालि, वलि, छवि, कवि, राशि, ऋषि, कृषि, वृष्टि, दृष्टि आदि (न्यौपाने, २०७२ : ३३) ।

## घ) शब्दको सुरुमा दीर्घ हुने अवस्था

१. केही तत्सम शब्दहरूमा - ऊर्जा, जुन, पूर्ण, पूजा, सूचना, ईश, क्रीडा, क्षीण, गीति, ग्रीष्म, जीव, पीडा, नीति, वीभत्स, वीर, गीत, शीर्षक, न्यून, मूल्य, भूमि, शून्य, सूक्ष्म आदि ।

२. एकाक्षरी सर्वनामहरूमा - यी, ती, ऊ आदि (न्यौपाने, २०७२ : ३४) ।

**ङ) शब्दको बिचमा दीर्घ हुने अवस्था**

१. भवन, भुत, करण, कृत, भाव, कार आदि अन्त्यमा आउने शब्दमा - समीभवन, एकीभवन, केन्द्रीभूत, द्रवीभूत, समीकरण, एकीकरण, एकीकृत, एकीभाव, स्वीकार, अङ्गीकार आदि ।

२. ईय, ईन, अनीय, तीय प्रत्यय लागेका शब्दमा - स्वर्गीय, केन्द्रीय, प्राचीन, कुलीन, मानवीय, आदरणीय, द्वितीय, तृतीय आदि ।

३. केही तत्सम शब्दमा - अमूल्य, परीक्षा, सम्पूर्ण, प्रतीक्षा, प्रतिकूल, प्रतीक, शरीर, समीक्षा, अतीत, निरीह आदि ।

४. केही तत्सम शब्दहरूमा - गाईजात्रा, भेडीगोठ, चरीनङ्ग्रे, हात्तीपाइले, मखीबुट्टे आदि (न्यौपाने, २०७२ : ३४)

**च) शब्दको अन्त्यमा दीर्घ हुने अवस्था**

१. स्त्री लिङ्गी शब्दमा - आईमाइ, केटी, गाई, रानी, छोरी, दिदी, पत्नी, फुपू, भाउजु, सासु, माइजु, बहिनी, युवती, ठिटी, देवी, लक्ष्मी, गौरी आदि ।

२. 'ई' अन्त्यमा आउने निर्जीव शब्दमा - थाली, डाली, धोती, खरानी, टोपी, कैची, गाग्री, बाल्टी, फर्सी, पानी, पगरी, खापी आदि ।

३. जाति पेशा र थर बुझाउने रकारान्त शब्दमा - राई, माझी, घर्ती, क्षेत्री, प्रहरी, माली, ज्यामी, विद्यार्थी, लोहनी, सुवेदी, त्रिपाठी, पुरी, भट्टराई आदि ।

४. सर्वनाम शब्दमा - उनी, तिनी, यिनी, आफू, तपाई आदि ।

५. संख्या वाचक शब्दको रकार - साठी, सत्तरी, असी, एकासी आदि ।

६. सबै क्रियापदमा - गई, खाई, लेखी, जानू, भन्नू, दिनू, सुन्नू आदि ।

७. भाषा, ठाउँ, नदी बुझाउने नाममा - नेपाली, अङ्ग्रेजी, हिन्दी, कास्की, गुल्मी, सप्तरी, ठिमी, बाग्मती, कर्णाली, गण्डकी, सेती, महाकाली आदि ।

८. विशेषणबाट बनेका भाववाची नाममा - गरिबी, इमान्दारी, नोकरी, चोरी, जवानी आदि ।

९. विशेषण शब्दको अन्तिम रकार - अल्छी, तन्नेरी, उपकारी, दुःखी, धनी,  घाँसी, गफाडी, बङ्गाली, नेपाली आदि ।

१०. अन्त्यमा मती, वती, वी लाग्ने तत्सम शब्दमा - श्रीमती, रूपमती, अमरावती, सौभाग्यवती, भगवती, तपस्वी, मायावी आदि ।

११. ही, री, ती, ई, अरी, तरी मा टुङ्गिने शब्दमा - केही, सोही, यसरी, कसरी, त्यसरी, ट्वालट्वाल्ती आदि (न्यौपाने, २०७२ : ३४-३५) ।

**२) ब, व, ओ को प्रयोग**

**क) 'ब' को प्रयोग हुने अवस्था**

१. 'ब' उच्चारण हुने सबै मौलिक र आगन्तुक शब्दमा - बकुल्लो, बतास, बाकस, अखबार, बँदेल, बगैँचा, बैँस, बन्दुक, बन्द, सुब्बा, जाबो, बाबा, बखत, बल्खु, बनेपा, आदि ।

२. नेपाली धातु र क्रियामा - बन्, बच्, बढ्, बित्, बिर्स, बन्यो, बोल्छ, बोलाऊ, बग्छ, बित्ला, बसेथ्यो आदि ।

३. केही अव्यय शब्दमा - जब, तब, बेग्लै, बेसरी, बिस्तारै आदि ।

४. बे, बि, बढ उपसर्ग लागेका शब्दमा - बिकाम, बिखर्ची, बेकार, बेवारिस, बेवास्ता, बदनाम, बदमास, बदनियत आदि ।

५. 'म' भन्दा पछाडि र 'द, ध' भन्दा अगाडि आएमा - अम्बा, चुम्बक, चुम्बन, सम्बन्ध, शब्द, शताब्दि, बध, स्तब्ध, उपलब्धि आदि ।

६. केही तत्सम शब्दमा - कुबेर, निबन्ध, बन्धु, बल, बाल, ब्रह्म, ब्रह्माण्ड, बृहत्, बहु, बृहस्पति आदि (न्यौपाने, २०७२ : ३५) ।

**ख) 'व' को प्रयोग हुने अवस्था**

१. स्पष्ट रूपमा 'व' उच्चारण हुने शब्दमा - वकिल, पावर, वटा, वर, वारि, वरिपरि, कुवा, कछुवा, विरुवा, भुवा, हरूवा, क्वार्र, प्वाक्क, वापस्, वहाँ, रुवा आदि ।

२. 'व्य' आएका शब्दमा - व्यवहार, व्यापक, व्यापार, काव्य, व्यथा, व्याख्या, व्याप्ति, व्यय, गन्तव्य आदि ।

३. वि, सम्, अव उपसर्ग लागेका शब्दमा - विवेक, विवाद, विशेष, संविधान, संवाद, संवेदना, अवकाश, अवहेलना, अवतार आदि ।

४. त्व, तव्य, वत्, वान्, वती, वी, आवट, उवा, वाला, प्रत्यय लागेका शब्दमा - व्यक्तित्व, नेतृत्व, भावितव्य, गन्तव्य, पुत्रवत्, आत्मवत्, बलवान्, दयावान्, गुणवती, भगवती, तपस्वी, यशस्वी, देखावट, सजावट, भतुवा, लेखुवा, घरवाला आदि ।

५. केही तत्सम शब्दमा - वाद, वदन, वृत्त, वरण, वचन, वाक्य, वक्ता, वक्तव्य, वाचन, विधा, विद्वान्, वेदना, प्रवेश, वाहन, जीवन, जीविका, वृक्ष, वसन्त, वातावरण, वास्तविक, शिव, विश्व, वर्ण, कवि, प्रवाह, मानव आदि (न्यौपाने, २०७२ : ३५) ।

**ग) 'ओ' को प्रयोग हुने अवस्था**

१. केही क्रियापदहरूमा - जाओ, खाओ, बनाओस्, आढ्यो, ओत्छ, ओसार्छ, ओर्लनु आदि ।

२. तद्भव, मौलिक र आगन्तुक शब्दमा - ओखती, ओखर, ओटा, ओठ, ओरालो, ओडार, ओभ्रेल, ओभरसियर आदि (न्यौपाने, २०७२ : ३६) ।

**३) 'श, ष, स' को प्रयोग**

**क) 'श' को प्रयोग हुने अवस्था (तत्सम शब्दहरूमा मात्र)**

१. विसर्गभन्दा पहिलो - क्रमशः, प्रयाशः, शब्दशः आदि ।

२. 'च, र, ल, श, ऋ' भन्दा अगाडि - पश्चात्, पश्चिम, विश्राम, शृङ्गार, श्लेष, श्लिष्ट, शिशिर, राशि आदि ।

३. 'स, ष' भन्दा अगाडि - आशिष, विशेष, अशेष, शोषक, प्रशंसा, प्रशासन, शासक आदि ।

४. अन्य तत्सम शब्दहरू - शक्ति, शब्द, शास्त्र, शैक्षिक, शैली, शोक, आशीर्वाद, पाश्चात्य, प्रशाखा, प्रकाश, स्पर्श आदि (न्यौपाने, २०७२ : ३६)

**ख) 'ष' को प्रयोग हुने अवस्था (तत्सम शब्दहरूमा मात्र)**

१. 'क, ट, ठ, ड, ण, प' भन्दा अगाडि - कृषक, पुष्कर, दृष्टान्त, नष्ट, ओष्ठ, अनुष्ठान, कृष्ण, तृष्णा, पुष्प, पुष्पा आदि ।

२. स्वर वर्णको ठिक पछाडि - अष्ट, औषधि, उषा, उष्ण आदि ।

३. षट् जोडिएका शब्दमा - षट्कोण, षट्चक, षड्गुण, षड्दर्शन, षडानन् आदि ।

४. अन्य तत्सम शब्दहरूमा - अभिषेक, ईर्ष्या, भूषण, भेष, हर्ष, वर्षा, ग्रीष्म, कोष, पौष आदि (न्यौपाने, २०७२ : ३६) ।

**ग) 'स' को प्रयोग हुने अवस्था**

१. 'स' उच्चारण हुने सबै मौलिक, तद्भव र आगन्तुक शब्दहरूमा - आँसु, सहर, असोज, मुसो, सुगा, ससुरा, सेतो, सिकार, स्टेसन, सायद, सैतान, सहिद, सास, फेसन, तिर्सना आदि ।

२. स, सु, सत्, सह, सम् जोडिएका शब्दमा - सबल, सपरिवार, सुयोग्य, सुशील, सत्कार्य, सदिच्छा, सहकार्य, सहयोग, संवाद, संवेदना, आदि ।

३.केही तत्सम शब्दहरू - सङ्ग्रह, सङ्गीत, संख्या, सङ्केत, सङ्कीर्ण, सकल, पुस्तक, हास्य, स्मारक, स्थल, साधु, सदन, दास, पुरस्कार आदि (न्यौपाने, २०७२ : ३६) ।

**४) 'ऋ, रि' को प्रयोग**

**क) 'ऋ' को प्रयोग हुने अवस्था (तत्सम शब्दहरूमा मात्र)**

१. ऋण, ऋतु, ऋग्वेद, ऋषि, कृत, कृति, कृत्रिम, कृषक, गृह, घृणा, तृप्ति, दृढ, पृथक्, बृहत्, भृकुटी, मृत, वृद्धि, शृङ्खला, सृष्टि, हृदय आदि (न्यौपाने, २०७२ : ३६) ।

**ख) 'रि' को प्रयोग हुने अवस्था**

१. 'रि' उच्चारण हुने सबै मौलिक र आगन्तुक शब्दहरू - रिल, रिबन, रित्तो, रिस, रिकापी, रिङ, रिपोर्ट, रिक्सा आदि ।

२. केही तत्सम शब्दमा - रिक्त, रिपु, आदि ।

**५) 'ए, य, ये' को प्रयोग**

**क) 'ए' को प्रयोग हुने अवस्था**

१. एकबाट बनेका शब्दहरू - एकाइ, एकाङ्की, एक्लो, एकान्त, एक्कासी, एकालाप आदि ।

२. सङ्ख्या वाचक शब्दमा - एक, एघार, एउटा, एक्काइस, एकतिस, एकाउन्न, एकासी आदि ।

३. क्रियापदमा - कराए, आए, गएस्, गए, धोए, धोएस्, आए, आएको, सुनाए, सुनाएको, खाएनन्, दिएछन्, पाएछ, गएन आदि ।

४. केही तत्सम शब्दमा - एक, एवम्, एकल, एकत्र, एकता आदि (न्यौपाने, २०७२ : ३७) ।

**ख) 'य' को प्रयोग हुने अवस्था**

१. सर्वनाम र तिनबाट बनेका शब्दमा - यो, त्यो, यति, यी, त्यति, यहाँ, त्यहाँ, यस, त्यस, यसरी, त्यसरी, यतिन्जेल, त्यतिन्जेल आदि ।

२. भूतकालका केही क्रियापदमा - थियो, गयो, भन्यो, भयौ, थियौँ, खायौँ, जान्थ्यो, दिन्थ्यो आदि ।

३. केही व्युत्पन्न शब्दमा - कमैया, भरिया, मुर्ख्याइँ, रत्यौली, गवैया, सहरिया, चिनियाँ, हरियाली, हँस्यौली आदि ।

४. केही आगन्तुक शब्दमा - सायरी, कायल, यहुदी, सायद, यकिन, डायरी, डायल, एयर, टायल, टायर आदि ।

५. केही तत्सम शब्दमा - नायिका, गायिका, यन्त्र, दैत्य, वाणिज्य, मनुष्य, पूज्य, जय, मूल्य, दृश्य, स्थायी, आदि ।

**ग) 'ये' को प्रयोग हुने अवस्था**

केही शब्दमा मात्र - प्रत्येक, मध्ये, ध्येय, अन्त्येष्टि आदि (न्यौपाने, २०७२ : ३७) ।

**६) 'क्ष, क्षे, क्ष्य' को प्रयोग हुने अवस्था (तत्सम शब्दहरूमा मात्र)**

**क) 'क्ष, क्षे, क्ष्य' को प्रयोग (तत्सम शब्दहरू मात्र) -** अक्षता, अक्षर, अध्यक्ष, कक्ष, क्षमता, क्षय, दक्ष, पक्ष, प्रत्यक्ष, परीक्षण, राक्षस, भिक्षा, क्षेत्रि, क्षेत्र, संक्षेप, क्षेप्यास्त्र, परिप्रेक्ष्य, आरक्ष्य आदि (न्यौपाने, २०७२ : ३७) ।

**ख) 'छ, छ्या, छे' को प्रयोग हुने अवस्था**

१. मौलिक र आगन्तुक शब्दमा - छेत्री, अच्छेता, छिक, छेक, छेउ, छेपारो, छेलो, छेस्किनी, छाक, छ्याङ, छ्याप्छ्याप्ती, रछ्यान, छ्याङ्ङ आदि ।

२. तत्सम शब्दमा - छन्द, छल, छवि आदि (न्यौपाने, २०७२ : ३७) ।

**७) 'ज्ञ, ग्याँ, ग्या' को प्रयोग**

**क) 'ज्ञ' को प्रयोग हुने अवस्था (तत्सम शब्दहरूमा मात्र) :** ज्ञान, अज्ञान, विज्ञप्ति, जिज्ञासा, प्रतिज्ञा, यज्ञ, संज्ञा, ज्ञात, विज्ञ, युवराज्ञी, विज्ञान आदि (न्यौपाने, २०७२ : ३८) ।

**ख) 'ग्याँ र ग्या' को प्रयोग हुने अवस्था**

मौलिक र आगन्तुक शब्दमा - ग्याँस, ग्याँचे, ग्यास्टिक, ग्याङ, ग्यारेन्टी, ग्यालग्याल आदि ( न्यौपाने, २०७२ : ३८) ।

**८) हलन्त (खुट्टो काटिने) र अजन्त (खुट्टो नकाटिने) को प्रयोग**

**क) हलन्तको प्रयोग हुने अवस्था**

१. हलन्त उच्चारण गरिने अनादरका क्रियापदमा - गर्, पढ्, हिँड्, लेखेस्, खान्छन्, जाऊन्, गएकी थिइस्, होलास् आदि ।

२. केही अव्यय शब्दमा - इस्, उस्, झन्, धत्, उफ् आदि ।

३. मान्, वान्, वत्, क, ट, त, द, न, प, म अन्त्यमा आउने केही तत्सम शब्दमा - श्रीमान्, आयुष्मान्, दयावान्, गुणवान्, पूर्ववत्, यावत्, दण्डवत्, प्राक्, पृथक्, सम्राट, जगत्, अर्थात्, शरद्, सभासद्, महान्, अनेकन्, अनुष्टुप्, स्वयम्, एवम्, अहम्, शुभम्, स्वागतम् आदि (न्यौपाने, २०७२ : ३८) ।

**ख) अजन्तको प्रयोग हुने अवस्था**

१. नाम, सर्वनाम, विशेषण र अव्यय शब्दको उच्चारण हलन्त भए पनि अजन्त लेखिन्छ, जस्तै :- राम, भात, उसले, गरिब, धन, जापान, हजुर, चौपट आदि ।

२. केही अनुकरणात्मक शब्द - खलबल, सकसक, झमझम, झिलझिल, दनदन, गनगन, बरबर आदि ।

३. अन्त्यमा 'र' आउने शब्द - शरीर, भार, कठोर, जागिर, मगर, हतियार, जरुर आदि ।

४. रोमन वर्णको छोटकरी रूपमा - एस.एल.सी, एम.ए., पि.एच.डी. आदि ।

५. केही अव्यय शब्दमा - जब, तब, तर, वर, पर, साथ, सँग आदि (न्यौपाने, २०७२ : ३८) ।

**९) 'शिरबिन्दु, चन्द्रबिन्दु र पञ्चम वर्ण' को प्रयोग**

**क) शिरबिन्दुको प्रयोग हुने अवस्था** : य, र, ल, व, श, स, ह, ज्ञ भन्दा अगाडि पञ्चम वर्ण आउने तत्सम शब्दमा - संयोग, संयम, संरक्षण, संरचना, संलग्न, संवाद, संवेदना, संशय, अंश संसार, संसर्ग, संहार, संज्ञा, संज्ञान आदि (न्यौपाने, २०७२ : ३८) ।

**ख) चन्द्रबिन्दुको प्रयोग हुने अवस्था**

१. प्रथम पुरुषको क्रियापदमा - छौँ, गएँ, गयौँ, जाऔँला, भनौँला, जान्थेँ, जान्थ्यौँ आदि ।

२. स्वर र द्विस्वरका ठिक पछाडि द, थ, छ वर्ण आएमा - खाँदा, जाँदा, आउँदा, हुँदै, छोडिदैँ, बोलाउँथे, डराउँथी, आउँछ, गाउँछस् आदि ।

३. नाके ध्वनिको प्रयोग हुने अन्य केही शब्दहरूमा - अँध्यारो, आँप, आँशु, घाँटी, जुँगा, टाँक, तुवाँलो, ध्वाँसो, फाँसी, बाँस, भुँडी, नयाँ, दायाँ, बायाँ, आँखा, मैयाँ, उहाँ, कहाँ, यहाँ, वहाँ, घाँस, तँ, अँजुली, जाँच आदि (न्यौपाने, २०७२ : ३९) ।

**ग) पञ्चम वर्णको प्रयोग हुने अवस्था**

१. क, ख, ग, घ भन्दा अगाडि 'ङ' को प्रयोग हुन्छ - अङ्क, शङ्ख, अङ्ग, सङ्घ, शङ्का, संख्या, सङ्गत आदि ।

२. च, छ, ज, झ भन्दा अगाडि 'ञ' को प्रयोग हुन्छ - पञ्च, सञ्चय, लाञ्छना, सञ्चय, पुञ्ज, झञ्झा आदि ।

३. ट, ठ, ड, ढ भन्दा अगाडि 'ण' को प्रयोग हुन्छ - घण्ट, कण्टक, कण्ठ, झण्डा, पण्डित, चण्डी आदि ।

४. त, थ, द, ध भन्दा अगाडि 'न' को प्रयोग हुन्छ - सन्त, पन्थ, मन्द, गन्ध आदि ।

५. प, फ, ब, भ अगाडि 'म' को प्रयोग हुन्छ - कम्प, पम्फा, अम्बा, शम्भु आदि ।

६. तत्सम शब्द बाहेकका अन्य शब्दहरूमा भने उच्चारण अनुसारकै पञ्चम वर्णको प्रयोग गरिन्छ । जस्तै :- अन्डा, कन्जुस, खन्चुवा, गुन्डा, झन्झट, चम्चा, टन्टा, पन्चर, फन्को, मन्जुर, लन्डन, सन्काहा, रुम्जा, दुम्जा, भान्टा, झाम्टा आदि (न्यौपाने, २०७२ : ३९) ।

**१०) पदयोग र पद वियोगको प्रयोग**

**क) पदयोग (जोडेर लेख्ने) को प्रयोग हुने अवसथा**

१. विभक्ति, उपसर्ग, प्रत्यय तथा बहुवचन जनाउने शब्दहरू - उसले, भाइको, घरमा, स्कुलबाट, सहकार्य, सुकर्म, बोलक्कड, गाउँले, उनीहरू, घरहरू आदि ।

२. अकरण बुझाउने नः - नजा, नभन्नु, जाँदैनथ्यो, गइनछिन्, भनेन, जान्न आदि ।

३. दुई अक्षरसम्मको स्वरान्त नामयोगी - घरभित्र, तिमीबिना, खोलापारि, गाउँसम्म आदि ।

४. आदरार्थी 'जी' र 'ज्यू' - मन्त्रीजी, राष्ट्रपतिज्यू, सभापतिज्यू, नेताजी आदि ।

५. शब्दमा प्रत्यय जस्ता भई आउने - कर, कार, कृत, परक, मूलक, जनक, विद् - कष्टकर, कलाकार, पृथकीकृत, दृष्टिपरक, सेवामूलक, अपमानजनक, भाषाविद्, शिक्षाविद् आदि ।

६. एकाक्षरी, दुई शब्दबाट बनेका समस्त शब्द - नुनतेल, सागपात, घरबार, दशमुख आदि ।

७. समस्त शब्द - पूजाकोठा, घण्टाघर, भान्साकोठा, घामछायाँ, पाँचतले, चारकोसे, बहुमुखी, बाबुआमा आदि ।

८. द्वित्वबाट बनेका शब्द - ऐँचोपैँचो, सानातिना, आआफ्नो, झैँझगडा, सरसल्लाह, कामसाम, टालटुल आदि (न्यौपाने, २०७२ : ३९-४०) ।

**ख) पद वियोग (छुट्टै लेख्ने) को प्रयोग हुने अवस्था**

१. वाक्यमा हरेक शब्द - राम बजार जान्छ ।

२. वाक्यभित्रका संयोजक तथा निपात - र, बा, तर, तथा, भने, भन्ने, भन्ने, रे, नि, पो, त, ल, लौ, है, ता, हगि आदि ।

३. जना, वटा/ओटा आदि कोटिकर - दश जना, पन्ध्र वटा, पाँच कोसा, दुई दाना, तीन पोटी आदि ।

४. विभक्तिपछि आउने नामयोगी - भाइका लागि, घरदेखि बाहिर, विवेकले भन्दा, तिम्रा निम्ति, आफ्ना लागि आदि ।

५. व्यञ्जनात्मक दुई अक्षरी वा सोभन्दा बढी  अक्षरका नामयोगी - तिमी बाहेक, बहिनी समान, कानुन बमोजिम, घर पछाडि, भाइ लगायत, संविधान अनुसार आदि ।

६. दुई वा सोभन्दा बढी अक्षरबाट बनेका व्यञ्जनात्मक शब्द - नेपाल सरकार, वाणिज्य विभाग, कानुन मन्त्रालय, विशेष अदालत आदि ।

७. व्यक्ति वाचक नामसँग आउने शब्द - गुल्मी जिल्ला, राम बहादुर, राप्ती नदि, रामायण किताब, नेपाल राष्ट्र आदि ।

८. जाति वर्ग, समाज, क्षेत्र, समय आदि जनाउँदा सोभन्दा पहिले आउने नाम - मानव जाति, महिला जाति, गुरु वर्ग, विद्यार्थी वर्ग, पण्डित वर्ग, क्षेत्री समाज, मगर समाज, गुल्मेली समाज, सज्जन वृन्द, वर्षा याम, वसन्त ऋतु आदि ।

९. सार्थक प्रकृतिका समस्त शब्द - शुभकामना, मुना-मदन, मानव-शास्त्र, नाफा-नोक्सान, गौरी-शङ्कर, खाने-पानी आदि ।

१०. तुल्यतावाची शब्द - तिमी जस्तो, भने जसरी, बुवा झैँ, सागर सरि, मुटु समान, भाइ सरह, ऊ जस्तै आदि ।

११. विभाजक 'न' - न भाइ आयो न तिमी, न आयो न खबर गऱ्यो आदि ।

१२. कुनै शब्दसँग आउने लाग्दो, पर्दो, लायक, योग्य आदि विशेषण शब्द - माया लाग्दो, मन पर्दो, बस्न लायक, खान योग्य आदि ।

१३. दुईभन्दा बढी शब्दबाट बनेका समस्त शब्द - तन मन धन, दाल भात डुकु, लोक सेवा आयोग, शिक्षक सेवा आयोग, गास बास कपास, मर्नु न बाँच्नु, रुनु न हाँस्नु आदि ।

१४. संयुक्त क्रियाका हरेक शब्द - खानु पर्छ, खाँदै थियो, लेखेको हुनेछ, खाई दिनु होला, गरी सक्नु भयो आदि (न्यौपाने, २०७२ : ४०-४१) ।

### २.२.२.५ लेख्य चिह्न

नेपाली भाषाका लिपिमा वर्णहरूका साथै विभिन्न चिह्नहरूको पनि प्रयोग गरिन्छ । स्तरीय र शुद्ध भाषाको प्रयोगमा लेख्य चिह्नहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । लेख्य चिह्नहरूको सही प्रयोगले लिखित अभिव्यक्तिलाई स्पष्ट, अर्थपूर्ण, सार्थक र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ । लेखाइका अर्थका सन्दर्भहरूलाई स्पष्ट पार्न, भाषिक शुद्धता कायम गर्न लेख्य चिह्नले मद्दत गर्दछ । नेपाली भाषामा प्रयोग हुने लेख्य चिह्नहरू यस प्रकार रहेका छन् (न्यौपाने, २०७२ : ५३) :-

**क) अल्प विराम चिह्न** (,)

वाक्यमा छोटो विश्रामका लागि अल्प विराम चिह्नको प्रयोग गरिन्छ । वाक्यमा एकै किसिमका पद, पदावली, उपवाक्य आदिमा तथा सम्बोधन गरिएको शब्दमा यस चिह्नको प्रयोग गरिन्छ । जस्तै -

अ) राम, श्याम, हरि, सीता र कविता स्कुल गए ।

आ) गर्मीले अल्छी लाग्ने, खाना नपच्ने र रोग लाग्ने बनाउँछ ।

इ) ए नानी, छिटो घर आऊ (न्यौपाने, २०७२ : ५३) ।

**ख) अर्ध विराम चिह्न** (;)

अल्पविराम भन्दा बढि र पूर्ण विरामभन्दा कम समय अडिँदा अर्ध विराम चिह्नको प्रयोग गरिन्छ । यसले उपवाक्यलाई जोड्ने काम गर्छ । जस्तै -

अ) राम्ररी पढूँ ; धन कमाऊँ, नाम कमाऊँ ; सबैका इच्छा हुन् ।

आ) कोही खाँदै छन् ; कोहि नाच्दै छन् ; कसैलाई कसैको वास्ता छैन (न्यौपाने, २०७२ : ५३) ।

**ग) पूर्ण विराम चिह्न (।)**

वाक्य टुङ्ग्याउनको लागि प्रयोग गरिने चिह्न पूर्ण विराम हो । यो वाक्यको अन्त्यमा आउँछ (न्यौपाने, २०७२ : ५३) । जस्तै :-

अ) हाम्रो देश नेपाल हो ।

आ) हामी नेपाली हौँ ।

**घ) प्रश्न वाचक चिह्न** (?)

कसैलाई प्रश्न सोध्दा वा जिज्ञासा प्रकट गर्दा प्रश्न वाचक चिह्नको प्रयोग गरिन्छ । (न्यौपाने, २०७२ : ५३) जस्तै -

अ) तिम्रो नाम के हो ?

आ) तिम्रो घर कहाँ हो ?

**ङ) उद्गार चिह्न वा विस्मय सूचक चिह्न (!)**

आश्चर्य, घृणा, हर्ष, विस्मात आदि विशेष भाव बुझाउन प्रयोग गरिने चिह्न वा विस्मय सूचक चिह्न हो । जस्तै -

अ) आहा ! कति राम्रो बगैचा ।

आ) छि ! कस्तो फोहोर ठाउँ । (न्यौपाने, २०७२ : ५४)

**च) निर्देशक चिह्न (:-)**

कुनै विषयको सूचना दिँदा वा कुनै कुरालाई स्पष्ट पार्न निर्देशक चिह्नको प्रयोग गरिन्छ । जस्तै -

अ) श्यामले भन्यो - "म विदेश जान्न ।"

आ) मैले भनेँ - "आज अवश्य पानी पर्छ ।"

इ) कुनै एक विषयमा निबन्ध लेख्नुहोस् :-

शिक्षा, देशप्रेम (न्यौपाने, २०७२ : ५४)

**छ) कोष्ठक चिह्न** (())

अर्थ स्पष्ट पार्न र संख्या बुझाउनका लागि कोष्ठक चिह्नको प्रयोग गरिन्छ । जस्तै -

नेपालको राजधानी (काठमाडौँ) फोहोरले भरिएको छ (न्यौपाने, २०७२ : ५४) ।

**ज) उद्धरण चिह्न** ('...' "...")

पुस्तक, पत्र-पत्रिका, पुरस्कार, कुनै कृति वा लेखको शीर्षक आदिमा एकोहोरो उद्धरण चिह्नको प्रयोग गरिन्छ भने कसैका भनाइलाई जस्ताको तस्तै प्रस्तुत गर्दा दोहोरो उद्धरण चिह्नको प्रयोग गरिन्छ । जस्तै -

'मुना मदन', 'आइमाई साथी', 'लोग्ने मान्छे'

बुबाले भन्नुभयो " छिटो घर जा" (न्यौपाने, २०७२ : ५४) ।

**झ) योजक चिह्न** (-)

दुई शब्दबिच जोडिएको सम्बन्ध देखाउने चिह्नलाई योजक चिह्न भनिन्छ । जस्तै :

सुख-दुःख, दीन-दुःखी, हर्ष-विस्मात्

एउटै डिकोमा लेख्नुपर्ने शब्दहरू एउटा हरफमा नअटाएमा पनि योजक चिह्नको प्रयोग गरिन्छ । जस्तै- 'तिमी-हरू', 'समाज-लाई' ।

**ञ) तीर्यक चिह्न** (/)

कुनै कुराको विकल्प जनाउनका लागि तीर्यक चिह्नको प्रयोग गरिन्छ । जस्तै -

तँ खान्छस्/खान्छेस् ।

उनी निकै चलाख छन्/छिन् (न्यौपाने, २०७२ : ५४) ।

**ट) सङ्क्षेप चिह्न** (.)

कुनै शब्दलाई छोटकरीमा लेख्नुपर्दा सङ्क्षेप चिह्नको प्रयोग गरिन्छ । जस्तै - वि.सं., ई.सं., उ.मा.वि., नि.मा.वि., क्र.सं., पृ.सं., एम.एड., एस.एल.सी. (न्यौपाने, २०७२ : ५४) ।

**ठ) ऐजन चिह्न (”)**

माथि दिइएका कुनै कुरा तल पनि जस्ताको तस्तै दोहोरिएमा ऐजन चिह्नको प्रयोग गरिन्छ । जस्तै -


ऊ घर गएर आयो ।

भाइ ”  ”  ” ।  (न्यौपाने, २०७२ : ५४)

### २.२.२.६ शब्दवर्ग

शब्दले गर्ने कामका आधारमा छुट्याइने शब्दको समूहलाई शब्दवर्ग भनिन्छ । शब्दवर्ग अन्तरर्गत नाम, सर्वनाम, विशेषण, अव्यय र क्रियापद पर्दछन् । जसलाई निम्न चित्रद्वारा प्रस्तुत गर्न सकिन्छ :-

**चित्र ६ : शब्दवर्गका प्रकार**




**क) नाम**

कुनै व्यक्ति, वस्तु, पदार्थ, अवस्था, ठाउँ, प्रणी, भाव आदिलाई बुझाउने वा चिनाउने शब्दलाई नाम भनिन्छ । नामले वाक्यमा कर्ता, कर्म, पूरक आदिको काम गर्छ । ‘को’ र ‘के’ भन्ने प्रश्नको उत्तरमा पनि नाम शब्द आउने गर्दछ । जस्तै -


को ? – आमा, बुवा, दाजु, दिदी, मानिस, हरि, राम, श्याम, गीता, सीता आदि ।

के ? – गाई, गोरु, फलाम, माया, सुख, प्रेम, हात, मुख, चामल, हिमाल, डाक्टर, सुन, चाँदी, दूध आदि (न्यौपाने, २०७२ : २६) ।

नाम शब्दलाई गन्ने आधारमा गणनीय र अगणनीय, मानवताका आधारमा मानवीय र मानवेतर, प्राणीका आधारमा मानवीय र मानवेतर, प्राणीका आधारमा सजीव र निर्जीव गरी वर्गीकरण गरेको पाइन्छ (न्यौपाने, २०७२ : २६) । परम्परागत आधारमा भने

नामलाई पाँच प्रकारमा वर्गीकरण गरिएको  छ । जसलाई चित्रद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

**चित्र ७ : नामका प्रकार**




**अ) व्यक्तिवाचक नाम**

कुनै निश्चित एउटा व्यक्ति, वस्तु, ठाउँ आदिलाई तोकेर वा किटान गरेर बुझाउने नामलाई व्यक्तिवाचक नाम भनिन्छ । जस्तै :

व्यक्ति बुझाउने – राम, श्याम, हरि, सीता, गीता, मीना

वस्तु बुझाउने – बसाइँ (उपन्यास), मुनामदन (खण्डकाव्य), रामायण, बाइवल

ठाउँ बुझाउने –काठमाडौँ, पोखरा, बुटवल, पाल्पा, गुल्मी

चाडपर्व बुझाउने – दसैँ, तिहार, होली, ल्होसार, इद

नदी बुझाउने – मेची, कोशी, गण्डकी, राप्ती, सेती, महाकाली (न्यौपाने, २०७२ : २६) ।

**आ) जातिवाचक नाम**

एउटै गुण, एउटै स्वभाव, एउटै कार्य बुझाउन प्रयोग गरिने नामलाई जातिवाचक नाम भनिन्छ । जस्तै : हिमाल, पहाड, तराई, नेपाल, देश, राष्ट्र, जिल्ला, सहर, बजार, घर, खेत, गोठ, आमा, बुवा, पशु आदि (गैरे, २०६९ : ९६) ।

**इ) समूहवाचक नाम**

कुनै वस्तु, प्राणी आदिको समूहलाई बुझाउने नामलाई समूहवाचक नाम भनिन्छ । जस्तै :

वस्तुको समूह बुझाउने – रास, थुप्रो, डङ्गुर, झुप्पो आदि ।

प्राणीको समूह बुझाउने – हुल, बथान, बगाल, गोलो, जमात, ताँती, जन्ती, लस्कर आदि (न्यौपाने, २०७२ : २६) ।

**ई) द्रव्यवाचक नाम**

गन्न नसकिने, नापतौलबाट छुट्याउन सकिने पदार्थ विशेषलाई द्रवयवाचक नाम भनिन्छ । यस्ता पदार्थहरू ठोस, तरल र ग्याँस गरी तीन किसिमका छन् । जस्तै :

ठोस पदार्थ बुझाउने – फलाम, सुन, चाँदि, ढुङ्गा, नुन, चामल, पिठो आदि ।

तरल पदार्थ बुझाउने – पानी, दूध, तेल, मट्टितेल, पेट्रोल, डिजेल आदि ।

ग्याँस पदार्थ बुझाउने – धुँवा, हावा, अक्सिजन आदि (न्यौपाने, २०७२ : २७) ।


**उ) भाववाचक नाम**

देख्न नसकिने तर अनुभव वा अनुभूति गर्न सकिने भावहरूको नामलाई भाववाचक नाम भनिन्छ । जस्तै : दया, माया, घृणा, ईर्ष्या, रिस, डाहा, क्रोध, आवेग, भोक, प्यास, प्रेम, लाज, दुःख, सुख, करुणा आदि शब्द भाववाचक नामहरू हुन् (गैरे, २०६९ : ९७) ।

**ख) सर्वनाम**

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । जस्तै : म, हामी, तँ, तिमी, तपाई, ऊ, उनी आदि सर्वनाम शब्दहरू हुन् (न्यौपाने, २०७२ : २७) । सर्वनामले वाक्यमा नामको प्रतिनिधित्व गरेर पुनरावृत्तिलाई रोक्छ । यसले नामको मात्र प्रतिनिधित्व गर्छ । सर्वनाम पाँच प्रकारका छन् । जसलाई निम्न चित्रमा प्रस्तुत गर्न सकिन्छ :–

**चित्र ८ : सर्वनामका प्रकार**




### अ) पुरुषवाचक सर्वनाम

वक्ता (बोल्ने), स्रोत (सुन्ने) वा विषय (कुरा गरिने) का सट्टामा प्रयोग गरिने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ । पुरुषवाचक सर्वनाम प्रथम पुरुषवाचक, द्वितीय पुरुषवाचक र तृतीय पुरुषवाचक गरी तीन प्रकारका छन् (गैरे, २०६९ : ९७)। ती हुन् :–

### १. प्रथम पुरुषवाचक

वक्ता वा बोल्ने व्यक्तिलाई बुझाउन प्रयोग गरिने सर्वनाम प्रथम पुरुषवाचक सर्वनाम हो । जस्तै : म, हामी आदि (न्यौपाने, २०७२ : २८) ।

### २.द्वितीय पुरुषवाचक

दर्शक, स्रोत वा जोसँग कुरा गरिन्छ, त्यसलाई बुझाउन प्रयोग गरिने सर्वनाम द्वितीय पुरुषवाचक सर्वनाम हो । जस्तै : तँ, तिमी, तपाई, हजुर, तिमीहरू, तपाईहरू आदि (न्यौपाने, २०७२ : २८) ।

**३. तृतीय पुरुषवाचक**

कुनै विषय वा जसका बारेमा कुरा गरिन्छ, त्यसलाई बुझाउन प्रयोग गरिने सर्वनाम तृतीय पुरुषवाचक सर्वनाम हो । जस्तै : यो, त्यो, यी, यिनी, ऊ, उनी, ती, तिनी, उहाँ, उनीहरू, तिनीहरू आदि (न्यौपाने, २०७२ : २८) ।

**आ) दर्शकवाचक सर्वनाम**

नजिक वा टाढाको व्यक्ति, वस्तु, विषय, पदार्थका सट्टामा प्रयोग हुने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ । दर्शकवाचक सर्वनाम समीपवर्ती र दूरवर्ती गरी दुई प्रकारका छन् :–

**१. समीपवर्ती दर्शकवाचक**

नजिकको व्यक्ति, वस्तु आदिका सट्टामा प्रयोग गरिने सर्वनाम समीपवर्ती दर्शकवाचक सर्वनाम हो । जस्तै : यो, यी, यिनीहरू आदि (न्यौपाने, २०७२ : २८) ।

**२. दूरवर्ती दर्शकवाचक**

टाढाको व्यक्ति, वस्तु आदिको सट्टामा प्रयोग गरिने सर्वनाम दूरवर्ती दर्शकवाचक सर्वनाम हो । जस्तै : त्यो, ती, ऊ, उनीहरू, तिनीहरू आदि (न्यौपाने, २०७२ : २८) ।

**इ) सम्बन्ध वाचक सर्वनाम**

कुनै निश्चित वा अनिश्चित व्यक्ति, वस्तु वा उपवाक्यका बीच सम्बन्ध जोड्न प्रयोग गरिने सर्वनाम सम्बन्ध वाचक सर्वनाम हो । जस्तै :

निश्चित – जो, जोजो, जे, जेजे, जुन, जुनजुन, जति, जस्तो

अनिश्चित – जोसुकै, जेसुकै, जतिसुकै, जुनसुकै (गौतम, ओझा र सुवेदी, २०६७ : १३४) ।

**ई) प्रश्नवाचक सर्वनाम**

कुनै व्यक्ति, वस्तु वा ठाउँका लागि प्रश्न गर्दा प्रयोग गरिने सर्वनाम प्रश्नवाचक सर्वनाम हो । जस्तै : व्यक्तिका लागि प्रयोग गरिने को, कोको, वस्तुका लागि प्रयोग गरिने के, केके र ठाउँका लागि प्रयोग गरिने कहाँ, कहाँकहाँ आदि (गैरे, २०६९ : ९८) ।

### ङ) निजवाचक सर्वनाम

निजत्वको बोध गराउन प्रयोग हुने सर्वनाम निजवाचक सर्वनाम हो । यो प्रथम, द्वितीय र तृतीय पुरुषका नाम वा सर्वनामसँग सन्दर्भित भएर आउँछ । यो नाम वा सर्वनामको पछाडि वा एक्लै पनि प्रयोग हुन्छ । जस्तै : आफू, आफूआफू, आफैँ, निज, स्वयम् आदि (गौतम, ओझा र सुवेदी, २०६७ : १३४) ।

### ग) विशेषण

नाम वा सर्वनामको विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । विशेषणले नाम वा सर्वनामको गुण, दोष, रूप, रङ्ग, स्वभाव, आकार, संख्या, अवस्था आदिलाई बुझाउँछ । कुन, कति, कस्तो, कत्रो, कसको जस्ता प्रश्नको उत्तरमा विशेषण शब्द आउँछ । जस्तै :

कुन ? – जेठो, माहिलो, कान्छो, पहिलो, दोस्रो, तेस्रो, अघिल्लो आदि ।

कति ? – एक, दुई, पाँच, दश, सय, धेरै, थोरै, सबै, अलिकति आदि ।


कस्तो ? – कालो, सेतो, रातो, अमिलो, असल, खराब, बाठो आदि ।

कत्रो ? – सानो, ठूलो आदि ।

कसको ? – उसको, मेरो, तिम्रो, आफ्नो, दिदीको आदि (न्यौपाने, २०७२ : ३०) ।

विशेषणलाई निम्न लिखित चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ :–

**चित्र ९ : विशेषणका प्रकार**



**अ) गुणबोधक विशेषण**

कुनै व्यक्ति वा वस्तुको गुण, दोष, रङ्ग, आकार, स्वभाव, स्थान आदि बुझाउने शब्दलाई गुणबोधक विशेषण भनिन्छ । कुन, कस्तो, कत्रो, कसको प्रश्नको उत्तरमा गुणबोधक विशेषण आउँछन् । जस्तै :

जेठो छोरो, असल केटो, काली केटी, आफ्नो मान्छे,

मेरो साथी, मसिनो पिठो, हरियो कपडा आदि (न्यौपाने, २०७२ : ३०) ।

**आ) परिमाण बोधक विशेषण**

कुनै पनि वस्तुलाई नापतौल गरेर निकालिएको परिमाण वा मात्रालाई बुझाउने शब्दलाई परिमाण बोधक विशेषण भनिन्छ । 'कति' प्रश्नको उत्तरमा परिमाण बोधक विशेषण आउँछ । जस्तै : धेरै, थोरै, अलिकति, केही, सबै, पूरा, आधा, कम, बेसी, ज्यादै प्रशस्तै आदि (गैरे, २०६९ : ९८) ।

**इ) संख्या बोधक विशेषण**

कुनै व्यक्ति वा वस्तुको गणना गरेर निकालिने निश्चित वा अनिश्चित संख्यालाई बुझाउने शब्दलाई संख्या बोधक विशेषण भनिन्छ । जस्तै : एक, दुई, पाँच, सय, सयौँ, हजारौँ, दोब्बर, दुगुणा, तेब्बर, पहिलो, दोस्रो, तेस्रो, प्रथम, द्वितीय, तृतीय, एउटा, दुईवटा आदि (गैरे, २०६९ : ९८) ।

**ई) सार्वनामिक विशेषण**

सर्वनाम शब्दले सर्वनामको काम नगरेर विशेषणको काम गर्छ भने त्यसलाई सार्वनामिक विशेषण भनिन्छ (गैरे, २०६९ : ९९) जस्तै :-

यो बालक ज्ञानी छ ।

त्यो झोला ठिक छैन ।

जो व्यक्ति दुःखी छ, त्यसको सेवा गर ।

को मान्छे आएको थियो ? (न्यौपाने, २०७२ : ३०) ।

**घ) क्रियापद**

वाक्यमा कर्ताले गरेको काम, घटित घटना तथा अवस्थालाई बुझाउने र वाक्यलाई टुङ्ग्याउने शब्दलाई क्रियापद भनिन्छ। क्रियापदले वाक्यमा विधेयकको काम गर्छ।

जस्तै :

रामले भात खायो (काम)


ऊ रुखबाट लड्यो (घटना)

गोठमा गाईहरू छन् (अवस्था)

क्रियापदको व्याकरणात्मक कोटिका आधारमा सबैभन्दा बढी रूपायन हुन्छ। क्रियापदलाई संरचनाका आधारमा सरल र जटिल, कर्मका आधारमा सकर्मक र अकर्मक, समापनका आधारमा समापिक र असमापिका, अर्थका आधारमा मुख्य र सहायक, पूरकको आधारमा पूरक विहिन र पूरकापेक्षी गरी वर्गीकरण गर्न सकिन्छ। खासगरी समापक क्रियालाई मात्र क्रियापद मानिएको छ (न्यौपाने, २०७२ : ३१)।


क्रियापदको यस किसिमको वर्गीकरणलाई निम्नानुसार चित्रमा प्रस्तुत गर्न सकिन्छ :

**चित्र १० : संरचनाका आधारमा क्रियापद**





(गैरे, २०६९ : १०१)

**चित्र ११ : कर्मका आधारमा क्रियापद**





(गैरे, २०६९ : १०२)

**चित्र १२ : वाक्य समापनका आधारमा क्रियापद**





(गैरे, २०६९ : १००)

**चित्र १३ : अर्थका आधारमा क्रियापद**




(गैरे, २०६९ : १००)

**चित्र १४ : पूरकका आधारमा क्रियापद**




(गैरे, २०६९ : १०२)

**ङ) अव्यय**

व्याकरणात्मक कोटिका आधारमा रूपायन वा परिवर्तन नहुने अविकारी वर्गका शब्दलाई अव्यय शब्द नाम, सर्वनाम तथा विशेषण जस्ता नामिक शब्दका पछाडि जोडिएर प्रयोग हुन्छ । जस्तै : सँग, सित, तिर, तर्फ, तल, माथि, भित्र, बाहिर आदि (न्यौपाने, २०७२ : ४९) ।


म दिनभरि घरमै हुन्छु ।

उनीहरू घरमाथि घाँस काट्दै छन् ।

उनी घरतर्फ लागिन् ।

अव्यय पाँच प्रकारको हुन्छ । जसलाई निम्न आरेखद्वारा प्रस्तुत गर्न सकिन्छ :–

**चित्र १५ : अव्यय**



**अ) नामयोगी**

नामसँग जोडिएर आउने अव्ययको एक प्रकार नामयोगी शब्द हो । नामयोगीका प्रकारहरू निम्नानुसार छन् :-

समय – अघि, पछि, पहिले, पश्चात्, खेर

स्थान – तल, माथि, भित्र, बाहिर, मुनि, बिच

दिशा – तिर, तर्फ, निर

रीति – झैँ, जस्तो, भन्दा, अनुसार, सामु

स्थिति – सँग, सित, सहित, समेत

अवधि – तक, सम्म

अभाव – बिना, बाहेक, रहित, अलावा, सिवाय


कारण – निम्ति, निमित्त, लागि, लेखेकाले, पढेकाले (न्यौपाने, २०७२ : ५०) ।

**आ) क्रियायोगी**

वाक्यमा क्रियाको सहयोगी बनेर आउने शब्दलाई क्रियायोगी भनिन्छ । यसले कुनै अवस्थामा वाक्यको विशेषतालाई पनि बुझाउँछ । जस्तै : मुसुक्क, भुसुक्क, ठुसुक्क, सुटुक्क, लुसुक्क, राम्ररी, बेसरी, सुस्तरी, झनक्क, हिजो, आज, भोलि, पर्सी, बिहान, दिउँसो, भित्र, बाहिर, धेरै, थोरै, हुरुक्क, लेखेकाले, हिँडेकाले आदि (गैरे, २०६९ : १०३) ।

क्रियायोगी क्रियाविशेषण र क्रियान्वयी गरी दुई प्रकारको हुन्छ । जसलाई आरेखद्वारा निम्नअनुसार प्रस्तुत गरिएको छ :

**चित्र १६ : क्रियायोगीका प्रकार**



**क्रियाविशेषण :**

क्रियायोगीमध्ये क्रियाको विशेषता बुझाउन प्रयोग हुने शब्दलाई क्रियाविशेषण भनिन्छ । क्रियाविशेषणहरू विशेषण नभई अव्यय हुन्छन् । सबै अनुकरणात्मक शब्दहरू यस अन्तर्गत पर्दछन् । जस्तै : मुसुक्क, भुसुक्क, सुटुक्क, राम्ररी, बेस्सरी, ठुसुक्क आदि ।

**क्रियान्वयी :**

क्रियायोगीमध्ये क्रियालाई सहयोग गर्ने तर क्रियाको विशेषता नबुझाउने शब्दलाई क्रियान्वयी भनिन्छ । जस्तै : तल, माथि, वर, पर, भित्र, मुनि आदि (गैरे, २०६९ : १०३) ।

**इ) संयोजक**

एक भन्दा बढी शब्द र वाक्यलाई जोड्ने अव्ययको एउटा भेदलाई संयोजक भनिन्छ । अथवा भाषामा दुई वा दुईभन्दा धेरै पद, पदावली, उपवाक्यलाई जोड्ने शब्दलाई संयोजक भनिन्छ । संयोजकले दुईभन्दा धेरैलाई जोड्नुपरेमा सुरुमा अल्पविरामको प्रयोग गरिन्छ र अन्तिम दुई बीचमा संयोजकको प्रयोग हुन्छ । जस्तै : सीता, गीता, राम, श्याम, हरि र राधा तानसेन गए (गैरे, २०६९ : १०४) ।


राम र हरि बजार गए (शब्दमा)

म, मेरो साथी अनि उसकी बहिनी हिजो आए (पदावलीमा)

ऊ धनी छ तर लोभी छ (उपवाक्य)

संयोजक दुई प्रकारको हुन्छ । जसलाई निम्न चित्रमा प्रस्तुत गर्न सकिन्छ :-

**चित्र १७ : संयोजकका प्रकार**



### १. सापेक्ष संयोजक

प्रधान उपवाक्य र अधीन उपवाक्यलाई जोडेर मिश्र  वाक्य बनाउने संयोजकलाई सापेक्ष संयोजक भनिन्छ । जस्तै :- भने, भनेर, भन्दै, जहाँ-त्यहाँ, जसले-त्यसले, जसरी-त्यसरी, जहिले, त्यही, त्यति, जुन, जब-तब, जो आदि सापेक्ष संयोजक हुन् (न्यौपाने, २०७२ : ५२) ।

### २. निरपेक्ष संयोजक

दुई वा दुईभन्दा बढी शब्द, पदावली तथा स्वतन्त्र उपवाक्यलाई जोड्ने अव्यय शब्दलाई निरपेक्ष संयोजक भनिन्छ । जस्तै : र, अनि, पनि, तापनि, तथापि, किन्तु, परन्तु, तसर्थ, अथवा, तर कि, किनभने, तथा आदि निरपेक्ष संयोजक हुन् (न्यौपाने, २०७२ : ५२) ।

### ई) विस्मयादिबोधक

विभिन्न अवस्थामा मानिसका मनमा अकस्मात् उत्पन्न हुने भाव खुसी, पीर, घृणा, आनन्द, क्रोध, डाहा, पीडा, डर, भय, मिलन, प्रशंसा, ईर्ष्या, आश्चर्य जस्ता भावलाई बुझाउने शब्दलाई विस्मयादिबोधक भनिन्छ । यस किसिमको भाव व्यक्त हुँदा वा गर्दा व्यक्तिले प्राय : शारीरिक क्रिया (मुखमुद्रा र शारीरिक अभिनय) बढी गर्छ । जस्तै : जिब्रो निकाल्नु, टोक्नु, आँखा ठूलो वा सानो पार्नु, अघि बढ्नु, पछि हट्नु, दाँत किट्नु, बस्नु, उफ्रनु आदि (गैरे, २०६९ : १०४) ।

आम्मै ! कति ठूलो घर ।

धत् ! त्यस्तो पनि हुन्छ ।

आबुई ! कति ठूलो बाघ ।

आई !, ऐया !, आहा !, छि !, आबुई !, हे शिव !, हरे राम !, बिचरा !, आम्मै !, ज्या !, थुक्क !, स्याबास !, धत् !, कठै !, ओहो !, हगि ! आदि विस्मयादिबोधक शब्द हुन् (गैरे, २०६९ : १०४) ।

### उ) निपात

स्वतन्त्र रूपमा आफ्नो छुट्टै अर्थ नभएका, वाक्यको सुरुमा, बीचमा वा अन्त्यमा प्रयोग हुने र वाक्यमा आएर अर्थलाई घतिलो, चोटिलो, कसिलो पार्ने शब्दलाई निपात

भनिन्छ । यी शब्द प्राय : एकाक्षरी र द्वयक्षरी मात्र हुन्छन् । जस्तै : अँ, ए, र, पो, नि, त, तब, लौ, ल, ला, है, रे, न, नाई, क्यारे, चाहिँ, कि, खै, आम्मै, नै आदि निपात शब्दहरू हुन् (गैरे, २०६९ : १०४)

**निपातको प्रयोग :**

वाक्यादिमा – ए, तँ मलाई नटेर्ने ।

– ल, अब म जान्छु ।

वाक्य मध्यमा – यसले त मलाई पो ढाँट्दो रैछ ।

– तिमी त जाऊ ।

वाक्यान्तर – यस्तो के देख्नु पऱ्यो नि ।

– तिमीले भन्यौ र ?

– तिमीहरूले पढ ल (गैरे, २०६९ : १०५) ।

### २.२.२.७ व्याकरणात्मक कोटिहरू

भाषामा शब्द रूपायनका आधारहरूलाई व्याकरणात्मक कोटि भनिन्छ । अथवा शब्दले व्याकरणात्मक अर्थको अभिव्यक्ति दिने सम्बन्ध तत्वलाई व्याकरणात्मक कोटि भनिन्छ । भाषाको व्याकरण व्यवस्था व्याकरणात्मक कोटिमा आधारित हुन्छ । व्याकरणात्मक कोटि भाषाको नियम पनि हो । व्याकरणात्मक कोटिहरूको आधारमा शब्द परिवर्तन हुँदैन, व्याकरणिक अर्थमा मात्र परिवर्तन हुन्छ । नेपालीका व्याकरणात्मक कोटिहरूमा लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, कारक, विभक्ति, करण र अकरण पर्दछन् । व्याकरणात्मक कोटिलाई विकारी शब्द पनि भनिन्छ (गैरे, २०६९ : १२८) ।

व्याकरणात्मक कोटिहरूको सामान्य परिचय र वर्गीकरणलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**(क) लिङ्ग**

लिङ्ग मूलत नामसँग सम्बन्धित व्याकरणात्मक कोटि हो । यसले नामको खास प्रकृतिलाई जनाउँछ । व्याकरणात्मक लिङ्ग प्राकृतिक लिङ्गभन्दा भिन्न हुन सक्छ । पुलिङ्गबाट स्त्रीलिङ्ग शब्दको व्युत्पादन गर्ने प्रक्रिया नेपाली भाषामा निकै उत्पादक छ । संस्कृतमा स्त्रीलाई जनाउने “दारा”, “स्त्री” र “कलगम्” शब्दहरू क्रमशः पुलिङ्गी, स्त्रीलिङ्ग र नपुसक

लिङ्गमा छ । नेपाली भाषामा पनि मानवेतर प्राणीको लिङ्ग अनुरूप क्रिया परिवर्तन भएको पाइँदैन । गोरु गयो, गाई गयो भनिन्छ तर गाई गइको प्रयोग गरिँदैन । यसरी भाषा विशेष अनुसार लिङ्गको प्रयोग गर्ने गरेको पाइन्छ । विश्वका कुनै भाषामा लिङ्ग व्यवस्था नै छैन भने बान्टु भाषामा २५ वटा जति लिङ्ग भएबाट स्वभाविक लिङ्ग भन्दा व्याकरणिक लिङ्ग केही टाढा रहेको अनुभव हुन्छ (सुवेदी, २०५९ : २९) ।

लिङ्गको परिभाषा दिने क्रममा डी.पी. भट्टराई र डिल्लीराम ढुङगेलले "पुरुष वा स्त्री जाति छुट्याउने विभेदक निश्चित पदहरू नै लिङ्ग हुन्" (भट्टराई र अन्य, २०६५ : ५८) भनी बताएका छन् । त्यस्तै अर्का नेपाली भाषाविद् चूडामणि बन्धुद्वारा लिङ्गलाई नामसँग सम्बद्ध व्याकरणात्मक केटी भनिएको छ (सुवेदी, २०५९ : ३०) । त्यस्तै कृष्णप्रसाद पराजुलीले "स्त्री पुरुष र निर्जीव वस्तुको विषयमा ज्ञान गराउने शब्दको रूप लिङ्ग हो" (सुवेदी, २०५९ : ३०) भनी बताएका छन् ।

**(ख) वचन**

वचनले संख्यालाई जनाउँछ । नेपाली भाषामा दुई किसिमको वचन व्यवस्था पाइन्छ । एउटालाई जनाउने एकवचन र दुई वा सो भन्दा बढीलाई जनाउने बहुवचन हुन्छ । संस्कृत भाषामा एकवचन, द्विवचन र बहुवचन हुन्छ भने आठपहरियाइमा पनि तीनवटा वचन देखिन्छन् तर हिन्दी, अङ्ग्रेजी र नेपालीमा दुईवटा मात्र वचन देखिन्छन् (ढकाल, २०६५ : १७५)

वचनको सम्बन्ध विशेषतः संख्यासँग रहन्छ तापनि यसले संख्याको अतिरिक्त अरु किसिमको काम पनि गर्छ । नेपालीमा आदरार्थी प्रयोगमा पनि बहुवचन आउँछ । नेपाली, अङ्ग्रेजी, हिन्दी भाषाहरूमा हामी द्विवचन पाउछौं र संस्कृतमा तीन वचन केही मलेशियन भाषामा एकवचन, द्विवचन, त्रिवचन र बहुवचन गरी ४ वचन पनि हुन्छन् (बन्धु, २०५३ : ८४) ।

"मानिसका मुखबाट निस्कने उच्चरित हुने कुनै पनि सार्थक शब्द, बोली, वाणी, भनाई, कथन, व्याकरणमा शब्दका रूपबाट एक वा एक भन्दा धेरै बुझाउने विधान वा त्यस्तो सङ्ख्या" (बृहत शब्दकोश, ११२७) ।

यसरी वचनबारे विभिन्न विद्वान्हरू आ-आफ्ना राय प्रकट गरेका छन् । वचनले सबै भाषामा पदवर्गको सङ्ख्या तत्त्वलाई जनाउने भए तापनि विभिन्न भाषामा विभिन्न किसिमले परिभाषित गरेको कुरा चूडामणि बन्धुको परिभाषाबाट ज्ञान हुन जान्छ ।

**(ग) पुरुष**

सर्वनामसँग अभिन्न सम्बन्ध राख्ने पुरुषलाई पनि वाक्यगठनको एक व्याकरणिक पक्ष मानिन्छ । नेपाली बृहत शब्दकोशमा पुरुषलाई सर्वनाम वा क्रियाको कर्ताभेदकको रूपमा मानिएको छ (बृहत शब्दकोश, पूर्ववत् : ७९०) । कथानकका सन्दर्भमा संलग्न भएका सहभागिताको प्रवृतिलाई जनाउने व्याकरणात्मक कोटि पुरुष हो । यो विशेषतः सर्वनामसँग सम्बन्धित हुन्छ (अधिकारी, २०५५  : ८७) । सर्वनाम र क्रियासँग सम्बद्ध व्याकरणिक कोटि हो भनेर चूडामणि बन्धुले आफ्नो राय प्रकट गरेका छन् (सुवेदी, २०५९ : ३१) । त्यस्तै शान्तिप्रसाद ढकालले वक्ता, स्रोता र सन्दर्भलाई जनाउने व्याकरणिक कोटि पुरुष हो (ढकाल, २०६५ : १७६) ।

उल्लेखित परिभाषा अनुसार सर्वनामको बोध गराउने व्याकरणात्मक धारालाई नै पुरुष मानिन्छ । नेपाली भाषामा तीन प्रकारका पुरुष छन्  । ती हुन् :-

१) प्रथम पुरुष

२) द्वितीय पुरुष

३) तृतीय पुरुष

पुरुषको संख्या सबै भाषामा समान रहेका हुँदैनन् । लिम्बु भाषामा उत्तरपुरुष बहुवचन "हामी" २ प्रकार छन् भने कुनै भाषामा ४ प्रकारका पुरुष पनि छन् । नेपाली भाषामा (प्रथम, द्वितीय र तृतीय पुरुष) तीन प्रकारका पुरुषहरू प्रायः सबै भाषाशास्त्रीहरूलाई सर्वस्वीकृत भएको पाइन्छ ।

**(घ) काल**

क्रियाको समयलाई काल भनिन्छ । यसले कार्यव्यापारको सन्दर्भित समयसँग कथन समयलाई जोड्दछ र सन्दर्भ समय भन्नाले क्रिया वा कार्यव्यापारको घटना, अवस्था वा कार्यको घटित समय हो र कथन समय वक्ता बोल्दाखेरिको समय हो (भट्टाराई र अन्य, २०६५ : ६७) । "व्याकरणात्मक कोटि कालले क्रियाको समयलाई बुझाउँछ । यो भूत र अभूत (वर्तमान र भविष्यत) काल गरी दुई प्रकारको हुन्छ (शर्मा र अन्य, २०६० : १३२) । समय सूचक व्याकरणिक कोटिलाई काल भनिन्छ (ढकाल, २०६५ : १६७) । काल क्रियापदको समयसङ्केत कोटि हो । सामान्यतः जसरी बाह्य जगतमा समयलाई भूत,वर्तमान र भविष्यत गरी तीन क्षेत्रमा विभाजन गरिन्छ । त्यसरी नै व्याकरणात्मक काललाई पनि तीन भागमा छुट्टाउन सकिन्छ (अधिकारी, २०५५ : ८७) ।

कालका बारेमा दिइएका परिभाषाका आधारमा के भन्न सकिन्छ भने कालले कुनै काम वा घटना घटित समयको बोध गराउँछ । कालको प्रत्यक्ष सम्बन्ध क्रियासँग मात्र हुने भएकाले वर्तमान काल, भूतकाल र भविष्यत् काल गरी काल तीन प्रकारका छन् । वर्तमान कालले भइरहेको र भविष्यत् कालले पछि हुने कार्यको बोध गराउँछ ।

**(ङ) भाव**

वाक्यगठनको यस व्याकरणात्मक कोटिलाई अर्थ वृत्ति वा भाव आदि नामले पुकारिन्छ । यसको अभिव्यक्ति पनि क्रियाकै माध्यमबाट हुन्छ । भाव के हो, यसले के काम गर्छ भन्ने विषयमा अनेकौं भाषाविद्ले प्रकाश पारेका छन् । तीमध्ये केहीको चर्चा यहाँ गर्न लागिएको छ :-

"क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति जनाउने कोटिलाई भाव वा वृत्ति भनिन्छ" (बृहत शब्दकोश, पूर्ववत् : २१९) । व्याकरणात्मक कोटि वा अर्थले वक्ताको वृत्तिलाई बुझाउँछ यो सामान्य, विधि (आज्ञा र इच्छा) र अनिश्चय (सम्भावना र सङ्केत) भाव गरी तीन प्रकारको हुन्छ (शर्मा र अन्य, २०६० : १३३) । "भावलाई अर्थ वा वृत्ति पनि भनिन्छ । यो क्रियासँग सम्बद्ध छ र क्रियाबाटै व्यक्त हुन्छ (भट्टराई र अन्य, २०६५ : ९०) । "क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति बुझाउने व्याकरणिक कोटिलाई भाव भनिन्छ ( ढकाल, २०६५ : १८०) ।

नेपाली भाषामा भाव यति नै प्रकारका छन् भनेर किटान गर्न सकिएको छैन । यस सम्बन्धमा नेपाली भाषाविद्हरूबीच मतैक्यता पाइँदैन । सोमनाथ शर्मा, गोपाल पाण्डे नेपाली भाषामा सामान्यार्थ, विध्यर्थ, निश्चयार्थ गरी तीन किसिमका छन् : विध्यर्थ सम्भावनार्थ र सङ्केतार्थ । चूणामणि बन्धुका अनुसार भाव चार प्रकारका छन् : निश्चयार्थ, आज्ञार्थ, सङ्केतार्थ र प्रश्नार्थ (सुवेदी, २०५९ : ३३) ।

यसरी भावका प्रकारलाई हेर्दा नेपाली व्याकरणमा एकरूपता हुन सकेको देखिँदैन । वर्णनात्मक व्याकरणको अभावमा वर्तमान नेपाली व्याकरण विवादै विवादको जालोमा अल्झेको वा रहेको अनुभव हुन्छ ।

**(च) पक्ष**

कार्यव्यापार या घटनाको प्रक्रिया या अवस्थालाई कालिक सापेक्षतामा निर्देशन गर्ने क्रियापद नै पक्ष हुन् । अर्थात् कुनै पनि कार्यव्यापार अघि, अहिले वा पछि कुन समयमा र पूर्ण वा अपूर्ण कुन अवस्थामा थियो वा छ भन्ने कुरालाई पक्षले निर्देश गर्दछ । अतः यसले

कार्यव्यापारको समय र अवस्थालाई निर्देश गर्दछ । पक्षलाई विशेषकाल पनि भनिन्छ । काल समयको स्थुल विभाजन हो भने पक्ष सूक्ष्म विभाजन हो । पक्षलाई कालको प्रकार पनि भनिन्छ । यो क्रियासँगा सम्बद्ध कोटि हो र यसको अभिव्यक्ति क्रियापदबाट हुन्छ (भट्टराई र अन्य, २०६५ : ७५) ।

व्याकरणत्मक कोटि पक्षले क्रियाका कालको अवधि र अवस्थालाई बुझाउँदा यो सामान्य पक्ष, पूर्ण पक्ष, अपूर्ण पक्ष, अभ्यस्त पक्ष र अज्ञात पक्ष गरी पक्ष पाँच प्रकारको हुन्छ (शर्मा र अन्य, २०६० : १३२) ।

क्रियाका कालको पक्ष भन्नाले त्यसकालको परिधिभित्र हुने वा गरिने क्रियाव्यापारको किसिमलाई बुझ्नुपर्छ । नेपालीमा पक्ष जनाउने क्रियापदका अलग्गै रूपहरू छैनन् । नेपाली भाषामा भएका कालका पक्षहरू : सामान्य पक्ष, अपूर्ण पक्ष, पूर्ण पक्ष, अभ्यस्त पक्ष र अज्ञात पक्ष गरी पाँच प्रकारका छन् (ढकाल, २०६५ : १७७) ।

त्यस्तै अर्का भाषाविद् चूडामणि बन्धुले "पक्ष क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि हो र यसले काम कुन काल, भाव अवधिमा भयो भन्ने कुरा बताउँछ । समयम काम भएको वा नभएको, अघिदेखि भएको वा भर्खरै सकिएको बारे पनि यसले सङ्केत गर्छ । यो पूर्ण, अपूर्ण, सामान्य विभिन्न प्रकारका हुन सक्छ । कुनै पनि भाषामा काल र पक्ष नछुट्टिने किसिमले जोडिएको हुन्छ (सुवेदी, २०५९ : ३४) ।

यसरी विभिन्न विद्वान्हरूले पक्षको वर्गीकरण गर्ने आधारहरू आ-आफ्नै किसिमले व्यक्त गरेका छन् । ठोस विश्लेषणको अभावमा एकै प्रकारको वर्गीकरण हुन सकेको छैन सामान्यतः पक्षहरूलाई निम्न प्रकार वर्गीकरण गर्नु उपयुक्त देखिन्छ :-

१) वर्तमान काल-सामान्य, पूर्ण र अपूर्ण

२) भूत काल-सामान्य, पूर्ण, अपूर्ण, अज्ञात र अभ्यस्त

३) भविष्यत काल- सामान्य, पूर्ण, अपूर्ण र संम्भावना ।

**(छ) वाच्य**

वाक्यगठनका महत्त्वपूर्ण व्याकरणात्मक कोटिहरूमध्ये वाच्य पनि एक हो । जसको शाब्दिक अर्थ भनिने कुरा वा भनिन योग्य कुरा हो । "वाक्यमा कर्ता ,कर्म र भावको काम बुझाउने वा कुनै एउटासँग सम्बन्ध राख्ने क्रियापदको रूपमा परिभाषित गरिएको छ (बृहत् शब्दकोश, पूर्ववत् : ११३७) कर्ता, कर्म वा भावमध्ये कुनै एउटालाई प्रधान मान्ने व्याकरणिक

कोटिलाई वाच्य भनिन्छ । परम्परागत व्याकरणमा यसलाई कर्ता,कर्म वा भावको काम बुझाउँदा फेरिने क्रियाको रूपलाई वाच्य भनिन्छ" (ढकाल, २०६५ : १८१) ।

"व्याकरणात्मक कोटि वाच्यले अर्थमा परिवर्तन नगरी वाक्यका क्रियाको सम्बन्ध कर्ता र कर्मसँग फेर्ने ढङ्गलाई बुझाउँछ । यो कर्ता, कर्म र भाव वाच्य गरी तीन प्रकारको हुन्छ" (शर्मा र अन्य, २०६० : १३३) ।

वाक्यमा कर्ता प्रधान भई प्रयोग हुने व्याकरणात्मक युक्तिलाई कर्तृवाच्य भनिन्छ । जसको प्रयोग सर्कमक क्रियामा आउने कर्मलाई कर्ताका रूपमा स्थापित गरी वाक्य प्रस्तुत गरिएमा कर्मवाच्य हुन्छ । कर्मवाच्य हुने सुविधा सर्कमक क्रियाहरूलाई मात्र प्राप्त हुन्छ । वाक्यमा क्रिया वा क्रियाका भावको प्रधानता रहने युक्तिलाई भाववाच्य भनिन्छ । यस्तो स्थिति अर्कमक क्रियाका र कतिपय स्थितिमा सर्कमक क्रियामा पनि देखिन्छ । नेपालीमा वाच्यहरू कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य गरी ३ प्रकारका भएका कुरा प्रायः सबै भाषाविद्हरू स्वीकार्छन् ।

**(ज) कारक**

वाक्यगठनका विविध पक्षहरू मध्ये कारक पनि मुख्य पक्ष हो । वाक्यात्मक सम्बन्ध देखाउनका लागि कारक पक्षको महत्त्वपूर्ण भूमिका हुन्छ । कारकले शब्द शब्दहरूबीच तालमेल गराई वाक्यलाई स्पष्ट र सुसङ्गठित समेत बनाउँछ । "नामिक पदको क्रियासितको सम्बन्धलाई कारक भनिन्छ । वाक्यमा विभिन्न पदहरू हुन्छन् । ती पदले वाक्यमा आफू अनुरूपका विभिन्न काम गरेका हुन्छन् (ढकाल, २०६५ : १८६) । "व्याकरणात्मक कोटि कारकले नामिकको कार्यलाई बुझाउँछ । यो सरल कारक (रूप नफेरिने) र तीर्यक् कारक (रूप फेरिने) गरी दुई प्रकारको हुन्छ" (शर्मा र अन्य, २०६० : १३३) । त्यस्तै गरी चूडामणि बन्धुले "क्रियासँग सम्बन्ध राखी वाक्यमा रहेर विभिन्न किसिमको काम गर्ने संज्ञा पदका रूपमा यी कारकहरूलाई चिन्न सकिन्छ । कतिपय भाषाहरूमा पदका रूपमा यी कारकहरूलाई चिन्न सकिन्छ । कतिपय भाषाहरूमा पदहरू नै प्रत्यय जोडेर वा पदको रूपावलीमा परिवर्तन गरेर विभिन्न कारकको बोध गराइन्छ भने कतिपय भाषाहरूमा वाक्यभित्र खास पदले लिएको स्थानबाट नै कारकको बोध हुन्छ" (सुवेदी, २०५९ : ३७) । नेपाली बृहत् शब्दकोशमा कारकलाई व्याकरणमा क्रियाका साथ साक्षात् सम्बन्ध राख्ने

शब्द, वाक्यविन्यासगत सम्बन्ध देखाउन नाम गरिएको छ (बृहत् शब्दकोश, पूर्ववत् : २१६) ।

यी विभिन्न परिभाषाहरूबाट के थाहा हुन्छ भने कारकको क्रियासँग सिधै सम्बन्ध हुन्छ र कारकले वाक्यात्मक अर्थलाई स्पष्ट पार्दै पदसङ्गति मिलाउने काम समेत गर्छ । कारक सबै भाषामा हुन्छन् तापनि तिनको प्रकृति प्रयोग र सङ्ख्यामा पनि फरक पर्न सक्छ । कारक क्रियाहिन हुन्छ र यसको अभिव्यक्ति नाम, सर्वनाम, विशेषणमा हुन्छ । विशेष चिह्नका माध्यबाट वाक्यमा रहेका अरु शब्दसँग समेत सम्बन्ध राख्छ, त्यस चिह्नलाई विभक्ति (ले, बाट, लाई आदि) भनिन्छ ।

### २.२.३ भाषा र व्याकरणको सम्बन्ध

'भाषा' तत्सम शब्द हो । संस्कृतिको 'भाष्' धातुमा 'आ' प्रत्यय लागेर बनेको भाषा शब्दको शाब्दिक अर्थ बोल्नु वा केही भन्नु हो । मानिसबाट आफ्नो अनुभव, अनुभूति भाव वा विचार व्यक्त गर्न जे बोलिन्छ त्यो नै भाषा हो । मानवीय उच्चारण अवयवबाट उच्चारण हुने सार्थक ध्वनि समूह नै भाषा हो । मावन बाहेक अन्य प्राणीहरूले पनि विभिन्न सङ्केत गर्दछन् । आवाज निकाल्दछन् तर ती भाषा होइनन् । भाषा मानवीय सम्पत्ति हो । यसको सम्बन्ध मानिससँग हुन्छ, मानवीय समाजसँग हुन्छ । भाषाका माध्यमबाट मानिसले आफ्ना विचारहरू आदानप्रदान गर्दछन् । त्यसैले भाषालाई विचार विनिमयको माध्यम भनिन्छ । सुसेली, आवाज, इसारा आदिलाई भाषा मानिँदैन (गौतम, ओझा र सुवेदी, २०६७ : १)

संसारमा हजारौँ किसिमका भाषाहरू बोलिन्छन् । ती सबै भाषाका आ-आफ्नै नियम र व्यवस्थाहरू रहेका हुन्छन् । नियम वा व्यवस्थाको अभावमा भाषा भाषा हुन सक्दैन (अवस्थी र शर्मा २०५५ः १६१) एम.एड. प्रथम वर्षको सामान्य भाषाविज्ञान पाठ्यपुस्तकमा पाणिनीले भाषाको परिभाषा यसरी दिएका छन् - " उच्चारणद्वारा व्यक्त वाणीलाई भाषा मानिन्छ ।" त्यस्तै गरी ब्लुमफिल्डले पनि भाषाको परिभाषा यसरी दिएका छन् - "भाषा खास किसिमको उत्तेजनाको प्रति हो ।" त्यस्तै गरी अर्का विद्वान् हेनरी स्वीटले "भाषा उच्चारित ध्वनिहरूका माध्यमबाट गरिने विचारको प्रस्तुति हो" भनेका छन् (गौतम, ओझा र सुवेदी, २०६७ : २) । भाषाको न्यूनतम एकाइ ध्वनिदेखि वर्ण, रूप, शब्द, पद, पदावली, वाक्य, उपवाक्यको संगमद्वारा उच्चतम एकाइ सङ्कथनको निर्माण भएको हुन्छ । यसरी

भाषाको सङ्कुचित अर्थलाई हेर्दा मान्छेको फोक्सोदेखि मुख र नाकसम्मको विभिन्न भागको सक्रियतामा उच्चारित अर्थभेदक ध्वनिहरूको सङ्गतिमूलक प्रयोगलाई नै भाषा भन्न सकिन्छ ।

व्याकरण भनेको भाषाको नियम वा व्यवस्था हो । नियम वा व्यवस्था बिनाको कुनै भाषा हुँदैन । हरेक भाषाको आ-आफ्नै किसिमको नियम वा व्यवस्था रहेको हुन्छ । परम्परागत मान्यता अनुसार शुद्ध लेख्न र बोल्न सिकाउने विधालाई व्याकरण भनिन्छ । सबै भाषामा नियम हुने भनिए तापनि लिखित व्याकरणको विकास सबै भाषामा भएको पाइँदैन । भाषाको पहिलो रूपलाई पिजिन र त्यसपछिको रूपलाई क्रेओल भनिन्छ । भाषा क्रेओलमा पुगेपछि नियममा प्रवेश गर्दछ । त्यसपछि नियम वा व्याकरणको जन्म हुन्छ । जुनसुकै भाषा बोल्दा, लेख्दा, पढ्दा र सुन्दा व्याकरणको ज्ञान आवश्यक हुन्छ (अधिकारी, २०५७ : १७७) ।

शरीरमा नसाको महत्व भएझैं भाषाका लागि व्याकरणको महत्व हुन्छ । त्यसैले भाषा शिक्षणमा व्याकरणको महत्व हुन्छ । त्यसैले भाषा शिक्षणमा व्याकरणलाई पनि एक महत्वपूर्ण भाषिक विषयवस्तुका रूपमा ग्रहण गरेर शिक्षण गर्ने गराउने प्रचलन रहेको छ । व्याकरणको शिक्षणबाट विद्यार्थीमा हुने भाषा प्रयोगका अशुद्धिलाई निर्मूल पार्न सकिन्छ र यसको औपचारिक शिक्षणबिना भाषाको शुद्ध प्रयोग (शुद्धसँग बोल्न र लेख्न) असम्भ हुन्छ । परम्परागत धारणा अनुसार व्याकरण सिकेपछि भाषा स्वतः सिकिन्छ भन्ने दृष्टिकोण र मान्यता रहेको स्पष्ट देखिन्छ । भाषा वैज्ञानिकहरू व्याकरणलाई भाषाविज्ञानको एक महत्वपूर्ण एवम् मूलभूत अङ्गका रूपमा स्वीकार्दछन् र यसैका सहायताले भाषको रूपगत एवम् वाक्यगत संरचनाको वर्णन र विश्लेषण गर्न सकिने धारणा राखी यसको सम्बन्ध भाषातत्वहरूसँग अभिन्न रूपमा गाँसिएको स्पष्ट गर्छन् (शर्मा र पौडेल, २०६८ : २१७) ।

भाषा र व्याकरण एक-अर्कामा परिपूरक विषयवस्तु हुन् । भाषाविना व्याकरणको कल्पना पनि गर्न सकिँदैन । भाषा नभई व्याकरण हुँदैन भने व्याकरण नभई भाषाले उपयुक्त गति लिन सक्दैन । भाषा सिकाइ सँगसँगै व्याकरण सिकाइ पनि स्वतः भइरहने हुनाले यसलाई जटिल, औपचारिक एवम् सैद्धान्तिक ढङ्गले बोझिलो बनाएर शिक्षण गर्नु निरर्थक हुन्छ । भाषाको शिष्ट एवम् स्तरीय प्रयोगका लागि शिक्षणीय तह र प्रयोजन अनुसार भाषाको प्रयोग र व्यवहारसँगै सम्बन्धित गराएर व्याकरण शिक्षण गरिनु उपयुक्त मानिन्छ । नियमसम्मत रूपमा भाषाका सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा दक्ष बनाउनु व्याकरण शिक्षणको उद्देश्य हुनुपर्दछ । भाषा सिक्नुको उद्देश्य भाषिक सीपमा दक्ष बन्नु हो ।

भाषा प्रयोगका व्यवस्था, नियम, सचेतता र उपयोगका उपयुक्त सीप सिकाउन भाषासँगै सम्बद्ध गराएर व्याकरण शिक्षण गरिनु पर्दछ । वर्तमान भाषा पाठ्यपुस्तकहरूमा भाषाका पाठ्यपुस्तकको उपयोगबाट व्याकरण सम्बन्धी धारणाहरू विकास गर्ने ध्येय राखिएको देखिन्छ । सोही अनुसार पाठ्यक्रम र पाठ्यपुस्तकहरू विकास गरिएका छन् । भाषा शिक्षणका सन्दर्भमा कोरा व्याकरणका नियम घोकाउनु भन्दा भाषा र व्याकरणलाई परस्पर सम्बद्ध र अन्तर्सम्बन्धित बनाएर शिक्षण गर्नु व्यवहारिक हुन्छ (शर्मा र पौडेल, २०६८ : २१८) ।

## २.२.४ भाषा शिक्षणमा व्याकरण शिक्षणको महत्त्व र आवश्यकता

हरेक भाषामा आ-आफ्नै खालका नियमहरू हुन्छन् । कुनै भाषाका नियमहरू लिखित हुन्छन् भने कुनै भाषाका नियमहरू अलिखित हुन्छन् । अर्थात् कुनै भाषाको व्याकरण लेखिएको हुन्छ भने कुनै भाषाको व्याकरण लेखिएको हुँदैन । खासगरी भाषाका नियमहरूलाई व्याकरण भनिन्छ । शरीरमा नसाको महत्व भएझैं भाषा शिक्षणका लागि व्याकरणको महत्व रहेको हुन्छ । व्याकरणिक सुझ, व्यवहार र प्रयोग अभ्यासबाट नै व्याकरण सम्मत शुद्ध भाषाको प्रयोग गर्न सकिन्छ । परम्परागत मान्यता अनुसार शुद्धसँग बोल्न र लेख्न सिकाउने विधालाई व्याकरण मानिन्थ्यो तर भाषा वैज्ञानिकहरूले व्याकरणलाई भाषविज्ञानको महत्वहरूसँग हुन्छ मान्दछन् र यसको सम्बन्ध भाषातत्वहरूसँग हुन्छ भन्दछन् (शर्मा, पौडेल : २०६८ : २१६) । भाषाविना व्याकरणको कल्पना पनि गर्न नसकिने भएकाले व्याकरणलाई भाषाबाट अलग गराएर भाषा शिक्षण गर्नु उपयुक्त मानिँदैन । यदि यस्तो गरिएमा भाषा शिक्षणमा कृत्रिमता आउने मात्र नभई शिक्षण प्रक्रिया नै अवैज्ञानिक र अव्यवहारिक हुन पुग्दछ (भुसाल र आचार्य, २०७१ : १११) ।

व्याकरण भाषाको आन्तरिक संरचनासँग सम्बान्धित छ । यसले भाषाका आन्तरिक संरचनाहरूको व्याख्या तथा विश्लेषण गर्दछ । यो सम्बन्धित भाषाका मूल वक्ताहरूका भाषा प्रयोगमा पाइने संरचनागत विशेषता पनि हो । त्यसैले भाषाले व्याकरणलाई नभएर व्याकरणले भाषालाई पछ्याउँछ । खासगरी स्तरीय भाषिक रूपको प्रयोग गर्ने सुझको विकास गर्न, भाषिक अनुशासन कायम गर्न, भाषिक ज्ञानको उपयुक्त स्तरण र परिष्कार गर्न, भाषाको खास संरचना पहिल्याउने क्षमताको विकास गर्न, शैलीगत विचलन हटाउन, दोस्रो भाषाको प्रयोगमा पहिलो भाषाको प्रयोग प्रभाव हटाउन, भाषाको मानक रूप

दिलाउन, सही-गलत प्रयोग छुट्याउने सामर्थ्यको विकास गर्न र तार्किक एवम् सिर्जनात्मक क्षमता विकास गर्न व्याकरण शिक्षणको आवश्यकता पर्दछ । व्याकरण शिक्षणबाट भाषाको प्रयोग र शैलीगत प्रयोगमा सुधार हुन सक्दछ । यसका साथै भाषा प्रयोगका व्यवस्था, नियम सचेतता र उपयोगका उपयुक्त सीप सिकाउन भाषासँगै सम्बद्ध गराएर व्याकरण शिक्षण गर्नुपर्दछ (भुसाल र आचार्य, २०७१ : १११) ।

प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरू १०/१२ वर्षको उमेरका हुन्छन् । उनीहरूले यस तहमा औपचारिक रूपमा व्याकरण नसिकी भाषा प्रयोगसँगै भाषाका नियमहरूका बारेमा जानकारी प्राप्त गर्दछन् । उनीहरू भाषा विकासका दृष्टिले अपरिपक्व हुन्छन् । यस तहमा व्याकरण जस्तो नीरस र बौद्धिक विषयलाई औपचारिक एवम् सैद्धान्तिक रूपले समावेश गरेर शिक्षण गर्न खोज्नु सर्वथा अनुचित र अनुपयुक्त कार्य मानिन्छ । यसो भन्दैमा व्याकरणको ख्यालै नगरी मनपरी तरिकाले भाषा सिकाउनु पर्दछ भन्ने दृष्टिकोण होइन । बरु व्याकरणात्मक बोझको गन्ध नआउने गरी सचेततापूर्वक नियन्त्रित वाक्य संरचनाको प्रयोग गरी भाषा शिक्षण गर्नुपर्दछ । ३ कक्षासम्म शिक्षकले सचेततापूर्वक भाषिक अन्र्तधुलन गराएर व्याकरणलाई अगाडि बढाउनुपर्दछ । बालकमा भाषिक क्षमताको आवश्यकता विकास नभएसम्म उसले व्याकरण बुझ्न र सिक्न सक्दैन । बालकको भाषिक विकाससँगै क्रमशः व्याकरणात्मक तत्वहरू चिन्दै जाने भएकाले भाषिक सामर्थ्यको विकासलाई व्याकरण शिक्षण गर्दा पनि प्राथमिकता दिनुपर्दछ । विद्यार्थी ४ कक्षामा गएपछि भने नजानिदो ढङ्गले सरल व्याकरणात्मक धारणाको विकास हुने गरी व्याकरण शिक्षणतर्फ अग्रसर हुनुपर्दछ । प्राथमिक तहमा व्याकरणिक अभ्यासका लागि खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक-बेठीक छुट्याउने, रूपान्तरण सम्बन्धी अभ्यासबाट क्रियाकलाप सञ्चालन गर्न सकिन्छ (भुसाल र आचार्य, २०७१ : ११२) ।

निम्न माध्यमिक (६-८) तहदेखि क्रमशः सरलदेखि जटिलताको क्रममा आगमनात्मक तरिकाले व्याकरणात्मक सुझ विकास गरी सामान्य नियम निर्माण र पालन गर्न सक्ने अभिप्राय राखेर व्याकरणात्मक प्रयोग र अभ्यासलाई अघि बढाइनु आवश्यक र उचित मानिन्छ । माध्यमिक तहसम्म व्याकरण सूक्ष्म नियममा नगई ठूलो बौद्धिक कसरत गर्न नपर्ने किसिमका व्याकरणात्मक नियम संरचनागत क्षमताको विकास गराउनतर्फ जोड दिनुपर्दछ । यस तहसम्म लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, विभक्ति, करण र अकरणजस्ता वाक्यतत्व र तिनको सङ्गति अनि शब्दवर्ग, शब्दनिर्माण, वाक्य रचना र

प्रकार आदि सिकाउनु राम्रो मानिन्छ । आगमनात्मक एवम् प्रत्यक्ष र सन्दर्भपरक विधि अपनाएर प्रयोग पक्षलाई विशेष जोड दिँदै सरल र रोचक ढङ्गले व्याकरणात्मक क्षमता र नियमको जानकारी एवम् सीप विकासलाई माध्यमिक तहको व्याकरण शिक्षणको उद्देश्य बनाइनुपर्दछ (भुसाल र आचार्य, २०७१ : १२) ।

नेपाली भाषा शिक्षणमा व्याकरण शिक्षणको आवश्यकतालाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ -

१. नेपाली भाषाको व्याकरणिक विशेषताप्रति सचेत गराउन,

२. भाषिक प्रयोगका सन्दर्भमा शुद्ध र अशुद्ध रूप छुट्याई शुद्ध रूपको प्रयोग गर्न,

३. भाषिक प्रयोगका त्रुटि स्रोत पहिल्याई मानक रूप प्रयोग गर्ने सीप विकास गर्न,

४. भाषिक अर्थात् भाषाका क्षेत्रीय भेदबाट जोगिएर मानक प्रयोगमा अभ्यस्त बनाउन,

५. भाषाको शब्द निर्माण र वाक्य गठनको विश्लेषण क्षमता विकास गर्न,

६. भाषिक प्रयोगलाई विषय, वक्ता, स्रोता, पाठक र प्रसङ्ग सापेक्ष बनाउन,

७. भाषामा स्तरीय प्रयोग परम्परा र शिष्ट प्रयोग मर्यादा कायम राख्न,

८. आफ्नै भाषिक अभिव्यक्तिलाई शुद्ध स्तरीय र सान्दर्भिक तुल्याउने कौशल प्राप्त गर्न,

९. सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न (अधिकारी, २०७३/०७४ : ४१४) ।

### २.२.५ व्याकरण शिक्षणका प्रचलित प्रमुख विधिहरू

नेपाली व्याकरण शिक्षणमा निगमन विधि, आगमन विधि, भाषा संसर्ग वा प्रत्यक्ष भाषा विधि र भाषा पाठ्यपुस्तक विधि गरी ४ प्रकारका विधिहरू प्रचलित रहेका छन् । जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

#### क) निगमन विधि

निगमन विधि व्याकरण शिक्षणको सबैभन्दा पुरानो र प्रचलित विधि हो । यस विधि अनुसार व्याकरण शिक्षण गर्दा सामान्यतया पहिलो नियम वा सूत्र परिभाषा बताएर त्यसका आधारमा प्रयोग र उदाहरण दिइन्छ र पुष्टि गरिन्छ । यसप्रकार नियमीकरणा, उदाहरणीकरण, प्रयोग र अभ्यासका क्रममा निर्देशित व्याकरण शिक्षण विधि नै निगमन विधि हो । नियम, सूत्र वा सिद्धान्तवाट गमन गर्ने वा हिँड्ने हुनाले यसलाई निगमन विधि भनिएको हो । यस व्याकरणलाई भाषाबाट अलग्याएर औपचारिक रूपमा शिक्षण गर्ने प्रविधिमा जोड दिन्छ । यसले भाषा पाठ्यपुस्तकभन्दा छुट्टै पाठ्यपुस्तकका आधारमा

व्याकरण शिक्षण गर्न निर्देशित गर्दछ । यो विधि शिक्षक केन्द्रित विधिका रूपमा परिचित छ । यस विधिले व्याकरणको प्रयोग पक्षलाई भन्दा सैद्धान्तिक पक्षलाई प्रोत्साहित गर्ने प्रवृतिलाई प्रोत्साहन दिन्छ । यस विधिले सर्वप्रथम व्याकरणात्मक पक्षहरूमा नियम र परिभाषा, त्यसपछि त्यसको व्याख्या र उदाहरण अनि प्रयोग र अभ्यास मार्फत् क्रमशः निर्देशित गर्छ यस्तै यो विधि सूत्र विधि, परिभाषा विधि तथा पाठ्यपुस्तक विधि आदिका नामबाट पनि चिनिन्छ (अधिकारी, २०५३ : १५४-१६३) ।

यस विधिले भाषिक विशेषतालाई सूत्रका माध्यमबाट सामान्यीकृत गर्दै लैजाने भएकाले यसलाई बौद्धिक प्रकृतिको विधि मानिन्छ । व्याकरणका समान्यीकृत धारणा बुझ्न नसक्ने बौद्धिक स्तर भएका शिक्षार्थीको लागि यो विधि प्रभावकारी बन्न सक्दैन । यस विधिमा शिक्षार्थीको पूर्वज्ञानलाई कम ख्याल गरिने हुनाले यस विधिलाई शिक्षक केन्द्रित मानिन्छ । शिक्षार्थीहरूको पूर्वज्ञान, रुची र क्षमताको ख्याल नगरिनु विद्यार्थी निष्क्रिय र शिक्षक सक्रिय हुनु उदारणको सहयोगबाट सिद्धान्तको खोजी नगरिनु यस विधिका सीमितता हुन् । तल्लो स्तरका विद्यार्थीहरूका लागि यो विधि उपयुक्त हुन नसके पनि उच्च शिक्षाका उपल्लो स्तरका विद्यार्थीका लागि यो विधि उपयोगी मानिन्छ (शर्मा अन्य, २०६० : १६३) ।

**ख) आगमन विधि**

निगमन विधिको ठीक विपरित उदारणीकरण, स्पष्टिकरण, नियमीकरण अभ्यास र आवृत्तिको क्रममा व्याकरण शिक्षण गर्ने आधुनिक विधिलाई आगमन विधि भनिन्छ । उदाहरण तर्फबाट नियमतिर आउने वा आगमन गर्ने, विद्यार्थीहरूले व्यवहार गर्ने भाषा नै नियम र परिभाषाको खोज गर्ने, खोज्न प्रोत्साहित गर्ने यो विधि निकै रुचिपूर्ण जिज्ञासामूलक देखिन्छ यसले प्रयोग र व्यवहारका रूपमा व्याकरण शिक्षण गर्न जोड दिन्छ । त्यस्तै यस विधिले मनोवैज्ञानिक सिकाइ सिद्धान्त अनुसार सरलबाट जटिल, ज्ञातबाट अज्ञात तथा मूर्तबाट अर्मूत तर्फको शिक्षण सूत्र अँगालेर व्याकरण शिक्षण गर्न जोड दिन्छ । यस विधिले विद्यार्थीको सिर्जनात्मक एवम् उत्पादनात्मक क्षमतालाई प्रोत्साहित गर्छ । यस विधिले सरल तरिकाले जटिल व्याकरणात्मक धारणाहरूको स्थायी रूपले विद्यार्थीमा बसाल्ने कोशिस गर्छ । त्यसैगरी यसले विद्यार्थीका मनोवैज्ञानिक पक्ष, पूर्वभाषिक अनुभव, रुची, स्तर र आवश्यकता आदि सबै कुरा अनुकूल हुने गरी प्रभावकारी एवम् उपयोगी व्याकरण शिक्षण गर्न जोड दिन्छ । त्यस्तै यस बाहेक उत्सुकता र कौतुहलताको सिर्जना गरेर कक्षालाई

जीवन्त तुल्याई राख्न विद्यार्थी सहभागिता सक्रिय गराउन विशेष जोड दिन्छ । भाषाबाट व्याकरणलाई अलग नगरी भाषाभित्रै व्याकरणको खोजी गर्ने अनि औपचारिक एवम् बौद्धिक बोझले नभई अनौपचारिक एवम् सामान्यीकृत ढङ्गले व्याकरणात्मक सचेतताको विकास गरी प्रयोग अभ्यासमूलक रूपले व्याकरण शिक्षण गर्ने कुरामा केन्द्रित देखिन्छ । यिनै विभिन्न महत्त्वपूर्ण विशेषताहरू आगमन विधिमा देखिन्छन् । त्यसैले वर्तमान परिप्रेक्ष्यमा यो विधि निकै सक्रियताका साथ व्याकरण शिक्षणमा प्रचलित रहेको पाइन्छ । यसरी आधुनिक शिक्षण सिकाइमा सिद्धान्तहरूलाई आत्मसात् गरेर प्रयोगमा ल्याइने हुनाले यो विधि व्याकरण शिक्षणको सन्दर्भमा सबैभन्दा उपयुक्त र वैज्ञानिक विधि पनि मानिन्छ । व्याकरण भाषाको उपज हो तर भाषा व्याकरणको उपज होइन भन्ने तथ्यलाई यस विधिले अङ्गीकार गर्दछ । यो विधि मूलतः प्रयोग एवम् उदाहरणमा आधारित भएकाले सरल रोचक एवम् उपयोगी हुन्छ । यस विधिमा व्याकरणका जुन तत्त्वको शिक्षण गर्नु र ती तत्वसँग सम्बन्धित प्रशस्त उदाहरण दिइन्छ । तिनै तत्त्वको आधारमा शिक्षार्थीहरूलाई नियम पहिल्याउन लगाइन्छ । यस विधिबाट प्राप्त हुने ज्ञान स्थायी र दीर्घकालिन हुन्छ । यस विधिको मुख्य उद्देश्य शिक्षार्थीहरूलाई यस्तो स्थिति सिर्जना गरिदिनु हो जसमा उनीहरू आफै व्याकरणका नियमले काम गरेको हेर्न सकून् । उनीहरूले सिकेका व्याकरणात्मक धारणाको सामान्यीकरण गर्न सकून् र आवश्यकता परेमा परिभाषा तथा नियमसमेत बताउन सकून् । यस विधि अनुसार शिक्षण गर्दा शिक्षकलाई बढी समय लाग्दछ भने शिक्षकले बढी मेहनत गर्नुपर्ने र सचेतना पनि अपनाउनुपर्ने हुन्छ । यो विधि प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहसम्मका लागि उपयुक्त मानिए पनि उच्च कक्षाका विद्यार्थीहरूका लागि उपयुक्त नहुन सक्छ । यस विधि अनुसार शिक्षण गर्दा धेरै विद्यार्थी संख्या भएका अवस्थामा यस्ता कक्षाहरूमा विद्यार्थी सहभागिता गराउन निकै गाह्रो हुन्छ । छलफल र अर्न्तक्रियाका क्रममा होहल्ला बढी भएर कक्षा नियन्त्रण गर्न गाह्रो हुन्छ भने अर्कोतर्फ यो विधि समय, श्रम र सामग्रीका दृष्टिले पनि बढी खर्चिलो हुन्छ । यसरी यस विधिमा केही न केही निराकरण गर्दै सबै तह र कक्षाका लागि यो विधि उपयोगी सावित हुन सक्छ (शर्मा र अन्य, २०६० : १६४-१६५) ।

### ग) भाषासंसर्ग विधि वा प्रत्यक्ष भाषा विधि

यो विधि पनि व्याकरण शिक्षणको आधुनिक विधि हो । यो विधि भाषा संसर्ग विधि र प्रत्यक्ष विधिको संयुक्त मिश्रणबाट तयार भएको हो । भाषा र व्याकरणलाई पृथक् रूपमा शिक्षण नगरी एकीकृत रूपमा भाषाभित्रै व्याकरण शिक्षण गर्ने विधिलाई नै भाषासंसर्ग विधि वा प्रत्यक्ष भाषा विधि भनिन्छ । यस विधिले व्याकरणको औपचारिक शिक्षण विधि नै भाषिक सीप विकास गर्न तथा भाषामा देखापर्ने त्रुटिहरूको निराकरण गर्न सकिन्छ भन्ने दृष्टिकोण राख्दछ । यो विधि विशेष गरी प्राथमिक तह र दोश्रो भाषा सिक्ने विद्यार्थीका लागि व्याकरण शिक्षण गर्न उपयुक्त मानिन्छ । यस विधिमा आगमन विधिका कतिपय विशेषताहरू पनि विद्यमान रहेका देखिन्छन् । यसले अध्ययनीय भाषाको त्रुटिसहित शुद्ध प्रयोग र भाषाको प्रत्यक्ष संसर्गबाट भाषाको शुद्ध रूपको प्रयोग गर्दै स्वतः स्फूर्त रूपमा व्याकरणात्मक सचेतताको विकास गर्न अपेक्षा राख्दछ । यस विधिले प्रशस्त श्रव्य-दृश्य सामग्रीको उपयोग गरेर, अभिनयात्मक कार्यकलापहरू गरेर, विशेष किसिमको शुद्ध भाषिक प्रयोग गरेर तथा यस्तै अन्य विभिन्न प्रत्यक्ष प्रक्रिया र साधनहरूको प्रयोग गरेर विद्यार्थीहरूलाई व्यापक भाषिक संसर्गमा ल्याउने कार्यकलापहरू अपनाउन जोड दिन्छ । यिनै कार्यकलापहरू मार्फत् भाषाको प्रत्यक्ष प्रयोग अनुभव दिलाएर व्याकरणात्मक धारणा र सचेतताको विकास गर्नमा निर्देशित गर्दछ । यस विधिको मान्यता अनुसार विद्यार्थीहरूले जति स्तरीय र शुद्ध भाषाको प्रयोग वातावरण र प्रत्यक्ष भाषिक संसर्ग पाउँछन् त्यति त्रुटिरहित व्याकरणसम्मत भाषा स्वतः सिक्दै जान्छन् । यस विधि अनुसार विद्यार्थीलाई सैद्धान्तिक नियम वा परिभाषागत व्याकरणात्मक ज्ञान दिनाको सट्टा उपयुक्त भाषिक वातावरणको संसर्गमा राखिराखेमा स्वतः स्फूर्त उनीहरूमा भाषिक बानी निर्माण भई व्याकरणात्मक सीप र सुझको विकास हुन्छ । भाषा शिक्षणमा व्याकरण शिक्षणको उद्देश्य व्याकरणात्मक सीप र सुझको विकास गर्नु हो ।

यस विधिले व्याकरणका दृष्टिले शुद्ध र स्तरीय पाठ्यसामग्रीको स्तरण गरी उपयोग गर्नुका साथै कक्षामा व्याकरणसम्मत भाषाको प्रयोगमा जोड दिएको पाइन्छ । यो विधि माध्यमिक तहका पछिल्ला कक्षा र उच्च शिक्षाका कक्षाहरूमा त्यति उपयुक्त देखिँदैन । यस विधिले व्याकरणको औपचारिक शिक्षणलाई भन्दा स्तरीय शिष्ट प्रयोगलाई अधिक महत्त्व दिन्छ । व्याकरणको औपचारिक शिक्षणले प्रसङ्गानुकूल प्रयोगको बेवास्ता गर्न सक्छ भने भाषाको प्रसङ्गानुकूल प्रयोग भाषासंसर्ग विधिको प्रमुख विशेषता हो । यस विधिअनुसार प्रयोगबाट नै व्याकरण सिकिहालिन्छ र त्यसका लागि छुट्टै तथा सचेत प्रयास अनावश्यक ठानिन्छ । यसरी भाषासंसर्ग विधिद्वारा विद्यार्थीमा भाषाको राम्ररी विकास हुन सके तापनि

उसले जानेको भाषाको विश्लेषण गर्ने क्षमता नहुन सक्छ । भाषा सिकाइका लागि घरपरिवार, छरछिमेक तथा समुदायमा उपयुक्त भाषिक वातावरण नमिल्न सक्छ । यसले गर्दा शिक्षार्थीहरूका भाषामा कुनै न कुनै त्रुटि रहने सम्भावना हुन्छ । अतः विद्यार्थीहरूलाई आफ्ना र अरुका भाषा प्रयोगमा भएका त्रुटिहरू पहिचान गर्ने क्षमताको विकास गर्नका लागि पनि व्याकरणको औपचारिक शिक्षण आवश्यकता पर्ने देखिन्छ । भाषा शिक्षणमा आवश्यकतानुसार सबै प्रकारका विधिहरूको यथोचित रूपमा प्रयोग गर्नुपर्दछ (अधिकारी, २०५५ : १६३) ।

**घ) भाषा पाठ्यपुस्तक विधि**

व्याकरणलाई छुट्टै पुस्तकको रूपमा नराखी भाषा पाठ्यपुस्तकभित्रै समावेश गरी भाषासँगै व्याकरण शिक्षण गर्ने विधिलाई भाषा पाठ्यपुस्तक विधि भनिन्छ । भाषा पाठ्यपुस्तकबाटै पाठगत वा विधागत प्रयोग - प्रसङ्गका आधारमा व्याकरण शिक्षण गर्ने विधिलाई भाषा पाठ्यपुस्तक विधि भनिएको हो । यो विधि आगमन र प्रत्यक्ष भाषा विधिको मिश्रित विधिका रूपमा पनि चिनिन्छ । व्याकरण भाषाभित्र छ र भाषा व्याकरण अनुरूप छ भन्ने विचारलाई यस विधिले अघि सारेको छ । भाषाको प्रयोगभित्र व्याकरणको खोजी गरिनु यस विधिको मुख्य अभिप्राय हो । नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) लागू भएपछि व्याकरणलाई भाषाशिक्षणको अभिन्न अङ्ग बनाउन भाषा पाठ्यपुस्तकका अभ्यास स्तम्भमा नै व्याकरणात्मक तत्त्वलाई समावेश गरिएको छ । यसबाट व्यवहारिक तथा प्रयोगात्मक पक्षलाई विशेष महत्त्व दिई अभ्यासलाई जोड दिने अपेक्षा राखेको बुझिन्छ । व्याकरणको बेग्लै पाठ्यपुस्तक नराखी भाषा पाठ्यपुस्तकद्वारा नै व्याकरण सिकाउनको मुख्य आधार पनि व्याकरण भाषाभित्रै छ, भाषा व्याकरणबद्ध छ भन्ने दृष्टिकोणसँग सम्बन्धित छ । तसर्थ व्याकरणको प्रयोगात्मक ज्ञानको लागि भाषा पाठ्यपुस्तक विधिको उपयोग गर्नु तर्कसङ्गत नै मानिन्छ । यसरी पाठभित्रैका प्रयोग प्रसङ्गका उदाहरणबाट प्रत्यक्ष रूपमा बोधक्षमताको विकास हुने र तिनको आगमनात्मक ढङ्गले प्रयोग अभ्यास र नियमीकरण गर्नसमेत मद्दत पुग्ने भएकाले वर्तमान परिवेशमा माध्यमिक तहसम्म यसै विधिलाई बढी प्राथमिकता दिन खोजिएको पाइन्छ ।

यस विधिअनुसार पाठ्यपुस्तकबाट व्याकरण सिकाउँदा विद्यार्थीलाई प्रत्यक्ष ढङ्गले प्रयोगमूलक तरिकाले व्याकरणात्मक धारणा विकास गर्न सरल हुन्छ साथै छुट्टै पाठ्यपुस्तकबाट व्याकरण सिकाउनुभन्दा सम्बन्धित भाषा पाठ्यपुस्तकबाटै व्याकरण

सिकाउँदा प्रासङ्गिक, रोचक र प्रभावकारी समेत हुन्छ । यो विधि आगमन विधि, निगमन विधि र प्रत्यक्ष विधिको सम्मिश्रण हो । यस विधिमा सुरुमा पाठ्यपुस्तकमा प्रयोग गरिएका उदाहरणमा अभ्यस्त गराइन्छ । त्यसपछि नियमीकरण गर्ने क्रममा नियम सिकाइन्छ र स्पष्ट पार्ने काम गरिन्छ, तत्पश्चात् सबलीकरणको रूपमा पाठ्यपुस्तकमा समाविष्ट व्याकरणिक पक्षको खोज गर्न लगाइन्छ । यसमा आगमन तथा निगमन दुवै विधिका विशेषता पाइन्छन् । भाषा पाठ्यपुस्तक विधिद्वारा व्याकरण शिक्षण गर्न विशेषतः माध्यमिक तहमा बढी उपयोगी हुन्छ । माध्यमिक तहका विद्यार्थीहरूमा भाषा प्रयोगसम्बन्धी आवश्यक पूर्वानुभव र व्याकरणात्मक धारणा बुझ्ने बौद्धिक क्षमताको विकास क्रमिक रूपमा भइरहेको हुन्छ ।

नेपाली भाषा व्याकरण शिक्षणमा भाषा पाठ्यपुस्तक विधि व्यवहारिक किसिमको भएर पनि यसको वास्तविक उपयोगमा भने निकै धेरै कठिनाइहरूको सामना गर्नुपर्ने स्थिति देखिन्छ । सबै पाठहरूमा विधागत भिन्नताका हिसाबले व्याकरणात्मक उदाहरणहरू पनि दिन नसकिने स्थिति रहन सक्छ । त्यसैले भाषा पाठ्यपुस्तक निर्माण गर्दा बढी सचेतता र सोच - विचार लगाउनु पर्ने, दुष्कर प्रयत्नमा कम्मर कसेर लाग्नुपर्ने स्थिति यसमा देखिन्छ । जति प्रयास गर्दा पनि भने जस्तो पाठ्यपुस्तक तयार गर्न नसकिने स्थिति आउन सक्छ । यसप्रकार यस विधिका अपेक्षाहरूलाई राम्रोसँग पूरा गर्न निकै समस्याहरू खडा भए तापनि पाठ्यपुस्तकभित्र प्रस्तुत गरिने पाठ्यसामग्रीहरूको छनोट र स्तरणमा विशेष सतर्कता अपनाएर यस विधिको उपयोग गर्न सजिलो तुल्याउनु आवश्यक देखिन्छ । यसो हुन सकेमा धेरै हदसम्म व्याकरण शिक्षणका उद्देश्यहरूलाई यस विधिबाट पूरा गर्न सकिन्छ (शर्मा र पौडेल, २०६८ : २३३) ।

## २.३ शैक्षिक उपादेयता

कुनै पनि अनुसन्धानको अध्ययन गर्दा त्यसको उपादेयता रहने गर्दछ । तसर्थ यस शोधपत्र तयार गर्दा पनि अध्ययन गर्नुको उपादेयता रहेको छ । यस शोधपत्रमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा रहेका व्याकरण के-कस्ता रहेका छन् ? विद्यार्थीको स्तर, क्षमता आवश्यकताका आधारमा रहेका छन् छैनन् ? विद्यार्थीलाई आफूले प्रयोग गरेको भाषामा व्याकरणिक नियम खोजी भाषा प्रयोगमा सुधार ल्याउन उन्मुख गराउनु व्याकरणको प्रमुख कार्य भन्ने कुराको अध्ययन गर्नु रहेको छ ।

वर्तमान नि.मा.वि. पाठ्यक्रमले नि.मा.वि. तहमा व्याकरण शिक्षण सम्बन्धमा निम्न माध्यमिक कक्षामा व्याकरण समावेश गर्नुको अभिप्राय यसको सैद्धान्तिक ज्ञान गराउनु नभई पाठहरूको प्रकृति अनुसारका व्याकरणको पहिचान र तिनको उपयुक्त ंप्रयोग गर्ने क्षमता विकासका लागि यसलाई समावेश गरिएको हो । व्याकरण भनेको भाषा प्रयोगमा अर्न्तनिहित संरचना एवम् व्यवस्था भएकाले यसलाई पाठभन्दा अलग राखेर हेर्नु उपयुक्त हुँदैन । तसर्थ व्याकरणलाई पाठमा के कसरी राखिएको छ के कस्ता व्याकरण समावेश गरिएको छ भनी अध्ययन गर्नु यस शोधपत्रमा अध्ययनको उपादेयता रहेको मानिन्छ ।

# परिच्छेद तीन

# अध्ययन विधि र प्रक्रिया

अनुसन्धानका समग्र प्रक्रिया नै अनुसन्धान विधि हो । अर्को शब्दमा भन्दा कुनै पनि अध्ययन अनुसन्धान उद्देश्य अनुरूप सम्पन्न गर्नका लागि विषयवस्तु अनुसारका विभिन्न तौरतरिकाहरू वा उपायहरूको अवलम्बन गर्नुपर्ने हुन्छ । त्यसैलाई अध्ययन विधि भनिन्छ । अध्ययन अनुसन्धानलाई सफलतापूर्वक सम्पन्न गर्न, गराउन विषयवस्तुको प्रकृति अनुसार उद्देश्य प्राप्त हुने गरी पूर्वनिर्धारित एवम् निश्चित विधिको अवलम्बन गर्नु पर्दछ । अध्ययन विधिको अभावमा अनुसन्धान कार्यलाई व्यवस्थित गर्न नसकिनुका साथै अनुसन्धान नतिजाको विश्वसनियता तथा वैधता स्थापित हुँदैन । त्यसैले अध्ययन विधि अनुसन्धानको प्रमुख विधिको रूपमा रहन्छ । तसर्थ यस परिच्छेदमा उल्लेखित अध्ययन विधिमा अनुसन्धानात्मक ढाँचा, जनसंख्या तथा नमुना छनोट, तथ्याङ्क सङ्कलनका साधनहरू, तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

## ३.१ अनुसन्धानात्मक ढाँचा

जुनसुकै अध्ययन कार्यको लागि तयार पारिने खाका नै अनुसन्धान ढाँचा हो । अनुसन्धान गर्ने कार्य जटिल हुँदा पनि पूर्ण लगनशिल र जिम्मेवारीबोधका साथ सम्पन्न गर्न धेरै नियम, विधि, सिद्धान्त र तरिकाहरू छन् । अनुसन्धान गर्दा एउटा अनुसन्धान पद्धति अवलम्बन गरी सोहि अनुसन्धान ढाँचा अनुशरण गर्न आवश्यक छ । यस अध्ययनमा तथ्याङ्क सङ्कलन गर्दा पुस्तकालयीय विधि अवलम्बन गर्नुपर्ने भएकोले यो अध्ययन गुणात्मक ढाँचामा तयार गरिएको छ । यसका अतिरिक्त वर्णनात्मक व्याख्यान एवम् विश्लेषणात्मक विधि समेत उपयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या तथा नमुना छनोट

यो अध्ययन कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अध्ययन भएकोले यस अध्ययनमा जनसंख्या छनोट गर्नुपर्ने आवश्यकता नभएकोले जनसंख्याको रूपमा कुनै पनि क्षेत्र र व्यक्तिलाई लिइएको छैन भने नमुनाको रूपमा आधारभूत तहको कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुत अध्ययन कक्षा छको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणको अध्ययन भएकोले शोधकार्य तयार पार्ने क्रममा अध्ययनको साधनको रूपमा कक्षा छको नेपाली भाषा पाठ्यपुस्तक तथा अन्य सन्दर्भ पुस्तकहरूलाई अध्ययनको साधनको रूपमा प्रयोग गरिएको छ । प्रश्नावली तथा फारमको प्रयोग गरिएको छैन ।

## ३.४ तथ्याङ्कको स्रोत

प्रस्तुत शोधकार्य तयार पार्ने द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत आधारभूत तहको कक्षा छको नेपाली भाषा पाठ्यपुस्तक, व्याकरण सम्बन्धी पुस्तकहरू र यससँग सम्बन्धित मिल्दाजुल्दा विषयवस्तुमा गरिएका समीक्षा र समालोचना रहेका छन् ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अनुसन्धान कार्यका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न शोध शीर्षकले किटान गरेको आधारभूत तहको कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन गरी निष्कर्षमा पुगिएको छ । विषयवस्तुले राखेका उद्देश्यहरू परिपूर्ति गर्न द्वितीय एवम् सहायक तथ्याङ्कहरूले पनि महत्त्वपूर्ण भूमिका रहने गर्दछ । सहायक तथ्याङ्कको अभावमा विषयवस्तुलाई तार्किक निष्कर्षमा पुऱ्याउन सकिँदैन । त्यसैले द्वितीय स्रोत अन्तर्गत तथ्याङ्क सङ्कलनको सन्दर्भमा यसै विषयसँग मिल्दाजुल्दा पहिले गरिएका अध्ययन, विभिन्न प्रतिवेदन, विभिन्न पाठ्यक्रम तथा पाठ्यपुस्तकको समेत सहायता लिइएको छ ।

शोधलाई तथ्यपरक तथा विश्वसनीय बनाउन विभिन्न अनुसन्धानात्मक तथा शोधमूलक ग्रन्थ, व्याकरणविद्द्वारा रचित व्याकरणिक ग्रन्थ लगायत आवश्यक तत्सम्बन्धी पुस्तकहरूको सङ्कलन, व्याकरणविद् तथा गुरुहरूको सुझाव लिई त्यसको तुलनात्मक अध्ययन गरिएको छ । प्राथमिक स्रोत र द्वितीय स्रोत दुवै विधिको प्रयोग गरी शोध शीर्षक विविध व्याकरणिक ग्रन्थको अध्ययनसँग सम्बन्धित भएकोले द्वितीय स्रोतको बढी प्रयोग गरी तयार पारिएको छ । जसअन्तर्गत पुस्तकालयीय विधिलाई अवलम्बन गरिएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा मुख्यतः पुस्तकालयीय विधि अवलम्बन गर्दै आधारभूत तहको कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन गरिएको छ । शोधकार्यलाई मूर्त तथा सार्थक रूप दिन प्राथमिक तथा द्वितीय स्रोतका रूपमा विभिन्न सामग्री सङ्कलन गरी ती सामग्रीको व्यापक अध्ययन तथा विश्लेषण गरी शोधनिर्देशकको प्रत्यक्ष संलग्नता र निर्देशनमा तयार पारिएको छ । यसको लेखनमा विश्लेषणात्मक विधिका साथै वर्णनात्मक, व्याख्यात्मक विधिको बढी प्रयोग गरिएको छ भने तुलनात्मक विधिको प्रयोग कम गरिएको छ ।

# परिच्छेद चार
# नतिजा विश्लेषण

## ४.१ पृष्ठभूमि

व्याकरण शब्द संस्कृत भाषाबाट नेपाली भाषामा आएको हो । संस्कृतमा यसको शब्दर्थ "व्याक्रियन्ते व्युत्पाधन्ते शब्द अनेन इति : व्याकरणम्" अर्थात् शब्द वा भाषाको वर्णन गर्ने र संरचना केलाउने शास्त्र हो । त्यस्तैगरी नेपाली बृहत शब्दकोश (ने.प्र.प्र. २०५५) अनुसार कुनै भाषाका शब्द, शब्दका विभिन्न रूप, तिनको संरचना विधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध खुट्याउनुका साथै शब्द वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको निरूपण गर्ने शास्त्र, शब्द तथा वाक्यसम्बन्धी नियम र उदाहरणको सङ्कलन गर्ने शास्त्र २, वेदका छ अङ्गमध्ये एक । यसरी व्याकरण वैदिककालदेखि नै वेदको अङ्गका रूपमा रहेको पाइन्छ । व्याकरण शब्दको निरूपण गर्दा व्याकरण भनेको नियम हो नियम बिना कुनै पनि भाषाको अस्तित्व नरही विलिन हुन जान्छ । त्यसैले कुनै पनि भाषालाई नियमशासित रूपमा प्रयोग गर्नका लागि व्याकरणको आवश्यकता पर्दछ । व्याकरणविना भाषा प्रयोग अस्तव्यस्त हुन पुग्दछ । त्यसैले भाषा शिक्षणलाई अनुशासित एवम् मर्यादित रूपमा अगाडि बढाउन व्याकरणको आवश्यकता पर्ने कुरामा कुनै मतभेद पाइदैंन । भाषाको आन्तरिक संरचना ध्वनि, वर्ण, अक्षर, रूप, शब्द र अपवादको वस्तुपरक अध्ययन, व्याख्या र विश्लेषणलाई व्याकरण भनिन्छ ।

नेपाली भाषा शिक्षणको परम्परासँगै व्याकरण शिक्षणको परम्पराको पनि विकास भएको पाइन्छ । जयपृथ्वीबहादुर सिँह र देवशमशेरले नेपाली भाषाका माध्यमबाट पठनपाठनको शुभारम्भ गरेपश्चात् प्राकृत व्याकरणको रचना भएको देखिन्छ । यसरी भाषा शिक्षणसँगै व्याकरण शिक्षण गर्ने कार्यको सुरुवात भएपछि सुरुमा भाषा र व्याकरणलाई छुट्टाछुट्टै पढाउने परम्परा थियो । वि.सं. २०२८ सालमा रा.शि.प.यो. लागू भएपछि व्याकरणलाई भाषा पाठ्यपुस्तक सँगसँगै पढाउने व्यवस्था गरियो । वर्तमान समयमा आएर नेपाली भाषा पाठ्यपुस्तकमा व्याकरणका अभ्यास खण्डमा आगमनात्मक विधिका माध्यमबाट भाषा वा सहित्यका माध्यमबाट व्याकरण शिक्षण गर्ने परम्पराको विकास भई

कार्यान्वयन भएको पाइन्छ । त्यसैले भाषा पाठ्यपुस्तकमा व्याकरण विधाको स्थान कायम रहेको छ ।

कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधा अन्तर्गत वर्ण, अक्षर, शब्द, वर्ण विन्यास, लेख्य चिह्न, नाम, सर्वनाम विशेषण, क्रियापद लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, विभक्ति, करण र अकरण जस्ता व्याकरणात्मक पक्षहरू समावेश गरिएको छ । यी व्याकरणहरूलाई पाठ्यपुस्तकमा क्रमबद्ध रूपमा समावेश नगरी छुट्टाछुट्टै राखिएको छ । यसै पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ :-

## ४.२ वर्ण, अक्षर र शब्द

कक्षा छको नेपाली पाठ्यपुस्तकको पन्ध्रौं पाठमा कार्यमूलक व्याकरण अन्तर्गत वर्ण, अक्षर र शब्दका बारेमा सामान्य जानकारी मात्र दिइएको छ । नेपालीका वर्ण, अक्षर र शब्दका बारेमा छुट्टाछुट्टै नभई एकै ठाउँमा राखेर बुझाउने प्रयास गरिएको छ । यस पाठ्यपुस्तकमा नेपालीका वर्ण, अक्षर र शब्द उच्चारण गर्दा फरक-फरक उच्चारण हुन सक्छ तर हामीले उच्चारण गर्दा शुद्ध उच्चारण गर्ने प्रयास गर्नुपर्छ । उच्चारण गर्दा समस्या आउन सक्ने वर्ण, अक्षर र शब्दका उदाहरणहरू दिइएको छ । प्रस्तुत उदाहरणहरूलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

**तालिका ४ : वर्ण, अक्षर र शब्द**

| | | | | |
|---|---|---|---|---|
| कर/गर | काल/गाल | कुन/गुन | चरा/जरा | चना/जना |
| चार/जार | चाली/जाली | टालो/डालो | टाँक/डाँक | पाडो/फाँडो |
| तह/दह | मह/रह | तह/टह | तान/दान | पल/बल |
| पाल/बाल | पिना/विना | कप/खप | काम/खाम | किल/खिल |
| चल/छल | चाल/छाल | चलाइ/छलाइ | चुन/छुन | टप/ठप |
| तल/थल | ताल/थाल | तर्कनु/थर्कनु | पर्सि/फर्सी | पारो/फारो |

यसरी वर्ण, अक्षर र शब्दलाई एकै पटक प्रयोग नगरी छुट्टाछुट्टै प्रयोग गरेमा सिकाइ प्रभावकारी हुने थियो ।तीन वटा कुरालाई एकै ठाउँमा राखी बुझाउने प्रयास गरिनु

भन्दा पनि तिनीहरूको छुट्टाछुट्टै परिचय र प्रशस्त उदाहरणको प्रयोग गर्न सकेमा अझ राम्रो हुने थियो कि भन्ने आभाष पाइन्छ ।

## ४.३ वर्ण विन्यास

कक्षा छको नेपाली पाठ्यपुस्तकको पाठ छमा कार्यमूलक व्याकरण अन्तर्गत वर्ण विन्यासको सामान्य परिचय, उदाहरणहरू, र अभ्यासहरू प्रस्तुत गरिएको छ । उक्त पाठ्यपुस्तकमा वर्ण विन्यासका बारेमा निम्न जानकारी समावेश गरिएको छ :-

शब्दमा रहने वर्णको रखाइलाई वर्ण विन्यास भनिन्छ । वर्ण विन्यासलाई अर्को शब्दमा हिज्जे पनि भनिन्छ । वर्णको उचित किसिमको विन्यासले भाषालाई शुद्ध र अनुचित किसिमको विन्यासले भाषालाई अशुद्ध बनाउँछ त्यसैले शब्दमा हृश्व, दीर्घ, श, ष, स, य, ए, ब, व, पढयोग, पद वियोग आदिको ठिक ढङ्गले प्रयोग हुनु आवश्यक छ भनी चर्चा गरिएको छ तर यस पाठ्यपुस्तकमा वर्ण विन्यास अन्तर्गतको ऋ, रि, को प्रयोग, छ्य, क्ष, छे, क्ष्यको प्रयोग र्‍यँ, र्‍या को प्रयोग, शिरबिन्दु र चन्द्रबिन्दुको प्रयोग, हलन्त र अजन्तको प्रयोग गरिएका कुनै पनि शब्द राखिएको छैन ।

## ४.४ लेख्य चिह्नको प्रयोग

नेपाली भाषामा प्रयोग हुने लेख्य चिह्नहरू अल्पविराम (,), अर्ध विराम (;), पूर्ण विराम (।), प्रश्न सूचन (?), विस्मयसूचक (!), निर्देशक चिह्न (:-/-), कोष्ठक चिह्न (()), उद्दरण चिह्न (‘....’ “...”), तिर्यक चिह्न (/), सङ्क्षेप चिह्न (.) र ऐजन चिह्न गरी विभिन्न प्रकारका हुन्छन् । यी विभिन्न चिह्नहरू मध्ये कक्षा छको नेपाली पाठ्यपुस्तकको पाठ चारको ‘भविष्यको योजना’संवादमा र पाठ एघारको ‘सम्पतिभन्दा शिक्षा ठूलो’ वादविवादमा पूर्ण विराम, प्रश्न चिह्न, उद्‌गार चिह्न, विस्मय चिह्न र अल्प विरामको प्रयोग राखिएको छ । पाठसँग सम्बन्धित वाक्यहरू दिएर कस्तो अवस्थामा लेख्य चिह्नहरू प्रयोग गरिन्छ भनी पाठयपुस्तकमा सामान्य जानकारी दिइएको छ । जसलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

वाक्य पूरा भएपछि पूर्ण विराम चिह्नको प्रयोग गरिन्छ । पदहरू र वाक्यका बीचमा छोटो अडिनका लागि अल्पविराम चिह्नको प्रयोग गरिन्छ । हर्ष, विस्मात, घृणा, आश्चर्य आदि मनको भाव बुझाउनु र सम्बोधनको सन्दर्भमा उद्‌गार चिह्नको प्रयोग गरिन्छ । कुनै

विषयको जानकारीका लागि प्रश्न गर्दा प्रश्न चिह्नको प्रयोग गरिन्छ भनी दिइएको छ । साथै अभ्यासहरू पनि राखिएको छ ।

## ४.५ नाम

कक्षा छको नेपाली पाठ्यपुस्तकको पाठ एकको 'गुरु' कवितामा का.मू.व्या. अन्तर्गत आगमनात्मक विधिअनुसार पहिले पाठमा भएका नाम शब्दहरू दिइएको छ र त्यसैका आधारमा नामको सामान्य परिचय दिइएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

गुरु, ज्ञान, धर्ती, शिष्य, टुङ्गो, मट्टी, मूर्ति, रवि, मान्छे, हिमाल, समुद्र, हुण्डरी, डुङ्गा, माझी, गाथा आदि शब्दले वस्तु वा चिजबिजलाई बुझाउँछन् । यी शब्दले वस्तु वा चिजविजलाई बुझाउँछन् । यी शब्दहरू नाम हुन् । वस्तु व्यक्ति, भाव र पदार्थहरूलाई चिनाउने शब्दलाई नाम भनिन्छ ।

त्यस्तै गरी पाठ चार र पाठ बाह्रमा पनि नामको बारेमा केही अभ्यासहरू दिइएको छ ।

## ४.६ सर्वनाम

कक्षा छको नेपाली पाठ्यपुस्तकको पाठ दुईको 'युक्ति सामु शक्ति टिक्दैन' कथामा सर्वनाम शब्द प्रयोग भएका वाक्यहरू दिइएको छ र त्यसैका आधारमा सर्वनामको सामान्य परिचय दिइएको छ । जसलाई निम्नानुसार प्रस्ततु गरिएको छ :-

ऊ, म, हामी, तपाई, उनी शब्दहरू सर्वनाम हुन् । यिनीहरू नामको सट्टामा प्रयोग भएका छन् । नामको सट्टामा प्रयोग हुने शब्दहरूलाई सर्वनाम भनिन्छ । म, उनी, यो, यी यिनी, को, के, कुन, जो, जुन, आफू आदि सर्वनाम हुन् ।

त्यस्तै गरी पाठ उन्नाइसको 'प्रधानाध्यापकलाई निवेदन' पाठमा पनि सर्वनामको अभ्यास राखिएको छ । यसरी सर्वनामलाई एउटा पाठमा मात्र नराखेर अर्को पाठमा पनि राखिनु चक्रिय विधिअनुरूप देखिन्छ । यो राम्रो पक्ष मानिन्छ । यसरी पुनरावृत्ति गरेमा सिकारुलाई पनि सहयोग पुग्दछ ।

## ४.७ विशेषण

कक्षा छको नेपाली पाठ्यपुस्तक पाठ तीनको 'सामाजिक सद्भाव' प्रबन्ध पाठमा विशेषणको प्रयोग गरिएका वाक्यहरू दिएर विशेषण सम्बन्धी धारणा बसाल्न खोजिएको छ । जसलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

- मानिस सामाजिक प्राणी हो ।
- यो गाउँ रमाइलो छ ।
- नेपाल प्राकृतिक सम्पदामा धनी देश हो ।
- हामी असल मानिस बन्नुपर्छ ।
- हाम्रो देशका हरिया पहाड र सेता हिमाल देख्दा पर्यटकहरू रमाउँछन् ।
- म परिश्रमी छु ।

माथिका वाक्यमा रेखाङ्कित शब्दहरूले नाम र सर्वनाम शब्दको विशेषता जनाएका छन् । त्यसैले ती शब्दहरू विशेषण शब्द हुन् भनी दिइएको छ । विशेषण सम्बन्धी अभ्यासहरू पनि दिइएको छ । विशेषणलाई अन्य पाठमा पुनरावृत्ति गरिएको छैन ।

## ४.८ क्रियापद

कक्षा छको नेपाली पाठ्यपुस्तकको पाठ छको 'साहित्यकार भवानी भिक्षु' जीवनीमा का.मू.व्या. अन्तर्गत पाठमा प्रयुक्त क्रियापदको प्रयोग गरिएका वाक्यहरू दिएर क्रियापद सम्बन्धी धारण बसाल्न खोजिएको छ । जसलाई निमनअनुसार प्रस्तुत गरिएको छ :-

- भिक्षुको वास्तविक नाम भवानीप्रसाद गुप्ता हो ।
- उनको जन्म तौलिहवामा भएको थियो ।
- उनले साहित्यमा ठूलो योगदान दिएका थिए ।

माथिका वाक्यहरूमा हो, थियो, थिए जस्ता क्रियापद आएका छन् । यी क्रियापदले वाक्यको काम जनाएका छन् । पाठमा प्रयोग भएका देखाए, थिए, गर्थे, लगिन्, पुग्यो आदि पनि क्रियापद हुन् भनी दिइएको छ । क्रियापदका बारेमा जानकारी लिनका लागि धातु, प्रत्यय, मूल शब्द र क्रियापद राखिएको तालिका राखिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

**तालिका ५ : क्रियापदका बारेमा जानकारी**

| धातु प्रत्यय | मुल शब्द | क्रियापद | |
|---|---|---|---|
| गर् | नु | गर्नु | गर्छ, गर्छे, गर्छिन्, गर्छौं गर्छस, गर्छौ, गर्छ्यौ, गर्नुहुन्छ, |
| पढ् | नु | पढ्नु | पढ्यो, पढी, पढे, पढिस्, पढ्यौं, पढ्नु भयो |
| बस् | नु | बस्नु | बस्ने छ, बस्ने छे, बस्ने छेस्, बस्ने छस्, बस्ने छौ, बस्ने छ्यौ, बस्ने छु, बस्ने छौं, |
| हाँस् | नु | हाँस्नु | हाँस्ला, हाँस्ली, हाँस्लान्, हाँस्लास्, हाँसौला |

क्रियापदका बारेमा अभ्यासहरू पनि राखिएको छ । सिकारुको तहअनुसार राम्रो नै मान्न सकिन्छ ।

## ४.९ लिङ्ग, वचन, पुरुषका आधारमा वाक्य परिवर्तन

एउटा लिङ्ग, वचन र पुरुषमा रहेको वाक्यलाई अर्को लिङ्ग, वचन र पुरुषमा परिवर्तन गर्नुलाई वाक्य परिवर्तन भनिन्छ ।

### ४.९.१ लिङ्गका आधारमा वाक्य परिवर्तन

कक्षा छको नेपाली पाठ्यपुस्तकको अठारौँ पाठमा कार्यमूलक व्याकरण अन्तर्गत लिङ्गका आधारमा परिवर्तन गरिएका वाक्यहरू दिइएका छन् । त्यही आधारमा लिङ्ग सम्बन्धी केही जानकारी दिइएको छ । जसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :-

क) केटो चित्र बनाउँछ ।

ख) केटी चित्र बनाउँछे ।

ग) उसले राडीपाखी बुन्न जानेको छ ।

घ) उनले राडीपाखी बुन्न जानेकी छिन् ।

माथिका वाक्यहरूमा लिङ्गका आधारमा वाक्य परिवर्तन गरिएको छ । लिङ्गका आधारमा वाक्य परिवर्तन गर्दा पुलिङ्गलाई स्त्रीलिङ्गमा र स्त्री लिङ्गलाई पुलिङ्गमा परिवर्तन गर्न सकिन्छ । साथै यस सम्बन्धी अभ्यास त राखिएको छ तर पर्याप्त मात्रामा अभ्यासको कमी देखिएको छ ।

यसरी लिङ्गको बारेमा जानकारी दिइएको छ । यस पाठ्यपुस्तकमा लिङ्ग भनेको के हो ? लिङ्ग कति प्रकारका हुन्छन् । स्त्री लिङ्ग भनेको के हो ? पुलिङ्ग भनेको के हो ? भनी स्पष्ट पारिएको छैन । साथै स्त्री लिङ्गको उदाहरण यो हो, पुलिङ्गको  उदाहरण यो हो भनी दिइएको छैन । सुरुमै स्त्री लिङ्गलाई पुलिङ्गमा र पुलिङ्गलाई स्त्री लिङ्गमा परिवर्तन गर्न सकिन्छ भनी दिइएको छ । यस पाठमा बाहेक अरु पाठमा लिङ्ग सम्बन्धी चर्चा गरिएको पाइँदैन ।

### ४.९.२ वचनका आधारमा वाक्य परिवर्तन

कक्षा छको नेपाली पाठ्यपुस्तकको पाठ दुईको 'युक्ति सामु शक्ति टिक्दैन' कथामा एक वचन बुझाउने सर्वनाम पदसँग बहु वचन बुझाउने सर्वनाम पदको जोडा मिलाऊ भनी अभ्यास दिइएको छ । यसैबाट वचन एक वचन र बहु वचन गरी दुई प्रकारका हुन्छन् भनी बुझाउन सकिनछ ।

त्यस्तै गरी सोह्रौं पाठको 'राष्ट्रिय विभूति शङ्खधर शाख्वा' जीवनीमा एक वचन र बहु वचनको उदाहरण, सामान्य परिचय र अभ्यास दिइएको छ । जसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :-

एक वचन : शाख्वाले जनताको ऋण मोचन गरेका थिए ।

बहु वचन : हामी शाख्वाको योगदानलाई कदर गर्छौं ।

एउटालाई बुझाउँदा एक वचन र एकभन्दा धेरैलाई बुझाउँदा बुह वचन हुन्छ । वचन दुई प्रकारका हुन्छन् । वाक्यमा कर्ताअनुसार क्रियाको वचन मिलाउनुपर्छ । कर्ताको वचनअनुसार क्रियापदमा वचनको प्रयोगलाई वचनका आधारमा हुने पदसङ्गति भनिन्छ ।

त्यस्तैगरी अठारौं पाठको 'कलाको महत्व' प्रबन्धमा कार्यमूलक व्याकरणमा वचन बदली वाक्य परिवर्तन गर र क्रियापदलाई बहु वचनमा बदल भनी अभ्यास राखिएको छ ।

### ४.९.३ पुरुषका आधारमा वाक्य परिवर्तन

प्रस्तुत कक्षा छको नेपाली पाठ्यपुस्तकको उन्नाइसौं पाठको 'प्रधानाध्यापकलाई निवेदन' निवेदनमा पुरुषलाई बुझाउनका लागि पुरुषको प्रयोग गरिएका वाक्यहरू दिइएको छ । जसलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

क) म शैक्षिक भ्रमणमा जान्छु ।

ख) हामी शैक्षिक भ्रमणमा जान्छौं ।

ग) तँ शैक्षिक भ्रमणमा जान्छस् ।

घ) तिमी शैक्षिक भ्रमण जान्छौ ।

ङ) तपाई शैक्षिक भ्रमणमा जानुहुन्छ ।

च) ऊ शैक्षिक भ्रमणमा जान्छ ।

छ) उनीहरू शैक्षिक भ्रमणमा जान्छन् ।

ज) तिनीहरू शैक्षिक भ्रमणमा जान्छन् ।

झ) उहाँहरू शैक्षिक भ्रमणमा जानुहुन्छ ।

माथिका शैक्षिक वाक्यहरूलाई पुरुषका आधारमा वाक्य परिवर्तन गरिएको छ । पुरुषले बोल्ने वक्ता, सुन्ने स्रोता र कुरा गरिने व्यक्ति वा वस्तुलाई जनाउँछ । म, हामी, तँ, तिमी, त्यो, ऊ आदि पुरुषका रूपमा प्रयोग हुने शब्द हुन् भनी पाठ्यपुस्तकमा दिइएको छ । यहाँ पुरुष भनेको यो हो, पुरुषका प्रकारहरू यी हुन् भनेर दिइएको छैन । उदाहरण दिई उदाहरणमा जस्तै गरी परिवर्तन गर भनी अभ्यास दिइएको छ । चर्चा गरिएको पाइँदैन ।

## ४.१० काल

कक्षा छको नेपाली पाठ्यपुस्तकमा छुट्टाछुट्टै पाठहरूमा भूतकाल, वर्तमान काल र भविष्यत् काल राखिएको छ तर कालको परिचय दिइएको छैन । यसमा पहिले क्रियापदको प्रयोग गरिएका वाक्यहरू दिएर त्यसैका आधारमा तिनीहरूको सामान्य परिचय र केही उदाहरणहरू तथा अभ्यासहरू दिइएको छ । जसलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

### ४.१०.१ भूतकाल

यस पाठ्यपुस्तकको पाठ सातमा 'साने र ठूले' कथामा भूतकालको क्रियापद प्रयोग गरिएका वाक्य दिएर त्यसैको आधारमा भूतकालको सामान्य परिचय र उदाहरणहरू दिइएको छ । जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :-

क) मताने माहिलालाई अकस्मात् ज्वरो आयो ।

ख) ठूले अल्छी थियो ।

ग) ठूले दूध खाएर हृष्टपुष्ट भएको थियो ।

घ) भैँसीले एक माना दूध दिन्थ्यो ।

ङ) उनीहरू आपसमा मिलेर बस्न थाले ।

माथिका वाक्यमा आयो, थियो, दिन्थ्यो, बस्थे, थाले जस्ता क्रियापदहरू प्रयोग भएका छन् । यस किसिमका क्रियापदले बितेको समयमा काम भएको जनाउँछन् । बितेको समयलाई भूतकाल भनिन्छ । बितेको समयमा काम भएको जनाउने क्रियापदलाई भूत कालको क्रियापद भनिन्छ । यसका साथै भूतकालका अभ्यासहरू राखिएको छ ।

त्यस्तै गरी तेह्रौं पाठको 'युधिष्ठिरको परीक्षा' कथामा भूतकालका बोरमा अभ्यास राखिएको छ । चौधौं पाठको 'लुइ पास्चर' जीवनीमा भूतकालमा पर्ने पूर्ण भूतकालको क्रियापद प्रयोग गरिएको वाक्य बनाउने अभ्यास राखिएको छ । उन्नाइसौं पाठको 'प्रधानाध्यापकलाई निवेदन' निवेदनमा वाक्यलाई पूर्ण भूतकालमा परिवर्तन गर्न भनी अभ्यास राखिएको छ ।

यसरी यस पाठ्यपुस्तकमा भूतकालका बारेमा यति नै जानकारी दिइएको छ । भूतकालका सामान्य भूत, अपूर्ण भूत, पूर्ण भूत अज्ञात भूत र अभ्यस्त भूत गरी पाँच पक्ष रहेका छन् । तीमध्ये पूर्ण भूतकालका बारेमा केही उदाहरणहरू मात्र दिइएको छ । पूर्ण भूतकालको परिचय र धातुमा यी-यी प्रत्ययहरू जोडिएर पूर्ण भूतकालको क्रियापद बन्दछ भनेर केही भनिएको छैन । उदाहरण मात्र दिएर पूर्ण भूतकालको बारेमा जानकारी दिन खोज्नु पर्याप्त नभएको मानिन्छ ।

### ४.१०.२ वर्तमान काल

कक्षा छको नेपाली पाठ्यपुस्तकको पाठ एकको 'गुरु' कवितामा वर्तमान कालका क्रियापद प्रयोग गरिएको वाक्यहरू दिएर त्यसैका आधारमा वर्तमान कालको सामान्य परिचय दिइएको छ । यसका साथै वर्तमान कालका बारेमा अभ्यासहरू, उदाहरणहरू पनि दिइएको छ । जसलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

क) गुरुमा ज्ञानको ज्योति चम्किलो बन्दछ ।

ख) धर्तीले जन्मको सार पूर्ण भो भन्दछ ।

ग) ज्ञान एक एक गरी शिष्यमा सर्न थाल्दछ ।

घ) त्यागको तेजको ढुङ्गो पनि पगाल्दछ ।

माथिका वाक्यमा बन्दछ, भन्दछ, थाल्दछ, पगाल्दछ जस्ता क्रियापदहरू प्रयोग भएका छन् । यस किसिमका क्रियापदले वर्तमान समयमा काम हुने कुरालाई जनाउँछन् ।

वर्तमान समयमा कामको अवस्था दर्शाउन प्रयोग हुने क्रियापदलाई वर्तमान कालिक क्रियापद भनिन्छ भनी दिइएको छ ।

त्यस्तैगरी पाठ आठको 'कृषिमलको प्रयोग' प्रबन्धमा र बाह्रौं पाठको 'स्वाभिमानी मुख' कवितामा पनि वर्तमान कालिन क्रियापदको अभ्यासहरू राखिएको छ । यसरी वर्तमान कालका बारेमा तीन वटा पाठमा वर्तमान कालका बारेमा जानकारी दिइएको छ । चक्रिय पद्धति अनुसार राखिएकाले यो राम्रो पक्ष मानिन्छ ।

### ४.१०.३ भविष्यत् काल

कक्षा छको नेपाली पाठ्यपुस्तकको तेह्रौं पाठको 'युधिष्ठिरको परीक्षा' कथा पाठमा भविष्यत् कालको क्रियापद प्रयोग गरिएको वाक्य दिएर त्यसैका आधारमा भविष्यत् कालको सामान्य परिचय र त्यसका रूपहरू दिइएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

क) तिमीहरूको अज्ञात बास सफल हुने छ ।

ख) तिमीहरू भोलि जाने छौ ।

ग) हरिण अग्निकवच सिङमा उनेर भाग्ने छ ।

घ) उनीहरू शीतल छहारीमा बस्ने छन् ।

ङ) तिमीलाई हामी प्रश्न सोध्ने छौं ।

माथिका वाक्यहरूमा प्रयोग भएका क्रियापदहरूले पछि आउने समयमा काम हुने कुरालाई जनाउँछन् । पछि आउने समयलाई भविष्यत् काल भनिन्छ । भविष्यत् काल जनाउन प्रयोग हुने क्रियापदहरू भविष्यत् कालिक क्रियापद हुन् । यस्ता क्रियापद भएका रूपहरू खेल्ने छु, खेल्ने छौ, खेल्ने छे, खेल्ने छस्, खेल्ने छिन्, खेल्ने छौ, खेल्ने छ्यौ, खेल्ने छन् आदि हुन्छन् भनी पाठ्यपुस्तकमा दिइएको छ । उदाहरण दिएर काल परिवर्तनका अभ्यासहरू समेत राखिएको छ ।

त्यस्तै गरी चौधौं पाठको 'लुइ पास्चार' जीवनी पाठमा वाक्यलाई पूर्ण भविष्यत् कालमा परिवर्तन गर्न भनी अभ्यास दिइएको छ । भविष्यत् कालका पक्षहरू सामान्य, अपूर्ण र पूर्ण गरी तीन किसिमका हुन्छन् तर यहाँ यिनीहरूको परिचय दिइएको छैन । 'मानिस नै देवता' शीर्षकको सत्रौं पाठमा का.मू.व्या. अन्तर्गत अपूर्ण भूतलाई अपूर्ण वर्तमान र अपूर्ण भविष्यत् कालमा परिवर्तन गर्न भनी अभ्यास राखिएको छ ।

## ४.११ पक्ष

नेपाली व्याकरणमा पक्ष सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त गरी पाँच प्रकारका हुन्छन् । कक्षा छको नेपाली पाठ्यपुस्तकमा अपूर्ण पक्ष र पूर्ण पक्षको बारेमा मात्र सामान्य परिचय र उदाहरणहरू दिइएको छ । जसलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

### ४.११.१ अपूर्ण पक्ष

प्रस्तुत पाठ्यपुस्तकको एघारौँ पाठको 'सम्पति भन्दा शिक्षा ठूलो' शीर्षकको वादविवाद पाठमा का.मू.व्या. अन्तर्गत अपूर्ण पक्ष जनाउने वाक्यहरू दिएर त्यसैको आधारमा अपूर्ण पक्षको सामान्य परिचय, अपूर्ण पक्षका रूप र उदाहरणहरू दिइएको छ । जसलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

क) मैले आफ्ना तर्कहरू राख्दै थिए ।

ख) नीता विद्यालय जाँदै थिइन् ।

ग) म शिक्षा ठूलो भन्ने पक्षमा आफ्नो तर्कहरू राख्दै छु ।

घ) सन्तानलाई दिएको सम्पति क्रमिक रूपमा नष्ट हुँदै जान्छ ।

ङ)म धर जाँदै हुने छु ।

च) शिक्षा जति खर्च गर्‍यो उति बढ्दै जाने छ ।

माथिको वाक्यमा प्रयोग भएका राख्दै थिए, जाँदै थिइन्, राख्दै छु, हुँदै जान्छ, जाँदै हुने छु, बढ्दै जाने छ जस्ता क्रियापदले कामको अपूर्ण अवस्था वा काम पूरा नभएको अवस्थालाई जनाउँछन् । अपूर्ण पक्षले काम पूरा नभएको वा काम हुँदै गरेको अवस्थालाई जनाउँछ । अपूर्ण पक्ष बुझाउन थियो, थिए, थिइस्, हुने छ, हुने छन् जस्ता सहायक क्रियाको प्रयोग गरिन्छ भनी पाठ्यपुस्तकमा दिइएको छ । यसका साथै अपूर्ण पक्षको अभ्यासहरू राखिएको छ । यस पाठमा बाहेक अरु पाठमा अपूर्ण पक्ष सम्बन्धी चर्चा गरिएको पाइँदैन ।

### ४.११.२ पूर्ण पक्ष

प्रस्तुत पाठ्यपुस्तकको दशौँ पाठको 'युमादेवीको अवतरण' शीर्षकको कथामा का.मू.व्या. अन्तर्गत पूर्ण पक्ष जनाउने वाक्यहरू दिएर त्यसैको आधारमा पूर्ण पक्षको सामान्य परिचय, पूर्ण पक्ष जनाउने क्रियापदहरू र धातुबाट पूर्ण पक्षका रूप र उदाहरणहरू दिइएको छ । जसलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

क) माबोहाङ कुनै कुलतमा लागेका थिएनन् ।

ख) माबोहाङले देशको राजधानी यासोकजोङमा सारेका थिए ।

ग) तिम्रो मन जाँच्न म यहाँ आएको हुँ ।

घ) युमादेवीले माबोहाङका पुर्खाहरूले गरेका राम्रो कामको बयान गरेकी छिन् ।

च) सीपाहीहरू दरबार गएका हुने छन् ।

छ) जङ्गलमा कुकुरहरू भुकेका हुनेछन् ।

माथिका वाक्यहरूमा लागेका थिएनन्, सारेका थिए, आएको हुँ, गरेकी छिन्, गएका हुने छन्, भुकेका हुने छन् जस्ता क्रियापद प्रयोग भएका छन् । यस किसिमका क्रियापदहरू वाक्यमा कार्य पूरा भएको अवस्थालाई जनाउन प्रयोग हुन्छन् ।

पूर्ण पक्षले काम पूरा भएको अवस्थालाई जनाउँछ । कामको पूर्णतालाई जनाउन वा बुझाउन धातुमा एको, एका, एकी जोडेर त्यसपछि थियो, थिए, छु, छन्, हुने छ, हुने छन्, जस्ता सहायक क्रियापद प्रयोग गरिन्छ भनी पाठ्यपुस्तकमा प्रस्तुत गरिएको छ । यसका साथै पूर्ण पक्षको अभ्यासहरू राखिएको छ । यस पाठमा बाहेक अरु पाठमा पूर्ण पक्ष सम्बन्धी चर्चा गरिएको पाइँदैन् ।

## ४.१२ भाव

नेपाली व्याकरणमा भाव सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ र सङ्केतार्थ गरी पाँच प्रकारका हुन्छन् । कक्षा छको नेपाली पाठ्यपुस्तकमा तेह्रौं पाठको ‘युधिष्ठिरको परीक्षा’ कथा पाठमा कार्यमूलक व्याकरण अन्तर्गत आज्ञार्थ क्रियापद प्रयोग भएका वाक्यहरू दिएर आज्ञार्थलाई बुझाउन खोजिएको छ र धातुबाट आज्ञार्थ क्रियापद, वाक्यलाई आज्ञार्थमा परिवर्तन गर्न भनी अभ्यास दिइएको छ । आज्ञार्थको परिचय भने दिइएको छैन । पाठ नौको ‘दाजुलाई बहिनीको चिठी’ शीर्षकको चिठीमा का.मू.व्या. अन्तर्गत सम्भावनार्थ वाक्यहरू दिएर त्यसैका आधारमा सम्भावनार्थलाई बुझाउन खोजिएको छ । धातुबाट सम्भावनार्थ क्रियापद बनाउन भनी अभ्यास दिइएको छ । यसको परिचय भने दिइएको छैन । यस पाठ्यपुस्तकमा पाँच वटा भावहरूमध्ये सामान्यार्थ, इच्छार्थ र सङ्केतार्थको बारेमा केही जानकारी दिइएको छैन भने आज्ञार्थ र सम्भावनार्थका बारेमा मात्र सामान्य जानकारी दिइएको छ । जसलाई यसप्रकार प्रस्तुत गरिएको छ :-

#### ४.१२.१ आज्ञार्थ

(क) नदीमा गएर पानी ल्याऊ ।

(ख) पानी खानुपूर्व मेरा प्रश्नको उत्तर देऊ ।

(ग) कक्षाकोठाभित्र प्रवेश गर ।

(घ) आफ्नो ठाउँमा नचलीकन बस ।

(ङ) राम्रोसँग जाँच देऊ ।

(च) बाहिर नजाऊ ।

माथिका वाक्यहरूले आज्ञा वा आदेश अर्थ बुझाएका छन् । आज्ञार्थ जनाउने क्रियापदको प्रयोग गरी वाक्य बनाउने अभ्यास, वाक्यलाई आज्ञार्थमा बदल भनी अभ्यास दिइएको छ । तेह्रौं पाठमा बाहेक अरु पाठमा आज्ञार्थ सम्बन्धी चर्चा गरिएको पाइँदैन । त्यसैले पाठ्यपुस्तकमा व्याकरणको पुनरावृत्ति र प्रशस्त अभ्यासहरू राखिनु आवश्यक मानिन्छ ।

#### ४.१२.२. सम्भावनार्थ

क) तपाईलाई सञ्चै होला ।

ख) दाजु भोलि आउनुहोला ।

ग) उनीहरूको आय आर्जन राम्रो होला ।

घ) बहिनी डाक्टर होलिन् ।

ङ) हामी चुप लागौँला ।

माथिको वाक्यले काम पछि हुन सक्ने सम्भावना बुझाएका छन् । त्यसैले यी वाक्यहरू सम्भावनार्थक वाक्यहरू हुन् भनी पाठ्यपुस्तकमा दिइएको छ । उदाहरणअनुसार सम्भावनार्थमा बदल भनी अभ्यासहरू दिइएको छ । पाठ नौमा बाहेक अरु पाठमा सम्भावनार्थ सम्बन्धी चर्चा गरिएको पाइँदैन । त्यसैले पाठ्यपुस्तकमा व्याकरणको पुनरावृत्ति र प्रशस्त अभ्यासहरू राखिनु आवश्यक मानिन्छ ।

### ४.१३ विभक्ति

कक्षा छको नेपाली पाठ्यपुस्तकको पाठ सातको 'साने र ठूले' शीर्षकको कथामा कार्यमूलक व्याकरण अन्तर्गत विभक्ति चिह्नको प्रयोग गरिएका वाक्यहरू दिएर त्यसैका

आधारमा विभक्तिको सामान्य परिचय र विभक्ति चिह्नहरू दिइएका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

दाजुभाइका बीचमा अंशबन्डा गर्दा उसको भागमा मतान घर पऱ्यो । ऊ त्यही घरमा बस्न थाल्यो । गाउँलेहरूले उसलाई मताने महिला भनेर बोलाउन थाले । मताने माहिलाका दुई छोरा थिए ।

माथिका गाढा अक्षर प्रयोग भएका विभक्ति हुन् । ले, लाई द्वारा, बाट, को, का, की, रो, रा, री, नो, ना, नी, विभक्ति हुन् । वाक्यमा प्रयोग भएका शब्दहरूलाई एक अर्कामा छुट्याउन वा सम्बन्ध देखाउनका लागि शब्दहरूमा लाग्ने चिह्नलाई विभक्ति भनिन्छ भनी पाठ्यपुस्तकमा दिइएको छ । यसका साथै उदाहरणअनुसार अभ्यास गर्न भनी निर्देशन दिइएको छ ।

त्यस्तैगरी चौधौँ पाठको 'लुइ पास्चर' जीवनीमा का.मू.व्या. अन्तर्गत पनि विभक्ति चिह्नको बारेमा सामान्य जानकारी दिइएको छ र अभ्यासहरू पनि राखिएको छ ।

## ४.१४ करण र अकरण

कक्षा छको नेपाली पाठ्यपुस्तकको पाठ आठको 'कृषिमलको प्रयोग' पाठमा र पन्ध्र पाठको 'वातावरणको रक्षा' पाठमा कार्यमूलक व्याकरण अन्तर्गत करण वाक्यलाई अकरण वाक्यमा परिवर्तन गर्न भनी दिइएको छ । पाठ सत्रको 'मानिस नै देवता' शीर्षकको कथामा का.मू.व्या. अन्तर्गत नै करण वाक्य र अकरण वाक्यको पहिचान गर्न भनी अभ्यास राखिएको छ । पाठ अठारको 'कलाको महत्व' शीर्षकको प्रबन्धमा पनि.का.मू.व्या. अन्तर्गत करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्न भनिएको छ । यसरी चार वटा पाठमा करण र अकरण बारेमा चर्चा गरिएको भए पनि करण र अकरणको परिचय भने दिइएको छैन । करण र अकरणको प्रस्तुति ढाँचा आगमनात्मक विधितिर नै केन्द्रित रहेको छ । उदाहरणमा दिए जस्तै गरी अभ्यास गर्न निर्देशन गरिएको छ ।

जस्तै : प्राङ्गारिक र रासायनिक गरी कृषिमल दुई प्रकारका हुन्छन् ।

प्राङ्गारिक र रासायनिक गरी कृषिमल दुई प्रकारका हुँदैनन् ।

यसैको आधारमा करण र अकरण सम्बन्धी धारणा बसाल्ने प्रयास गरिएको पाइन्छ । यसका साथै चार वटा पाठहरूमा करण र अकरण अभ्यासहरू राखिएको छ ।

# परिच्छेद पाँच
# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरद्वारा निष्काशित वि.सं. २०५१ मा गोविन्दप्रसाद भट्टराई र द्रोण दाहालले लेख्नु भएको पाठ्यपुस्तकलाई आधारभूत तह अन्तर्गत कक्षा ६-८ को पाठ्यक्रम (२०६९) अनुसार डा. बद्रीविशाल भट्टराई, गणेशप्रसाद भट्टराई, विष्णुप्रसाद अधिकारी, दिवाकर चापागाई, रजनी धिमाल र विष्णुप्रसाद अधिकारीद्वारा लेखन, परिमार्जन तथा सम्पादन गरी यस रूपमा तयार भएको पाइन्छ । यस पाठ्यपुस्तकको थप परिमार्जन कार्यमा केन्द्रका कार्यकारी निर्देशक खगराज बरालका साथै प्रा.डा. हेमाङ्गराज अधिकारी, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. केदारप्रसाद शर्मा, धनञ्जय शर्मा र डा. गीता खरेलको विशेष योगदान रहेको पाइन्छ । यस पाठ्यपुस्तकमा नेपाल सरकारले स्वीकृत गरे अनुसारको वर्णविन्यास प्रयोग गरिएको पाइन्छ । यस पाठ्यपुस्तकको प्रथम संस्करण वि.सं. २०५१ परीक्षण संस्करण २०६८ र परिमार्जित दोस्रो संस्करण वि.सं. २०७१ मा भएको पाइन्छ ।

शिक्षालाई व्यवहारिक जीवनमा समय सापेक्ष बनाई विद्यार्थीहरूमा राष्ट्रिय एकता, सार्वभौमिकता तथा प्रजातान्त्रिक मान्यता अनुरूपको भावना विकास गराउने र इमान्दारी एवम् नैतिकता जस्ता आधारभूत मानवीय गुणहरूको विकास गराई सामाजिक जीवनयापनको लागि आवश्यक पर्ने ज्ञान र सीप हासिल गराउने उद्देश्य अनुसार यस पाठ्यपुस्तकलाई औपचारिक रूपमा नेपाल सरकारबाट स्वीकृत गरिएको छ ।

भाषा शिक्षणको मुख्य उद्देश्य भनेको विद्यार्थीहरूमा भाषिक सीप विकास गराउनु हो । त्यसैले प्रस्तुत पाठ्यपुस्तक परिमार्जन गर्ने क्रममा पाठ्यक्रमको उद्देश्य, विद्यार्थीको स्तर, उमेर, आवश्यकता, सिर्जनात्मक सीपको विकास, निर्धारित पाठ्यभार र शिक्षण सुगमतालाई समेत ध्यानमा राखिएको पाइन्छ । विषयवस्तुको चयनमा आधुनिकता, रोचकता र व्यवहारिकतालाई आधार मानी व्याकरणिक अभ्यासलाई पाठको प्रस्तुति र प्रस्तुत पाठको भाषाशैलीको चयन गरिएको छ । यसका अतिरिक्त नेपाली भाषाको एकरूपताका लागि यस पाठ्यपुस्तकमा वर्णविन्यास शैलीमा ढालिएको छ । पाठको विषयवस्तुको आधारमा व्याकरण सिक्न र व्याकरण शिक्षणलाई आधुनिकता

र समसामयिकता प्रदान गर्नका लागि व्याकरण शिक्षणका उदाहरण र अभ्यास पाठबाट नै दिने जमर्को गरेको देखिन्छ । व्याकरणका खण्डहरू पाठ्यक्रम अनुसार कुनै पनि नछुटाए पनि कतिपय खण्डहरूको पर्याप्त मात्रामा जानकारी तथा अभ्यासहरू दिइएको छैन । व्याकरण भाषा सिकाइको संविधान नै भएकाले यसलाई अझ प्रभावकारी बनाई भाषाको संरक्षण र यसको प्रयोग पक्षमा समेत ध्यान दिई प्रत्येक व्याकरण खण्डका परिभाषा र नियमलाई विस्तृत रूपमा राखिनुपर्ने देखिन्छ । समय-समयमा पाठ्यपुस्तकलाई परिमार्जन गरे तापनि अध्ययन विश्लेषणका क्रममा अझै पनि कतिपय कमीकमजोरीहरू भेटिएका छन् । ती कमजोरीहरू पत्ता लगाई समाधानका लागि सदैव प्रयत्नरत रहनु पर्ने देखिन्छ ।

व्याकरण सम्बन्धी विद्यार्थीलाई ज्ञान दिन पाठ्यपुस्तकको प्रत्येक पाठमा व्याकरण सम्बन्धी कुनै न कुनै रूपमा चर्चा गरिएको छ । प्रस्तुत कक्षा छको नेपाली पाठ्यपुस्तकको प्रत्येक पाठहरूमा पाठ्यक्रमले तोकेअनुसार व्याकरणका पक्षहरू समेटिएका छन् । पाठ्यवस्तुहरूलाई कार्यमूलक व्याकरण अन्तर्गत पाठ एक 'गुरु' कवितामा नामको परिचय, नामको उदाहरण र वर्तमान कालका क्रियापदको प्रयोग राखिएको छ । पाठ दुई 'युक्तिसामु शाक्ति टिक्दैन' कथामा सर्वनामको परिचय, सर्वनाम जनाउने शब्दहरू, एकवचन र बहुवचन बुझाउने सर्वनाम पदका साथै अभ्यासहरू राखिएको छ । पाठ तीन 'सामाजिक सद्भाव' प्रबन्धमा विशेषणको परिचय, अभ्यासहरू, विशेषण शब्दहरू, विशेषण र नाम छुट्याउने भनी राखिएको छ । पाठ चार 'भविष्यको योजना' संवादमा नाम शब्दको टिपोट, लेख्य चिह्न अन्तर्गत प्रश्न चिह्न (?), पूर्ण विराम चिह्न (।), अल्प विराम चिह्न (,) र उद्गार चिह्न (!) का बारेमा सामान्य जानकारी तिनीहरूको प्रयोग र केही अभ्यासहरू समावेश गरिएको छ । त्यस्तै गरी पाठ पाँच 'साहित्यकार भवानी भिक्षु' जीवनीमा क्रियापद र धातु, त्यससँग सम्बान्धित अभ्यास राखिएको छ । पाठ छ 'खोला' कवितामा वर्णविन्यासको सामान्य परिचय, वर्णविन्यास अन्तर्गत ह्रस्व, दीर्घ, श, ष, य, ए, ब, व, पदयोग पदवियोग र व्याकरणिक अभ्यासहरू समावेश गरिएको छ । पाठ सात 'साने र ठूले' कथामा भूतकालको क्रियापदको सामान्य परिचय, भूतकालका क्रियापद, विभक्तिको सामान्य परिचय र विभक्तिहरू समावेश गरिएको छ । पाठ आठ 'कृषिमलको प्रयोग' प्रबन्धमा वर्तमान कालका क्रियापद प्रयोग गरिएका वाक्यहरू, अभ्यासहरू, करण वाक्यलाई अकरण वाक्यमा परिवर्तन भनी राखिएको छ । पाठ नौ 'दाजुलाई बहिनीको चिठी' मा सम्भावनार्थ वाक्यहरू, धातुबाट सम्भावनार्थ क्रियापद बनाउने र वर्तमान कालका

वाक्यलाई भूतकालमा परिवर्तन गर्ने भनी अभ्यास राखिएको छ । पाठ दश 'युमादेवीको अवतरण' कथामा पूर्ण पक्षको सामान्य परिचय, पूर्ण पक्ष जनाउने अभ्यास राखिएको छ । पाठ एघार 'सम्पत्तिभन्दा शिक्षा ठूलो' वादविवादमा लेख्य चिह्नहरूको प्रयोग, अपूर्ण पक्षको सामान्य परिचय, अपूर्ण पक्षका क्रियापदहरू र त्यसको प्रयोग अभ्यास राखिएको छ । पाठ बाह्र 'स्वाभिमानी मुख' कवितामा बर्तमान कालका क्रियापदहरू र नाम शब्दको टिपोट अभ्यास राखिएको छ । पाठ तेह्र 'युधिष्ठिरको परीक्षा' कथामा आज्ञार्थ क्रियापद प्रयोग भएका वाक्यहरू, धातुबाट आज्ञार्थ क्रियापद, वाक्यलाई आज्ञार्थमा परिवर्तन पाठबाट भूतकालका क्रियापद प्रयोग भएका वाक्यहरूको टिपोट, भविष्यत् कालको सामान्य परिचय, भविष्यत् कालका क्रियापद र भूतकालका क्रियापदलाई भविष्यत् कालमा परिवर्तन भनी अभ्यासहरू राखिएको छ ।

त्यस्तैगरी पाठ चौध 'लुइ पास्चर' जीवनीमा विभक्ति चिह्न प्रयोग भएका वाक्यहरू, सर्वनाम र विभक्ति चिह्नको प्रयोग, वाक्यलाई पूर्ण भविष्यत् कालमा परिवर्तन, पूर्ण भूतकालको प्रयोग गरिएको वाक्य राखिएको छ । पाठ पन्ध्र 'वातावरणको रक्षा' प्रबन्धमा वर्ण अक्षर र शब्दहरू त्यसको शुद्धोचारण, करण वाक्यलाई अकरण वाक्यमा परिवर्तन भनी अभ्यास राखिएको छ । पाठ सोह्र 'राष्ट्रिय विभूति शङ्खधर शाख्वा' जीवनीमा एक वचन र बहुवचनको सामान्य परिचय, पाठबाट एकवचन र बहुवचनका वाक्यहरू टिपोट, वाक्यलाई दुई किसिमले परिवर्तन भनी अभ्यास समावेश गरिएको छ । पाठ सत्र 'मानिस नै देवाता' कथामा अपूर्ण भूतलाई अपूर्ण वर्तमान र अपूर्ण भविष्यत् कालमा परिवर्तन, करण वाक्य र अकरण वाक्यको पहिचान भनी अभ्यास राखिएको छ । पाठ अठार 'कलाको महत्व' प्रबन्धमा लिङ्ग बदली वाक्य परिवर्तन, वचन बदली वाक्य परिवर्तन, क्रियापदलाई बहु वचनमा परिवर्तन, करण भए अकरण र अकरण भए करणमा परिवर्तन भनी अभ्यास समावेश गरिएको छ । पाठ उन्नाइस 'प्रधानाध्यापकलाई निवेदन' निवेदनमा पुरुषको सामान्य परिचय, पुरुष परिवर्तन, सर्वनामको प्रयोग र वाक्यलाई पूर्ण भूतकालमा परिवर्तन भनी अभ्यासहरू समावेश गरिएको छ । त्यस्तैगरी पाठ बीस अर्थात् आन्तिम पाठ श्रीकृष्णको पराक्रम कथामा वाक्य परिवर्तन, सर्वनाम शब्दहरूलाई वाक्यमा प्रयोग गर भनी अभ्यासहरू समावेश गरिएको छ ।

खासगरी कक्षा छको नेपाली पाठ्यपुस्तकमा जुन प्रकारले व्याकरणलाई स्थान दिइनुपर्ने हो त्यति दिइएको पाइँदैन । केबल पाठ्यक्रममा उल्लेख भएका व्याकरणका पक्षहरूलाई मात्र टिप्ने प्रयास भएको पाइन्छ । उक्त पाठ्यपुस्तकमा व्याकरणका पक्षहरू

जुन क्रमिक रूपमा हुनुपर्ने हो त्यस क्रमिक रूपमा पनि राखिएको छैन । यस पाठ्यपुस्तकमा भएका व्याकरणका पक्षलाई आगमनात्मक विधिबाट सिकाउने प्रयास गरिएको पाइन्छ । आगमनात्मक विधिअनुसार व्याकरण शिक्षण गर्दा व्याकरणका उदाहरण पहिले नै दिइन्छ । त्यसैका आधारमा सूत्र तयार गरिन्छ, साथै परिभाषा पनि दिइन्छ । ठिक त्यस्तैगरी कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणले आगमन विधिलाई अपनाएको देखिन्छ । मनोवैज्ञानिक सिकाइका सिद्धान्त अनुरूप सरलबाट जटिल, ज्ञातबाट अज्ञात, मूर्तबाट अमूर्ततर्फको शिक्षण सूत्रलाई अँगालेर व्याकरण शिक्षण गर्ने प्रयास गरिएको छ । जस्तैः शब्दवर्ग अन्तर्गतको नाम शब्दको धारणा बसाल्नका लागि पाठमा प्रयोग भएकै नाम शब्दहरूलाई दिइएको छ । त्यसैका आधारमा नाम शब्दको सामान्य परिचय दिइएको छ । पाठमा भएका नामहरू टिपोट गर्न भनी व्याकरणिक अभ्यासहरू पनि दिइएको छ । वर्तमान कालिन क्रियापदको धारणा बसाल्नका लागि पाठमै प्रयोग गरिएका क्रियापदहरूको प्रयोग गरी त्यसैका आधारमा वर्तमान कालको क्रियापदको सामान्य परिचय पनि दिइएको छ । त्यस्तैगरी सर्वनाम शब्दलाई बुझाउनका लागि पनि पाठमै प्रयोग गरिएका सर्वनाम शब्दहरू प्रयोग गरिएको छ र त्यसैका आधारमा सर्वनाम शब्दको सामान्य परिचय पनि दिइएको छ । विशेषणको बारेमा धारणा बसाल्नका लागि पाठमा प्रयोग गरिएका विशेषण शब्द प्रयोग गरिएको छ । त्यसैका आधारमा विशेषणको बारेमा सामान्य धारणा बसालिएको छ । यस पाठ्यपुस्तकमा नाम, सर्वनाम, विशेषण, क्रियापदका बारेमा सामान्य धारणा बसालिएको छ भने अव्यय शब्दलाई भने समावेश गरिएको छैन । त्यसैले पाठ्यक्रम बनाउँदा खासै ध्यान नदिएको आभाष हुन पुगेको छ ।

नेपाली व्याकरणमा सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ र सङ्केतार्थ गरी भावलाई पाँच भागमा वर्गीकरण गरिएको छ । यस पाठ्यपुस्तकमा भने भावका दुई प्रकारहरू सम्भावनार्थ र आज्ञार्थलाई मात्र समावेश गरिएको पाइन्छ । समावेश गरिएका यी दुई भावहरूको पनि परिचय र उदाहरण नदिई सिधैं वाक्य दिएर त्यसमा प्रयोग भएका क्रियापदहरूले सम्भावनार्थ र आज्ञार्थलाई बुझाएका छन् भनिएको छ । तिनीहरूको स्पष्ट परिभाषा वा तत्सम्बन्धी धारणा स्पष्ट नहुनु, प्रशस्त मात्रामा उदाहरणहरू नदिइनुले यस पाठ्यपुस्तकमा भएका कमजोरी पक्षहरू हुन् भन्न सकिन्छ । नेपाली व्याकरणमा प्रयोग हुने लेख्य चिह्नहरू विभिन्न प्रकारका हुन्छन् । यस पाठ्यपुस्तकमा पूर्ण विराम चिह्न (।), अल्प विराम चिह्न (,), उद्गार चिह्न (!) र प्रश्न सूचक चिह्न (?) गरी चार किसिमका लेख्य

चिह्नहरूको सामान्य जानकारी दिइएको छ । साथै कस्तो वाक्यहरू दिएर कस्तो अवस्थामा कुन लेख्य चिह्नको प्रयोग गरिन्छ, त्यसको बारेमा पनि सामान्य जानकारी दिइएको छ । यसमा वर्णविन्यासका बारेमा पनि सामान्य जानकारी मात्र दिइएको छ । कालका बारेमा छुट्टाछुट्टै पाठमा भूतकालको सामान्य परिचय, भूतकालका क्रियापदहरूको प्रयोग दिइएको छ । सामान्य, अज्ञात र अभ्यस्त पक्षको बारेमा कुनै पनि जानकारी दिइएको छैन । यसका साथै पूर्ण र अपूर्ण पक्षको सामान्य परिचय, धातुमा के प्रत्यय जोड्दा पूर्ण पक्ष र अपूर्ण पक्ष बन्दछ त्यसको बारेमा जानकारी दिई यसैसँग सम्बान्धित उदाहरणहरू र अभ्यासहरू दिइएको छ । भविष्यत् कालका बारेमा पनि पहिले भविष्यत् कालका क्रियापद प्रयोग भएका वाक्यहरू दिइएर भविष्यत् कालको सामान्य परिचय दिई भविष्यत् कालका रूपहरू प्रयोग भएका क्रियापदहरू दिइएको छ । अर्को पाठमा भविष्यत् कालका पक्षहरूमध्ये वाक्य दिएर पूर्ण भविष्यत् कालमा परिवर्तन गर्न दिइएको छ । पूर्ण भविष्यत् कालको परिचय, उदाहरणहरू दिइएको छैन ।

त्यस्तै गरी वचनका बारेमा पनि एक वचन र बहु वचनको सामान्य परिचय मात्र दिइएको छ भने उदाहरणहरूको आवश्यक मात्रामा प्रयोग गरिएको छैन । करण र अकरणका बारेमा पनि कुनै जानकारी दिइएको छैन । करण र अकरण छुट्याउन भनिएको छ । लिङ्गका बारेमा पनि परिचय नदिई पुलिङ्ग भए स्त्री लिङ्ग र स्त्री लिङ्ग भए पुलिङ्गमा वाक्य परिवर्तन गर्न दिइएको छ । पुरुषका बारेमा पनि पुरुषका रूपमा प्रयोग हुने शब्दको मात्र प्रयोग गरिएको छ । पुरुषको परिचय र उदाहरणहरूको प्रयोग गरिएको छैन । प्रथम, द्वितीय र तृतीय पुरुषका वाक्य बनाउन भनिएको छ । वाक्यलाई दुई किसिमले परिवर्तन गर्न भनी वाक्य दिइएको छ ।

यसरी व्याकरणात्मक विषयवस्तुको प्रस्तुति क्रम पूर्ण रूपले पाठ्यक्रम अनुरूप मिलाउने प्रयास गर्दागर्दै पनि कहीँ-कतै कमी-कमजोरी देखिएकाले छनोट र स्तरण पूर्ण रूपले मिलेको मान्न सकिँदैन । हुन त पूर्ण रूपले सबै कुराहरू मिलाउन विविध कारणले गर्दा कठिनाइ उत्पन्न हुन सक्छ । त्यसमा पनि यस पाठ्यपुस्तकमा रहेका कतिपय कमजोर पक्षहरूलाई सुधार गर्दै पाठ्यपुस्तकमा व्याकरणात्मक पक्षहरूको अभावलाई पूरा गर्न आवश्यकता अनुसारको व्याकरणात्मक पक्षहरू समावेश गरी तिनीहरूको परिचय र प्रशस्त उदाहरणहरू र अभ्यासहरूबाट विद्यार्थीहरूलाई सिकाउन सकेमा पाठ्यक्रम र

पाठ्यपुस्तकको तालमेल मिल्न गई नेपाली भाषा पाठ्यक्रमका तहगत विषयगत उद्देश्यहरू पूरा गर्न सकिन्छ ।

## ५.२ सुझाव

कक्षा छको वर्तमान नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अध्ययनको आधारमा अथवा यस शोधपत्र अध्ययन पश्चात् नीतिगत तहका लागि सुझावहरू, अभ्यास तहका लागि सुझावहरू र भावी अनुसन्धान सम्बन्धी सुझावहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :-

### ५.२.१ नीति निर्माण तहका लागि सुझाव

नीतिगत तहका लागि विभिन्न सुझावहरू दिनु आवश्यक रहेको छ । नीतिगत तहमा पनि कमीकमजोरीहरू देखापरेका छन् । ती कमीकमजोरीहरूलाई सुधार गर्न नीतिगत तहका निम्ति दिन सकिने सुझावहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :-

क) कक्षा छको वर्तमान नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधामा मूल पाठ र व्याकरण पक्षलाई परिपूरकका रूपमा अन्तरसम्बन्धित बनाई व्याकरणका विषयवस्तुहरू राख्नुपर्ने देखिन्छ ।

ख) विद्यार्थीहरूलाई अध्यापन कार्य गर्दा विद्यार्थी केन्द्रित शिक्षा नीति निर्माण गरी शिक्षक मार्गदर्शन र सहजकर्ताको रूपमा मात्र रहने गरी शिक्षा नीतिलाई व्यवस्थित रूपमा अगाडि बढाउनुपर्ने देखिन्छ ।

ग) परम्परागत शिक्षा प्रणालीलाई सुधार गरी विद्यार्थीको परीक्षा उपलब्धिलाई नतिजाको आधारमा मात्र जोड नदिई विद्यार्थीको भाषिक सीपलाई पनि ध्यान दिइनुपर्ने देखिन्छ ।

घ) पाठ्यक्रम निर्माण गर्दा विद्यार्थीको क्षमता अनुसार उनीहरूले बुझ्न सक्ने गरी आवश्यक मात्रामा व्याकरण विधा समावेश गर्ने खालका पाठ्यक्रम निर्माण गरी त्यसै अनुरूपको पाठ्यपुस्तक कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

ङ) सैद्धान्तिक भन्दा प्रयोगात्मक तथा प्राविधिक शिक्षातर्फ जोड दिने खालका शिक्षा नीति निर्माण गर्नुपर्दछ ।

च) शिक्षा नीति निर्माण गर्दा विद्यार्थीहरूले अर्न्तराष्ट्रिय तहमा प्रतिस्पर्धा गर्न सक्ने खालका नीति निर्माण गर्नुपर्दछ ।

छ) विद्यार्थीहरूलाई प्रारम्भिक कक्षादेखि नै नैतिक शिक्षा, देशभक्ति, आफ्नो धर्म, संस्कृतिप्रति गौरव गर्ने तथा सद्भाव जगाउने शिक्षा नीति निर्माण गर्नुपर्दछ ।

ज) वर्तमान पाठ्यपुस्तकमा विद्यार्थीको रुचि र जिज्ञासा बनाउने प्रकृतिका पाठ्यवस्तुको कमी देखिएकाले ती कमीलाई परिपूर्ति गर्ने खालका विषयवस्तु राख्नुपर्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तहका लागि सुझाव

विद्यार्थीहरूलाई अध्यापन गर्ने क्रममा उनीहरूलाई परम्परागत शिक्षा प्रणाली प्रयोग नगरी आधुनिक शिक्षा प्रणाली अपनाएर प्रशस्त मात्रामा विद्यार्थीहरू सहभागी गराई अभ्यासमूलक तथा व्यवहारिक शिक्षा दिनुपर्दछ । यसरी शिक्षण गरेमा विद्यार्थीहरू सक्रिय रूपमा अगाडि बढ्दछन् भने शिक्षकहरू मार्गनिर्देशक वा सहजकर्ताको रूपमा रहने गर्दछन् । यसरी शिक्षण गरेको खण्डमा शिक्षण सिकाइ रोचक, प्रभावकारी र दीर्घकालिन हुन जान्छ । विद्यार्थीहरूलाई सिकाइमा दक्ष बनाउनका लागि अभ्यासले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले पाठ्यपुस्तकमा व्याकरणीक अभ्यासहरू प्रशस्त मात्रामा राखिनु आवश्यक मानिन्छ । अभ्यास तहका लागि दिन सकिने सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

क) व्याकरण शिक्षणमा आगमनात्मक विधिलाई प्रोत्साहन दिँदै निगमन विधिलाई न्यूनिकरण गरी आगमन विधि अनुरूपको पाठ राख्दै व्याकरणका अभ्यासहरू सैद्धान्तिकभन्दा प्रयोगात्मक राख्नुपर्ने देखिन्छ ।

ख) व्याकरणका विषयवस्तुलाई पाठ्यपुस्तकमा सबै पाठका अभ्यास खण्डमा समान रूपमा राखिनु पर्दछ ।

ग) पाठ्यपुस्तकमा रहेका विषयवस्तुलाई आधार बनाई अभ्यास राखिनु पर्दछ ।

घ) व्याकरण विधाको अभ्यास विद्यार्थीको स्तर र क्षमताका आधारमा समतलीय र लम्बीय छनोट तथा स्तरण गरिनुपर्दछ ।

ङ) अभ्यासले सिकाइलाई पूर्ण बनाउँछ भन्ने कुरालाई जोड दिई सिकाइलाई व्याकरणिक अभ्यासमा बढीभन्दा बढी जोड दिइनु पर्दछ ।

च) व्याकरण विधाको अभ्यासको स्तरण गर्दा सरलबाट जटिल, मूर्तबाट अमूर्त, प्रत्यक्षबाट अप्रत्यक्ष र ज्ञातबाट अज्ञात जस्तो चक्रिय पद्धतिका आधारमा स्तरण गर्नुपर्ने देखिन्छ ।

छ) शिक्षणका क्रममा विद्यार्थीको सिकाइका लागि क्रमबद्ध शिक्षण उपयुक्त हुने हुँदा वर्तमान नेपाली पाठ्यपुस्तकमा क्रमबद्ध शिक्षण नभएको भेटिएकाले व्याकरणगत अभ्यासहरूलाई क्रमबद्ध रूपमा राख्नुपर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

हरेक पठनपाठन तथा अनुसन्धानहरू आफैँमा पूर्ण र आन्तिम हुँदैनन् । त्यसकारण यस अनुसन्धानका आधारमा व्याकरण विधासँग सम्बन्धित रहेर विभिन्न शीर्षक वा विषयमा थप अध्ययन तथा अनुसन्धान गर्न सकिन्छ । थप अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ता वा शोधार्थीहरूलाई निम्नलिखित शीर्षकमा केन्द्रित रही भावी अनुसन्धान सम्बन्धी दिन सकिने सुझावहरू यसप्रकार रहेका छन् :-

क) कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अध्ययन ।

ख) छनोट र स्तरणका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधाको अध्ययन ।

ग) व्याकरणिक अभ्यासका दृष्टिले कक्षा नौको भाषा पाठ्यपुस्तकको अध्ययन ।

घ) स्तरणका आधारमा आधारभूत तहको पाठ्यक्रम २०६९ अनुसार कक्षा ६, ७ र ८ को नेपाली पाठ्यपुस्तकको व्याकरण विधाको अध्ययन ।

ङ) कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण विधामा आगन्तुक शब्दको प्रयोग एक अध्ययन ।

च) कक्षा छमा अध्ययनरत नेवार भाषी विधाथीहरूले वर्ण विन्यास सम्बन्धी गर्ने त्रुटिको अध्ययन ।

छ) कक्षा पाँचमा अध्ययनरत गुरुङ भाषी विद्यार्थीहरूले नेपाली भाषाको व्याकरणात्मक कोटिमा गर्ने त्रुटिहरूको अध्ययन ।

ज) कक्षा सातमा अध्ययनरत मगर भाषी विद्यार्थीहरूले नेपाली भाषाको पदसङ्गतिमा गर्ने त्रुटिहरूको अध्ययन ।

झ) कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन ।

ञ) कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा आगन्तुक शब्दको अध्ययन ।

ट) कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणात्मक अभ्यासको अध्ययन ।